CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद् भगवद् गीता

समच्छन्दी नेपाली अनुवाद (पूर्वकथा र उत्तरकथासहित)



श्रीभद्र शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद् भगवद् गीता

समच्छन्दी नेपाली अनुवाद (पूर्वकथा र उत्तरकथासहित)

श्री नवराज कट्टेल ज्यूलाई सप्रेम

श्रीभद्र शर्मा

२१।११।०६२

अनुवादक

श्रीभद्र शर्मा

काठमाडौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❑ अनुवादक : श्रीभद्र शर्मा
काठमाडौं

❑ प्रकाशन : अनुवादक स्वयम्

❑ सर्वाधिकार : अनुवादकमा सुरक्षित

❑ संस्करण : प्रथम

❑ प्रति : १०००

❑ मूल्य : अनन्य भगवद्भक्ति

कम्प्युटर : उत्तम अधिकारी

मुद्रक : ए. बी. सेक्रेटरियल एण्ड प्रिन्टर्स प्रा. लि.
बज्रवीरमार्ग, बागबजार, काठमाडौं
फोन : ४-२४३९३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

ऋषिकल्प स्वर्गीय पिता डिट्ठा अंशुमाली उपाध्याय खनाल एवं सती साध्वी स्वर्गीय माता तारादेवी उपाध्याय खनालका पुण्यस्मृतिमा हार्दिक श्रद्धा एवं भक्तिका साथ ।

विनीत पुत्र
श्रीभद्र शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

श्रीभद्रशर्मालि लेखेको भगवद्गीताको अनुवाद मैले हेरें। नभःपतन्त्यात्मसमं पतत्त्रिणः - विशाल आकाशमा विभिन्न जातका पक्षीहरू आफ्नो आफ्नो परेवाको शक्ति अनुसार उडेझैं शब्दब्रह्मको अनन्त विश्वजस्ता विभिन्न प्रकारका अनेकौं मनीषीहरू आफ्नो आफ्नो बुद्धि वैभव अनुरूप श्रवण-मनन-निदिध्यासन-गरेर चिन्तविश्रान्ति गर्दछन्।

जुनै पनि विषयमा चिन्तनगर्दा एकाग्रता अवश्य चाहिन्छ यो विज्ञ जगत्मा प्रख्यात विषय हो। यही सन्दर्भमा धीरधीमनीषी शास्त्रमर्मवेत्ता श्रीभद्रशर्माबाट तत्सम छन्दमा भगवद्गीताको पद्यानुवाद भएकोछ, सरलताका साथ शास्त्रको सार उघ्रेकोछ। यसबाट संस्कृत पढेका वा नपढेका सर्वसज्जनहरूलाई भगवान्‌को दिव्योपदेश गीताको सार सर्वस्व बुझ्न सजिलो हुनेछ भन्ने मैले संझेकोछु।

आशिता गिर

विक्रमसंवत् २०६३
कार्तिक ११
अग्निहोत्रशाला मैसी

तीर्थराज दीक्षित आचार्य
सोमयाजी
उम्र नवतिवर्षीय (८९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो निवेदन

मैले गीताको समच्छन्दी यो अनुवाद केवल स्वान्त:सुखाय मात्र गरेको हुँ । त्यसभन्दा बाहेक अन्य कुनै प्रयोजन मेरो रहेको छैन । नेपालीमा समच्छन्दमा वा गद्यमा गीताको अनुवाद प्रशस्तै भएको छ र मलाई लाग्छ, कोमलनाथ अधिकारीदेखि लिएर आजसम्म समच्छन्दी अनुवाद निकै नै भै सकेका छन् र गद्यानुवाद त अझ कति कति । यस कारण मेरो यो प्रयास नयाँ र नौलो अवश्य होइन । गीताका यति धेरै अनुवादहरू नेपालीमा भैसकेपछि किन त फेरि नयाँ प्रयास भन्ने पनि प्रश्न उठ्न सक्छ । यसको खासै उत्तर मसँग छैन । हो, बिहान-बिहान गीता पाठ गर्ने गर्दा मनमा लहड आयो, अनुवाद गर्न बसेँ, बस । यो अनुवाद कस्तो भएको छ र समच्छन्दी श्लोकमा शब्दार्थ ठीक-ठीक मिलेको छ कि छैन भनेर हेर्ने त विद्वान् पाठकहरूकै काम हो । प्रयास गर्दागर्दै पनि कतिपय ठाउँमा त्रुटि हुन गएको हुन सक्छ । यदि त्यस्तो छ भने विद्वान्हरूले क्षमा दिनुहुनेछ र त्यसको सुझावसमेत दिनुहुने छ भन्ने आशा गर्दछु ।

यस अनुवादमा मैले गीताको अनुवादको प्रारम्भमा “पूर्वकथा” र समाप्तिमा “उत्तरकथा” भनेर अलिकति महाभारतको कथा पनि जोडेको छु । यो किनभने अर्जुनलाई भगवान् श्रीकृष्णले गीताको उपदेश दिंदा कुरुक्षेत्रको लडाइँको मैदानमा कौरव र पाण्डव सेनाको बीचमा अर्जुनको रथमा बसेर दिनुभएको छ । कौरव सेनामा सबै आफन्तमात्र देखेर अर्जुन लडाइँबाट विमुख हुन थालेकाले उनलाई युद्धमा अभिप्रेरित गर्न भगवान् श्रीकृष्णले गीताको उपदेश दिनुभएको हो । यतिसम्म त गीताबाटै पनि बुझ्न सकिन्छ । तर युद्धको कारण गीताले खोल्दैन । भाइ-भाइको बीचमा त्यत्रो लडाईंको कारण अवश्य हुनुपर्छ । यस कारणका बारेमा पनि स्पष्ट होओस् भन्ने अभिप्रायले यसो गरिएको हो । यस युद्धको कारण खोतल्दै जाँदा राजा शान्तनुसम्म पुग्नु आवश्यक पर्दो रहेछ । राजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तनुले आफूभन्दा समर्थ छोरो भैसकेका अवस्थामा यौटी बोटे (माझी) की छोरीप्रति त्यसरी लट्ठिन नपुगेको भए उनको उत्तराधिकारी देवव्रत नै राजा हुने थिए । अनि केको विवाद हुन्थो र ! त्यो भएन । रानी सत्यवतीका साथ शान्तनुको विवाह गराउने काम देवव्रतले नै गरे । सत्यवतीबाट दुई सन्तान भए । तर यौटा युद्धमा मारिएका र अर्को विवाहपछि ज्यादै स्त्रीलम्पट हुँदा राजयक्ष्माले, दुवै नि:सन्तान नै दिवङ्गत भए । यस अवस्थामा राजगद्दीको उत्तराधिकारी कोई नहुँदा रानी सत्यवतीले भीष्मलाई नै राजगद्दीमा बस्न भनिन् । तर भीष्मलाई आफ्नो जिद्दीले गर्दा उनको त्यो प्रस्ताव मान्य भएन । यदि त्यस बखत आमाको आज्ञा मानेर भीष्म राजगद्दीमा बसेको भए इतिहास अर्कैतिर मोडिएर जान्थ्यो र भाइ-भाइका बीचको यस्तो द्वन्द्वको अवस्थै नआउन सक्थ्यो । धृतराष्ट्रको अन्ध पुत्रमोह र दुर्योधनको अपूरणीय महत्त्वाकाङ्क्षा यस युद्धका प्रमुख र प्रत्यक्ष कारण हुन्– यो तथ्य त छँदै छ । तर अप्रत्यक्ष रूपमा भीष्म-पितामह पनि दोषमुक्त हुन सक्तैनन् । यसै कारण राजा शान्तनु र देवव्रत (भीष्म) लाई प्रसङ्गमा ल्याउन मैले पूर्वकथा पनि समावेश गरेको हुँ ।

जहाँसम्म उत्तरकथाको प्रश्न छ, यो लेखिराख्नु त्यति आवश्यक थिएन, तैपनि पूर्वकथा लेखिसकेपछि उत्तरकथा पनि समावेश गर्नु उचितै होला भनेर मात्र लेखेको हुँ । महाभारत युद्धपछि पाण्डवहरूले के गरे त ? भन्ने जिज्ञासा पनि उठ्न सक्छ नि । त्यसैले मैले अति संक्षेपमा उत्तरकथाको पनि चर्चा गरी पाण्डवहरूको स्वर्गारोहणसम्म पुगेर टुङ्ग्याएको छु । यहाँ यौटा के निवेदन गर्नु आवश्यक ठानेको छु भने हामी नेपालीले महर्षि व्यासको जन्म तनहुँको दमौलीमा भएको भन्ने मान्दै आएको र दमौलीमा डुङ्गा तार्ने काम बोटेहरूले गर्ने भएकाले मत्स्यगन्धा वा सत्यवतीलाई बोटे सर्दारकी छोरी बोटिनी भनिएको छ ।

अब चर्चा गरौं- अनुवादकै । अनुवादको चर्चा गर्नुभन्दा पहिले विद्वान् पाठकहरूमा के निवेदन गर्नु छ भने यस अनुवादमा अनुवादको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्था निम्न अनुसार गरिएको छ :-

१. सर्वप्रथम त उवाचलाई प्रसङ्ग मिलाएर यौटा सिङ्गो श्लोकको रूप दिइएको छ र भन्छन् भन्ने अर्थ उल्लेख गरिएको छैन ।

२. यौटा श्लोकको अर्थ भरसक यौटै श्लोकमा अटाउने प्रयास भएको छ । त्यस्तो सम्भव नभएको ठाउँमा यौटा श्लोकलाई अर्थको सान्दर्भिकता मिलाई दुइटा श्लोक बनाइएको छ, तर दुइटा श्लोक मिलाई तीन वटा श्लोक बनाउने काम भएको छैन ।

३. यौटै विभक्तिमा अटेका धेरै श्लोक रहेछन् भने त्यस्ता श्लोकलाई भने समग्रमा जति श्लोक छन् त्यति श्लोक बनाइएको छ । श्लोक संख्याअनुसार उत्ति श्लोकमा अर्थ नअटेमा यौटा सिङ्गो श्लोक थपिएको छ, तर अर्थलाई अपूर्ण छोडिएको छैन ।

४. यौटा श्लोकको अर्थ यौटै श्लोकमा अटाउनुपर्दा कतै कतै विशेषणहरू भने छोडिएका छन् ।

५. यो अनुवादमा भाषाको शैली भने मैले आफ्नै प्रकारको राख़ेको छु जो मानक नेपालीमा नमिल्न सक्छ । यसबाट पाठकहरूलाई कुनै अप्ठ्यारो पर्ने छैन भन्ने मेरो विश्वास छ ।

६. यो अनुवादका लागि मैले गीता प्रेस, गोरखपुरबाट प्रकाशित श्रीमद्भगवद्गीता (हिन्दी अनुवादसहित) बाट र अद्वैत संस्था, नेपालबाट प्रकाशित डा. क्षितीशचन्द्र चक्रवर्तीको गीतामृतबाट आवश्यक सहयोग लिएको छु र यी दुबै संस्थाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

७. यहाँ गीता पाठ गर्दा पाठ गरिने ध्यानका दुई श्लोक र गीता महात्म्य पनि समावेश गरिएको छ । तर तिनको अनुवाद गरिएको छैन र संस्कृतमै जस्ताको तस्तै राखिएको छ ।

८. यसमा कुनै कुरामा केही गल्ती हुन गएको भए त्यसमा विद्वान्वर्गवाट क्षमाका साथै सुझावसमेत मिल्ने छ भन्ने आशा राखेको छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब चर्चा गरौं-धन्यवाद ज्ञापनको :

१. मैले यहाँ सबैभन्दा पहिले मेरो भानिज दाजु तथा गुरु आहिताग्नि पं. तीर्थराज दीक्षित आचार्यमा सभक्ति धन्यवाद टक्र्याउनु आवश्यक छ । उहाँले आफ्नो ८९ वर्षको उमेरमा पनि मेराप्रति ठूलो अनुग्रह राखी आशीर्वादका २/४ शब्द लेख्न कलम चलाइदिनुभएको छ । त्यो उमेरमा पनि उहाँले यसरी कलम चलाइदिनु मेरो सानो सौभाग्य होइन । म उहाँका चरणकमलमा नतमस्तक हुँदै धन्यवादपूर्वक अभिवादन चढाउँछु ।

२. मैले यो अनुवाद गरेपछि यस विषयमा भाई रमेश खकुरेलसँग चर्चा गरेको थिएँ । उहाँले भन्नु भो– दाई, त्यो प्रेसमा जानुभन्दा पहिले मैले एक पटक हेर्न पाउँछु कि ? मेरो इच्छा पनि त्यस्तै थियो, उहाँलाई देखाएर मात्र प्रेसमा पठाउने । उहाँलाई मैले सोझै भन्न सकेको मात्र थिइन । उहाँको यो आग्रह त मेरा लागि के खोज्छस् काना ? आँखो भनेसरह नै थियो । मैले आग्रहसाथ भनें– तपाईंले हेर्ने मात्र होइन, यसमा मिले-नमिलेको पनि सबै राम्ररी हेरिदिनुपर्‍यो, पछि छापिंदा कुनै त्रुटि रहन नपाओस् । मेरो यो आग्रह उहाँले खुशीसाथ स्वीकार गर्नुभयो । मैले उहाँलाई यौटा कम्प्युटर प्रिन्टको कपी टक्र्याएँ । मेरो त्यो कम्प्युटर प्रिन्ट उहाँकहाँ लगभग एक महिनाजति नै रहन पुग्यो । त्यस बीचमा उहाँले यसमा जति मेहनत गरिदिनुभएछ, उहाँको त्यो जाँगर देख्ता मलाई स्वयं आश्चर्य लाग्यो । मैले अनुवाद गर्न बस्ता छन्दका प्रति त्यति बढी ध्यान दिएको थिइन । तर उहाँले त्यसमा गल्ती रहन नपाओस् भनेर जो मेहनत गरिदिनु भएको छ, त्यो सानो सहानुभूतिले हुने कुरो होइन । यति हुंदाहुंदै पनि प्रेसमा जाँदा कतै गल्ती रहन गएको रहेछ भने म रमेश भाइसँग र विद्वान् पाठकहरूसँग पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षमा माग्दछु । मेराप्रति त्यति गहिरो सहानुभूति राखेर उहाँले गरिदिएको मेहनत मैले बिर्सन सक्ने कुरो हुनै सक्तैन । म उहाँको यस अमूल्य सहयोगका लागि हृदयदेखि नै धन्यवाद टक्र्याउनुभन्दा बाहेक अरू के टक्र्याउन सक्छु र ? मेरो यस्तो धन्यवाद उहाँले सहर्ष स्वीकार गरिदिनुहोस् भन्ने मेरो इच्छा छ । धन्यवाद भाई रमेशजी, सस्नेह धन्यवाद !

३. यस प्रसङ्गमा मैले मेरा भतिज प्रा. डा. व्रतराज आचार्यमा पनि धन्यवाद टक्र्याउनुपर्छ । उहाँले मलाई प्रेसको छनौट र प्रेसमा शुद्धाशुद्धि हेर्ने काममा निकै सघाउनु भएको छ । शुद्धाशुद्धि हेर्ने काममा मात्र नभै अनेक कुरामा आवश्यक सल्लाह र सुझावद्वारा मलाई निकै उपकृत गर्नुभएको छ । मलाई लाग्छ, उहाँको यस्तो अमूल्य सहयोग नभएको भए यो किताव यस रूपमा निस्कन कठिन पर्थ्योहोला । म उहाँप्रति अत्यन्तै कृतज्ञ छु र कृतज्ञतासाथ हार्दिक धन्यवाद टक्र्याउनु आफ्नो कर्तव्य ठान्दछु । धन्यवाद बाबु व्रतराजजी, धन्यवाद !

४. अन्तमा, सफासँग कम्प्युटर गरिदिने उत्तम अधिकारी र मुद्रक ए.बी.एस. प्रिन्टर्स प्रा.लि.का शिवराज चापागाईं प्रति पनि साधुवाद ज्ञापन गर्दछु ।

श्रीपञ्चमी
९ माघ, २०६३

विनीत
श्रीभद्र शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भगवद् गीता

(समच्छन्दी अनुवाद)

पूर्वकथा:

हस्तिनापुरमा एक राजा शान्तनु नामका ।
थिए प्रतापी ती ज्यादै कुरुवंश-प्रदीपक ॥१॥

सिकार खेल्नका लागि निस्केथे ती कुनै दिन ।
देखे जङ्गलमा एक नारी अत्यन्त सुन्दरी ॥२॥

तिनको रूपमा राजा बने तत्काल मोहित ।
गई नजिकमा राखे प्रस्ताव त विवाहको ॥३॥

नारीले ता भनिन् राजन् रानी बन्न तयार छु ।
तर यौटा सर्त मेरो कबूल गरिबक्सियोस् ॥४॥

म जे भनौँला अथवा गरौँला त्यसमा कुनै ।
नाइँ-नास्ति हुनेछैन भन्ने वचन बक्सियोस् ॥५॥

थिइनन् ती कुनै नारी साधारण प्रकारकी ।
ती ता थिइन् स्वयं गङ्गा नारीको रूपधारिणी ॥६॥

उनको रूप देखेर बनेका अति मोहित ।
स्वीकारे उनको सर्त राजाले र खुसी हुँदै ॥७॥

राखेर रथमा राजा फर्के दर्बार तत्क्षण ।
भयो विवाह दुईको विधि-संस्कारपूर्वक ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथासमयमा जन्मे कुमार जब एक ता ।
तिनलाई त रानीले गङ्गामा लगी फाल्दिइन् ॥९॥

देखेर दृश्य यो राजा पुगे पर्न अचम्ममा ।
सकेनन् बोल्न क्यै राजा कुमार फ्याकिँदा पनि ॥१०॥

एवं रीत गए सात कुमार जलगर्भमा ।
आठौँ गर्भ जसै बैड्यो, त्यसलाई पनी जब ॥११॥

फाल्नै भनेर रानीले आँटेकी मात्र के थिइन् ।
असह्य भो र राजाले रोके तत्काल गैकन ॥१२॥

रानीले अनि राजामा गरिन् बिन्ती सबै कुरा ।
राजन् म साक्षात् गङ्गा हुँ, रानीका रूपमा यहाँ ॥१३॥

आएकी म थिएँ राजन् प्रार्थना वसुको सुनी ।
वशिष्ठको श्राप पर्‍यो वसुलाई कुनै दिन ॥१४॥

नररूप लिई जन्म लिनू गै मर्त्यलोकमा ।
त्यो श्राप टार्नका लागि आठै वसु मिलीकन ॥१५॥

मभए ठाउँमा आई थाले ती गर्न प्रार्थना ।
नारी रूप लिई गङ्गे हाम्री माता बनीदिनोस् ॥१६॥

अरूका गर्भमा जाऊँ कसरी लौ त भन्नुहोस् ।
वसुको प्रार्थना यस्तो अस्वीकार कहाँ गरुँ ॥१७॥

भनी आएँ बन्न पत्नी प्यारी हजुरकी यहाँ ।
राजन् हजुरका छोरा ती सबै वसु नै थिए ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रार्थना उनको अर्को त्यो नै पनि त सुन्नुहोस् ।
पृथ्वीमा बस्न नपरोस्, जन्मनासाथ फाल्दिनू ॥१९॥

मैले लगेर फाल्नाको थियो कारण ता त्यही ।
आठौं हजुरका पुत्र यी हुन् द्यौ नामका वसु ॥२०॥

यिनलाई त हे राजन् लामो जीवन बाँच्नु छ ।
लिएर जान्छु मै ऐले यिनलाई त साथमा ॥२१॥

हुर्काएपछि ता फेरि फर्काउँला हजूरमा ।
आज्ञा पाऊँ जानको लौ म बस्ने दिन सिद्धिए ॥२१॥

भनेर यति ती गङ्गा तत्कालै त्यहीं अल्पिइन् ।
बडो विष्मयले राजा हेर्दै यो त्यत्तिकै रहे ॥२२॥

लागे राजा कार्यविषे एकचित्त भईकन ।
राजा केही वर्षपछि घुम्नका लागि निस्किए ॥२३॥

घुम्दैघुम्दै जसै राजा पुगे गङ्गा-किनारमा ।
देखे अचम्म राजाले त्यहाँ यौटा विचित्रको ॥२४॥

गङ्गा-प्रवाह देखेनन् अघि जस्तो त्यहाँ कुनै ।
के भयो यो भनी साह्रै आश्चर्य हुन पो पुगे ॥२५॥

देखे यौटा बालकको खेल, देख्तै अचम्मको ।
धनु-काण लिई हान्दै थियो गङ्गा-प्रवाहमा ॥२६॥

त्यसै बालकको वाण-वर्षाले बाँध बन्न गै ।
थुनिएकी थिइन् गङ्गा बाँधले अवरुद्ध भै ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो बालक को होला भनी आश्चर्यमा परी ।
राजा टोलाउँदै गर्दा गङ्गा प्रत्यक्ष देखिइन् ॥२८॥

नारी-रूप थियो उन्को पुरानै त्यसले पनि ।
राजाले चिनिहाले ती गङ्गा रानी उनै भनी ॥२९॥

आई नजिकमा गङ्गा भन्न थालिन् सबै कुरा ।
राजन् बालक यो ता हो आठौं पुत्र हजूरको ॥३०॥

नासो हजुरको ठानी हुर्काएँ अब ता सँगै ।
लगिबक्से बेस होला म राखूँ किन लौ यहाँ ॥३१॥

विद्या धेरै सिकेको छ जति छन् शस्त्र-शास्त्रका ।
अरू बाँकी सबै विद्या सिक्ला अब वहीं गई ॥३२॥

राजालाई भनी यस्तो छोरालाई भनिन् पनि ।
तिम्रो पिता उहाँ नै हो, अब जाऊ पितासँगै ॥३३॥

छोरालाई लिई साथ गङ्गासँग विदा लिई ।
हस्तिनापुरमा फर्के राजा अति खुसी भई ॥३४॥

कुमारलाई देखेर हस्तिनापुरमा सबै ।
भए प्रसन्न र त्यहाँ ठूलो हर्षबढाइँ भो ॥३५॥

कुमारको थियो नाम देवव्रत त जन्मको ।
तर गङ्गा-पुत्र हुँदा गाङ्गेय पनि भन्दथे ॥३६॥

थाले राजा राज्य गर्न कुमार सँगमा लिई ।
शिक्षा दीक्षा सबै पूर्ण भयो राजकुमारको ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै दिन भयो इच्छा राजाको त विहारको ।
निस्के विहारका लागि गण्डकीका किनारमा ॥३८॥

देखे किनारमा एक नारी अत्यन्त सुन्दरी ।
राखेर यात्री डुङ्गामा गण्डकी पार तार्दथिन् ॥३९॥

सुवास उनको चारैतिर नै फैलिँदो थियो ।
गएर भेट्नका लागि राजाको मन्सुबा भयो ॥४०॥

पुगे वहीँ र डुङ्गामा बसे तर्न भनीकन ।
वारी पारी गर्न थाले त्यसै लक्ष्यविहीन भै ॥४१॥

बनेर लट्ठ राजा ती कन्या-रूप-सुवासले ।
गरे प्रस्ताव तत्कालै उनीसँग विवाहको ॥४२॥

सुनेर यस्तो प्रस्ताव कन्याले तत्क्षणै भनिन् ।
बाबा छन् घरमा राजन् बोटेका सरदार हुन् ॥४३॥

म ता छोरी भएकीले अधीन उनकै त छु ।
गएर घरमा राजन् उनैसँग कुरा गरौँ ॥४४॥

बाबा दिन्छन् यदि भने मैले के भन्नुपर्छ र ।
सुनेर यस्तो वचन कन्यालाई लिई सँगै ॥४५॥

पुगे राजा वहीँ झट्ट जहाँ सर्दार बस्तथे ।
भने सर्दार लौ आएँ कन्याखातिर नै यहाँ ॥४६॥

तिम्री छोरी बनून् रानी विवाह मसँगै गरी ।
भन्ने इच्छा भयो मेरो के भन्छौ अब लौ भन ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर सर्दारले राखे सर्त यौटा भयङ्कर ।
हस्तिनापुरको राजा मेरो नाती बनोस् भनी ॥४८॥

यस्तो सर्त सुनी राजा ठूलो चिन्तनमा परे ।
छोरालाई झट्ट सम्झे राज्यको अधिकार त ॥४९॥

उसैको हो म कसरी अब त्यो खोस्न सक्छु र ।
भन्ने लाग्यो र मनमा निराश भइ फर्किए ॥५०॥

चिन्ताग्रस्त भई राजा एकान्त स्थलमा पुगे ।
खानु-खुट्नु सबै बन्द हुन गो उनको अब ॥५१॥

देखेर बाबुको चाला कुमार पनि चिन्तित ।
बनेर खोजे त्यसको बुझ्न लौ सब कारण ॥५२॥

मन्त्री र सारथीबाट थाहा पाई सबै कुरा ।
विलम्ब नगरी कत्ति बोटेका घरमा पुगे ॥५३॥

भने सर्दार लौ आएँ तिम्री कन्या लिनै भनी ।
अहिले नै म लैजान्छु पिताका निम्तिमा सँगै ॥५४॥

यसका निम्ति जे जस्तो सर्त तिम्रो भए पनि ।
म त राजा हुनेछैन जान यो सत्य हो भनी ॥५५॥

सुनेर यस्तो वचन प्रसन्न मनले हुँदै ।
तेर्स्याए उनले यौटा नयाँ सर्त तुरुन्त नै ॥५६॥

होलान् प्रभो हजुरका सन्तान उनले त झन् ।
धर्लान् दागा र आएर खोस्ने छन् राज्य नै सबै ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाय यसको केही बताइबक्सियो भने ।
टक्र्याउनेछु कन्या यी शङ्का कत्ति नहोस् प्रभो ॥५८॥

बोटे सर्दारको यस्तो सुनी सर्त तुरुन्त नै ।
कुमारले गरे भीष्म प्रतिज्ञा सबसामुमा ॥५९॥

सुनून् सबै जन यहाँ प्रतिज्ञा जो म गर्दछु ।
आजीवन म बस्ने छु ब्रह्मचारी बनेर नै ॥६०॥

यस्तो भीष्म प्रतिज्ञाले गर्दा नै लोकमा अब ।
सबैमा उनको नाम पुग्यो रहन भीष्म नै ॥६१॥

आमाका रूपमा मानी राखेर रथमा सँगै ।
कन्या लिई गए भीष्म बाबुका निम्तिमा भनी ॥६२॥

भए प्रसन्न राजा ती छोराका व्यवहारले ।
आशीर्वाद दिए झट्ट चिरायु रहनू भनी ॥६३॥

आशीर्वाद थपे अर्को इच्छामरणको पनि ।
पिता प्रसन्न देखेर देवव्रत खुसी भए ॥६४॥

राजा शान्तनुका केही बिते दिन रमाइला ।
जन्मे यसैबीच दुई पुत्ररत्नहरू पनि ॥६५॥

चित्राङ्गद रह्यो नाम जेठा राजकुमारको ।
विचित्रवीर्य हुन गो कान्छाको त त्यसै गरी ॥६६॥

पाई दुई पुत्रहरू रानी सत्यवती पनि ।
ज्यादै खुसी बन्न पुगिन् थियो बेला त हर्षको ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बढे हुर्के जब दुवै भयो बेला पढाइको ।
पाए शिक्षा पनि सबै विद्या शस्त्र र शास्त्रको ॥६८॥

यस्तै नै हर्षका बेला राजा शान्तनुले पनि ।
विदा लिए लोकबाट दिवङ्गत भए तिनी ॥६९॥

चित्राङ्गद बने राजा हस्तिनापुरको अब ।
रानी सत्यवती चाहिँ परामर्श दिने भइन् ॥७०॥

संरक्षक बने भीष्म हस्तिनापुर राज्यको ।
चल्न थाल्यो राजपाठ सबै नै विधिपूर्वक ॥७१॥

नयाँ राजा पनि थिए शूर वीर पराक्रमी ।
जिते चारैतिर सबै जो जो राजा त्यहाँ थिए ॥७२॥

उनको कीर्ति फैलेर पुग्यो गन्धर्वलोकमा ।
चित्राङ्गदै थियो नाम गन्दर्भराजको पनि ॥७३॥

अर्को कोई बनोस् राजा उनको नामतुल्यको ।
भएन यो सह्य अब उनलाई कसै पनि ॥७४॥

सुन्नासाथै पुगे राजा हस्तिनापुरमा अनि ।
दिए हाँक ल आ लड्न यदि वीर तँ होस् भने ॥७५॥

हस्तिनापुरका राजाले सुने हाँक यो जब ।
भएन सह्य र पुगे भन्न पाजी ल आ लडौं ॥७६॥

मल्ल युद्ध चल्यो घोर दुईका बीचमा जब ।
लामो युद्ध गरी राजा चित्राङ्गद त मारिए ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चल्यो हाहाकार अनि हस्तिनापुरमा जब ।
हस्तिनापुरको राजा विचित्रवीर्य नै बने ॥७८॥

थिए उनी पनि निकै शूर वीर-पराक्रमी ।
जिते राजा सबैलाई सजिलै उनले पनि ॥७९॥

हस्तिनापुरको राज्य सुचारु रूपमा चल्यो ।
संरक्षक थिए दाजु चिन्ता नै अब के थियो ॥८०॥

विवाहको समय भो राजाको जब भीष्मले ।
थाले चिन्ता लिन अनि कहाँ गर्ने भनीकन ॥८१॥

यत्तिकैमा त्यहाँ आयो यौटा खबर यो नयाँ ।
काशीका राजकन्याको स्वयंवर हुँदै छ रे ॥८२॥

पुगिहाले त्यहाँ भीष्म एक्लै नै रथमा चढी ।
थियो त्यहाँ निकै भीड राजा-राजकुमारको ॥८३॥

इच्छा राख्थे सबै आफैंलाइ कन्याहरू बरून् ।
तीनओटा थिए छोरी काशीराज नरेशका ॥८४॥

जेठी अम्बा थिइन् त्यस्तै माहिली अम्बिका थिइन् ।
अम्बालिका थियो नाम कान्छीको पनि सुन्दर ॥८५॥

त्यसै दिन सबैको नै स्वयंवर हुँदै थियो ।
निस्केथे जब ती कन्या पुगे भीष्म अगाडि नै ॥८६॥

बलात् राखेर रथमा सबैलाई लिई हिँडे ।
यसले सब राजामा खैलाबैला त मच्चियो ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुष्ट भै सब राजा ती दौडिए भीष्मका पछि ।
दिन थाले हाँक त्यहाँ उनलाई सबै मिली ॥८८॥

चोरले झैँ गरी कन्या चोरेर किन भाग्दछस् ।
भए तागत आ पाजी युद्धमा नै भिडौँ अब ॥८९॥

सुने यस्तो हाँक जब भीष्मलाई असह्य भो ।
फर्के राजाहरूतर्फ भयो युद्ध भयङ्कर ॥९०॥

राजाहरू सबैलाई हराई युद्धमा अनि ।
तीनै जना लिई साथ हस्तिनापुर फर्किए ॥९१॥

भाइलाई भने राजन् कन्या काशी-नरेशका ।
ल्याएको छु गई मैले अब चाँडो विवाह होस् ॥९२॥

हुन थाल्यो जब त्यहाँ तयारी त विवाहको ।
पुगेर भीष्मका सामू अम्बाले त यसो भनिन् ॥९३॥

मैले बरिसकेकी छु शाल्वलाई मनै मन ।
मैले कसरि बर्ने लौ अब अर्को नयाँ वर ॥९४॥

आँफै हजुर नीतिज्ञ तथा धर्मज्ञ नै पनि ।
म नारी अबलाले ता के भनूँ लौ विचार होस् ॥९५॥

यस्तो वचन अम्बाको सुनेर भीष्मले पनि ।
लिई राय सबैको नै उनलाई त छोड्दिए ॥९६॥

यौटी गए पनि त्यहाँ दुईटी त छँदै थिए ।
विवाहका कुराले ती दुवै अति खुसी भए ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचित्रवीर्यका साथ दुइटैको विवाह भो ।
विवाहले नगरमा सबै जन खुसी भए ॥९८॥

विचित्रवीर्य पहिले धर्मात्मा अति नै थिए ।
विवाहका पछि भने कामात्मा बन्न पो पुगे ॥९९॥

स्त्रीलम्पट हुँदा ज्यादै उनको स्वास्थ्य बिग्रियो ।
विस्तारै राजयक्ष्माले उनलाई त पक्रियो ॥१००॥

भयो निधन राजाको त्यसैबाट तुरुन्त नै ।
कुनै सन्तान नहुँदै रानी ती विधवा भए ॥१०१॥

हस्तिनापुरको गद्दी खाली हुन गयो जब ।
फैलियो सबमा चिन्ता राजा ख्वै को हुने अब ॥१०२॥

अभिभावक राजाको रानी सत्यवती थिइन् ।
सबैभन्दा बढी चिन्ताग्रस्त ऐले उनै भइन् ॥१०३॥

बोलाई भीष्मलाई नै भनिन् राजा तिमी बन ।
नभए को हुने राजा तिमी बाबू स्वयं भन ॥१०४॥

मानेनन् भीष्मले आफ्नो प्रतिज्ञा तोड्न ता कसै ।
हस्तिनापुरमा फैल्यो हाहाकार त्यसै त्यसै ॥१०५॥

भने सत्यवतीलाई माता यौटा उपाय छ ।
आज्ञा हुन्छ भने माता अहिले नै म भन्दछु ॥१०६॥

सुनी कुमारको यस्तो मीठो वचन झट्ट नै ।
सोध्न थालिन् सत्यवती के हो त्यो अब लौ भन ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचित्रवीर्यका रानीहरूले नै कुनै अब ।
कुलीन वर बोलाई जन्माउन् पुत्र उत्तम ॥१०८॥

सुनेर भीष्मको यस्तो सुझाव अति दङ्ग भै ।
भन्न लागिन् सत्यवती यौटा गुह्य म भन्छु है ॥१०९॥

उहिलेको कुरा हो यो गण्डकी तीरमा बसी ।
डुँगा म तार्दथें बाबु त्यहाँ जो यात्रु आउँथे ॥११०॥

डुँगा तर्न भनी आए पराशर कुनै दिन ।
ठूला ऋषि भनी राखें डुँगामा तार्न सादर ॥१११॥

तार्दै थिएँ तर उनी भएछन् कामआतुर ।
सम्भोगको गरे इच्छा डुँगामा नै बसीबसी ॥११२॥

नमानूँ श्राप देलान् कि भन्ने डर निकै भयो ।
मानूँ भने त्यहाँ देख्ने वारीपारी सबै थिए ॥११३॥

मेरो सङ्कोच ऋषिले बुझेछन् र तुरुन्त नै ।
कुहिराको गरे सृष्टि अन्धकार त्यहाँ भयो ॥११४॥

गरे सम्भोग ऋषिलें इच्छामाफिकको अनि ।
भने यौटा पुत्ररत्न होला तिम्रो तुरुन्त नै ॥११५॥

जन्मनासाथ हिँड्नेछ तपस्या गर्न ऊ कतै ।
तिम्रो पनि त कौमार्य रहनेछ यथावत ॥११६॥

तिम्रो शरीरमा माछाको गन्ध अघि जो थियो ।
हट्न गै अब बन्नेछ शरीर त सुगन्धित ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशीर्वाद दिई यस्तो गएथे ऋषि ता जसै ।
जन्मिहाल्यो पुत्र पनि यौटा सुन्दर तत्क्षण ॥११८॥

जन्मनासाथ उसले भन्यो माता म ता गएँ ।
सम्झिबक्स्यो भने माता दाखिला म हुनेछु है ॥११९॥

भन्दछन् नाम उसको द्वैपायन भनी सबै ।
वेदव्यास कोही भन्छन् बोलाऊँ कि उसैकन ॥१२०॥

सुनी वचन आमाको अति दङ्ग परीकन ।
भन्दछन् भीष्मले माता लौ चाँडो गरिबक्सियोस् ॥१२१॥

आमाले सम्झनासाथ ऋषि व्यास तुरुन्त नै ।
आई बिन्ति गरे माता हाजीर म भएँ भनी ॥१२२॥

सिंहासन भयो खाली उद्धार यसको गर ।
यसैका लागि हो मैले सम्झेको अब जे गर ॥१२३॥

विचित्रवीर्यका रानीहरूबाट तिमी अब ।
जन्माऊ पुत्र, हे पुत्र ! कत्ति बेर नहोस् अब ॥१२४॥

सुनी सत्यवतीको यो आज्ञा ती व्यासले अनि ।
भन्न थाले अहो माता यो ता कठिन काम हो ॥१२५॥

मातृ-आज्ञा भनी ठानी काम यो गरुँला तर ।
बेला त यो भलो छैन म फेरि पछि आउँला ॥१२६॥

विलम्ब गर्न मानेन रानीको मनले जब ।
भन्न थालिन् उनी बावू, जे गर्ने आज नै गर ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातृ-आज्ञा सुनी यस्तो इच्छा नै नभए पनि ।
जनाउनै पर्‍यो हारी आफ्नो स्वीकृति तैपनि ॥१२८॥

भने माता हजुरको इच्छा पूरा हवस् भनी ।
आउँला म भरे माता रानी तैयार भैरहून् ॥१२९॥

सुनी सत्यवती यस्तो मीठो वचन व्यासको ।
अह्राइन् अम्बिकालाई तिमी तैयार भै बस ॥१३०॥

यथासमयमा आए व्यास दर्बारमा जसै ।
पुर्‍याइए उनी सोझै रानी-शयन कक्षमा ॥१३१॥

व्यासको नै प्रतीक्षामा थिइन् ती अम्बिका पनि ।
तर देख्तै व्यासलाई भयले नेत्र चिम्लिइन् ॥१३२॥

गर्भाधान-क्रिया सारा सकेर व्यास निस्किए ।
सोधिन् सत्यवतीले गै बाबू भन कसो भयो ॥१३३॥

ठीकै भयो अरू सबै तर यौटा खराब भो ।
रानीले चिम्लिँदा आँखा पुत्र अन्धो हुने भयो ॥१३४॥

यथासमयमा राजकुमार जब जन्मिए ।
ज्ञात भो लौ सबैलाई उनी जन्मान्ध नै थिए ॥१३५॥

रानी सत्यवतीलाई सन्तोष नहुँदा पुनः ।
सम्झिइन् व्यासलाई नै दोस्रो पुत्र हवस् भनी ॥१३६॥

विचित्रवीर्यकी अर्की रानी अम्बालिका थिइन् ।
उनीबाटै एक अर्को पुत्र पैदा हवस् भनिन् ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकेनन् काट्न आमाको आज्ञा त्यो व्यासले जब ।
अघि जस्तै पुगे फेरि व्यास अम्बालिका कहाँ ॥१३८॥

खुलै थिए नेत्र तर चेहरा त विरूप भो ।
आमालाई भने माता अरू ता सब बेस भो ॥१३९॥

विवर्णकी हुन पुगिन् रानी अम्बालिका पनि ।
त्यसैले अबको पुत्र पाण्डुरोगी हुने भयो ॥१४०॥

रानी दुईबाट दुई पुत्र ती जन्मिए पनि ।
रानी सत्यवतीको ता बुझेन मन तैपनि ॥१४१॥

अम्बिकाबाट नै अर्को जन्मोस् निर्दोष बालक ।
भन्ने इच्छा गरी फेरि सम्झिइन् व्यासलाई नै ॥१४२॥

आमाले सम्झनासाथ आए व्यास त्यहाँ जब ।
आफ्नो इच्छा भन्न थालिन् रानी सत्यवती पनि ॥१४३॥

बाबू तिम्रो कृपाले नै जन्मे है पुत्र ता दुई ।
दुवै खोटी भए बाबू, यौटा अब जनी गर ॥१४४॥

बोलाई अम्बिकालाई अह्राइन् अब लौ तिमी ।
तयार बस हे रानी ! आउने छन् भरे उनी ॥१४५॥

सुनी वचन सासूको सम्झिई रूप व्यासको ।
डराउँदै उनी फर्किन् भइन् के गरुँ के गरुँ ॥१४६॥

पुगेर कक्षमा आफ्नो दासीसित कुरा गरिन् ।
आउँदैछन् भरे व्यास म ता सक्तिन जान लौ ॥१४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो सट्टा तिमी जाऊ लौ सखी जनि यो गर ।
मेरा यी वस्त्र लाऊ र लाऊ यी गहना पनि ॥१४८॥

बनी दुरुस्त मसरी तिमी जाऊ र हे सखी ।
रिझाऊ व्यासलाई र पुत्र प्राप्त तिमी गर ॥१४९॥

अम्बिकाका वचन यी सुनी दासी खुसी हुँदै ।
अम्बिका नै बनी आफू प्रतीक्षा व्यासको गरी ॥१५०॥

आए राती जब व्यास दासीले खूब स्वागत ।
गरी शयनमा राखी बसी पर्खेर साथमै ॥१५१॥

व्यासले पनि सम्भोग गरे खूब प्रसन्न भै ।
थिई दासी तर पनि हुन पाएन क्यै कमी ॥१५२॥

अम्बिकाको छल बुझ्झे व्यासले पनि तत्क्षण ।
सम्भोग सकिनासाथै दासीलाई उठाउँदै ॥१५३॥

भने यो व्यासले- दासी ! गर्भाधान भयो अब ।
पुत्र होला बडो विद्वान् धर्मात्मा नीतिवान् पनि ॥१५४॥

आजबाटै भयो मुक्ति तिम्रो दासत्वको पनि ।
जाऊ अब तिमी देवी! ढुक्क भै घरमै बस ॥१५५॥

दासीलाई भनी यस्तो व्यास बाहिर निस्किँदा ।
आमालाई देखिहाले प्रतीक्षामा थिइन् उनी ॥१५६॥

अम्बिकाको छल सबै बेलीविस्तारले भनी ।
बताए पुत्रका बारे होला विद्वान् गुणी भनी ॥१५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी जन्मिए तीन कुमार दरबारमा ।
धृतराष्ट्र भए जेठा अम्बिकापुत्र ती अनि ॥१५८॥

अम्बालिकापुत्र भए माहिला पाण्डु नै पनि ।
बने विदुर कान्छा ती दासीपुत्र भए पनि ॥१५९॥

पाए शिक्षा सबैले नै भीष्मको रेखदेखमा ।
शस्त्रविद्या शास्त्रविद्या जाने बाँकी रहेन क्यै ॥१६०॥

गान्धारीका साथ भयो विवाह धृतराष्ट्रको ।
कुन्ती, माद्री हुन गए रानी ती पाण्डुका पनि ॥१६१॥

धृतराष्ट्र हुँदा अन्धा जेठो छोरा भएपनि ।
राज्याधिकार पाएनन् राजा ता पाण्डु पो बने ॥१६२॥

पाण्डु राजा बनेकामा कुँढियो मन तैपनि ।
धृतराष्ट्र रहे मौन सकेनन् बोल्न क्यै पनि ॥१६३॥

पाण्डु राजा थिए वीर त्यस्तै धीर पराक्रमी ।
निस्के विजययात्रामा चारैतिर जिते सबै ॥१६४॥

बटुली धन-सम्पत्ति हात्ती घोडा र दौलत ।
फर्कंथे जब राजा ती बने है सब हर्षित ॥१६५॥

खुसी खुसी प्रजा पाली गरे क्यै दिन शासन ।
इच्छा सिकारको जाग्दा वन जाने भयो मन ॥१६६॥

सुम्पिए दाजुलाई नै राज्यको कार्यभार र ।
रानी दुवै लिई साथ हिंडे निश्चिन्त भैकन ॥१६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रमाई वनमा राजा डुल्दा घुम्दा कुनै दिन ।
देखे मृग-मृगीसाथ व्यस्त मैथुन कर्ममा ॥१६८॥

इच्छा भएछ मार्नाको पाँच वाण झिकीकन ।
भाले पोथी दुवैलाई हाने ताकेर तत्क्षण ॥१६९॥

मार्‍यो बाबा शत्रुले लौ भनी मानव वाक्यमा ।
कराएथ्यो मृग जसै राजा ता छक्क पो परे ॥१७०॥

के हो यस्तो भनी राजा पुगे मृग नजीकमा ।
भन्न थाल्यो मृग पनि राजा ! पापी तिमी त ह्वौ ॥१७१॥

हामी थियौं दुवै मस्त आफ्नै सम्भोग कर्ममा ।
देख्तादेख्तै अहो राजन् ! चलायौ वाण के गरी ॥१७२॥

राजा तिमी छौ नीतिज्ञ नीतिका के भनूँ कुरा ।
यस्तो बेला मार्नुहुन्न शत्रुलाई पनि कसै ॥१७३॥

म यौटा ऋषिको छोरो मेरो किन्दम नाम हो ।
इच्छा जाग्दा मैथुनको आएथें मृग रूप भै ॥१७४॥

पत्नी आफ्नी साथ लिई डुल्थें स्वच्छन्द भै यतै ।
मार्‍यौ हामी दुवैलाई यसरी किन दुष्ट भै ॥१७५॥

ब्रह्महत्या त लाग्वैन मार्‍यौ मृग भनीकन ।
तर राजन् मृत्यु होला तिम्रो पनि यसै गरी ॥१७६॥

पाण्डुलाई दिई यस्तो श्राप किन्दम गैगए ।
पाण्डुलाई पर्‍यो चिन्ता त्यसै विह्वल भैगए ॥१७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुगी आश्रममा रानीहरूलाई सबै भने ।
के गर्ने के नगर्ने भो भविष्य मनले गुने ॥१७९॥

पुत्रहीन थिए राजा थिएन कोइ सन्तति ।
ऋषिका श्रापले गर्दा अब झन् नहुने भए ॥१७९॥

अपुत्रस्य गतिर्नास्ति भन्ने जो शास्त्र वाक्य हो ।
जब सम्झे मनमनै पछुताउ निकै भयो ॥१८०॥

रानी दुई साथमै छन् छैनन् सन्तान ता कुनै ।
होलान् भविष्यमा आशा रहेन अब त्यो पनि ॥१८१॥

यस्तै चिन्ताग्रस्त हुँदा राजा कुन्तीकहाँ पुगे ।
भन्न थाले महारानी ! छोरो यौटा त चाहियो ॥१८२॥

कुनै पुरुष बोलाई गर्भाधान गराउ लौ ।
नत्र हाम्रो स्थान हुन्न पछि गै स्वर्गमा पनि ॥१८३॥

चिन्ता बुझेर राजाको बुझी सब परिस्थिति ।
रानी कुन्ती भन्न थालिन् राजामा सान्त्वना दिँदै ॥१८४॥

मेरो बाल्य अवस्थामै दुर्वासा ऋषि आउँदा ।
मेरा पिताले उनको सेवाका लागि ता स्वयम् ॥१८५॥

मलाई नै भन्नुभयो गई सेवा गरैँ खुबै ।
सेवाले रिझिई यौटा मलाई मन्त्र दीकन ॥१८६॥

भने हे बालिके! राख मन्त्र यो त अमोघ छ ।
यसले सम्झिँदा बाले भैहाल्ला ऊ उपस्थित ॥१८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले त्यो मन्त्र साँचेर राखेकी छु महामते ।
आज्ञा हुन्छ भने डाक्छु म स्वयं धर्मराज नै ॥१८८॥

पतिबाट मिल्यो आज्ञा प्रसन्न मनले जब ।
कुन्तीले सम्भिइन् धर्म उनी तत्काल भुल्किए ॥१८९॥

गर्भाधान गराएर धर्मराज विदा भए ।
यथा समयमा पुत्र युधिष्ठिर त जन्मिए ॥१९०॥

यौटा पुत्र हुँदा मात्र नबुझी पाण्डुको मन ।
कुन्तीलाई भने रानी लौ अर्को पनि जन्म द्यौ ॥१९१॥

यसपल्ट त कुन्तीले सम्भिइन् वायुदेव नै ।
गर्भाधान गराएर छोडे ती वायुले पनि ॥१९२॥

द्वितीय पुत्र ता भीम भए लोकपराक्रमी ।
जन्मदै डरलाग्दा ती थिए नामानुसार नै ॥१९२॥

अपुत्रका पुत्र दुई भएर पनि पाण्डुको ।
बुझेन चित्त र कसै कुन्तीलाई गई भने ॥१९३॥

बुझेन चित्त हे प्यारी दुई छोरा हुँदा पनि ।
यौटा अर्को जन्म देऊ तीन छोरा बनून् अब ॥१९४॥

इन्द्रलाई सम्भिइन् है कुन्तीले यसपल्ट त ।
इन्द्र आएर सम्भोग गरेर स्वर्गमै गए ॥१९५॥

जन्मे अर्जुन राजाको तेस्रो छोरो बनीकन ।
इन्द्र जस्तै थिए ती त अति ठूलो पराक्रमी ॥१९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन्तीबाट भए तीन छोरा अतिपराक्रमी ।
खोज्यो आमा बन्नलाई माद्रीको मनले पनि ॥१९८॥

इच्छानुसार माद्रीको आज्ञाले पतिको पनि ।
कुन्तीले सम्भिभ्फइन् फेरि कुमार अश्विनी भनी ॥१९९॥

दुवै भाई सँगै आई गर्भाधान गरी गए ।
भाग्यमानी थिइन् माद्री जुम्ल्याहा पुत्र जन्मिए ॥२००॥

यौटा नकुल भो नाम अर्को ता सहदेव भो ।
पाँच भाइ हुँदा छोरा पाण्डुको मन ढुक्क भो ॥२०१॥

गान्धारीका पनि भए सय पुत्र उतातिर ।
धृतराष्ट्र बने ढुक्क, भएन अब क्यै पिर ॥२०२॥

वनमा नै थिए पाण्डु तपस्या गर्नमा रत ।
पाँच भाइ लिई छोरा दुई पत्नीहरूसित ॥२०३॥

कुनै दिन गए पाण्डु माद्रीका सँगमा वन ।
माद्रीका अङ्ग देखेर भयो चञ्चल त्यो मन ॥२०४॥

कामका वेगमा बिर्से ऋषिको श्राप जो थियो ।
माद्रीका सँगमा पाण्डु सम्भोग गर्न तम्सिए ॥२०५॥

ऋषिश्राप बन्यो सत्य हुन्थ्यो भ्फुट्टा कसो गरी ।
माद्री थालिन् रुन अहो ! चिन्ता-सागरमा परी ॥२०६॥

चर्को रोदन माद्रीको कुन्तीले सुनिथिन् जब ।
के बित्यास पऱ्यो भन्दै दौडी कुन्ती त्यहीं पुगिन् ॥२०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर पाण्डुको हाल कुन्ती मूर्च्छा त्यहीँ परिन् ।
माद्रीले पनि झन् बढ्ता शोक-सन्ताप नै गरिन् ॥२०८॥

त्यहीँ जम्मा भए सारा वनमा जति जो थिए ।
दाहसंस्कारका लागि तयार सब भैगए ॥२०९॥

सती जाने कुरा आयो को हो जाने भनी जब ।
कुन्तीले ता गरिन् दाबी मेरै हो हक यो भनी ॥२१०॥

माद्री पनि कहाँ छोड्थिन् सती जाने कुरा त्यसै ।
भनिन् मसित सम्भोग गर्दा नै मृत्युका मुख ॥२११॥

राजा पर्नु परेकाले मेरो नै हुन्छ त्यो हक ।
म नै जान्छु सती ऐले मैले नै स्वर्गमा पनि ॥२१२॥

अपूर्ण इच्छा राजाको सबै नै पूर्ण गर्नु छ ।
मलाई नै मिल्नुपर्छ यस्तो सौभाग्य ता अब ॥२१३॥

जम्मा थिए ऋषिहरू भयो छल्फल बेसरी ।
भयो ठहर माद्री नै जाऊन् आज सती भनी ॥२१४॥

कुन्तीले ता बसी याहीँ पुत्रपालन गर्नु छ ।
हुर्काउनु छ छोरा यी कुन्ती नै बस्नुपर्दछ ॥२१५॥

फैसला यो जब भयो विवाद टुङ्गियो सबै ।
सबै अन्तिम संस्कार राजाको पनि पूर्ण भो ॥२१६॥

कुन्तीका साथमा पाँच पाण्डुपुत्रहरू लिई ।
लागे ऋषिहरू सारा हस्तिनापुरतर्फ नै ॥२१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाण्डुको मृत्युको हाल बताई अनि पाण्डुका ।
पाँचै पुत्रहरूलाई चिनाएर सबैसँग ॥२१८॥

छुट्ट्याई जेठकान्छीको नाता पनि त्यसै गरी ।
फर्के ऋषिहरू सारा सिध्याई काम त्यो सबै ॥२१९॥

युधिष्ठिर भए जेठा दुर्योधन त माहिलो ।
अनि भीम अरू भाई जेठा-कान्छा हुने भए ॥२२०॥

बढ्दै गए सबै भाई शिक्षा पाए अनेकन ।
द्रोणाचार्य थिए त्याहाँ कुमारगणका गुरु ॥२२१॥

बेला आयो जब त्यहाँ युवराज बनाउने ।
युवराज हुने वाद-विवाद चर्कियो निकै ॥२२२॥

धृतराष्ट्र त चाहन्थे आफ्नै छोरो बनोस् भनी ।
हस्तिनापुरको राज्य उनकै हकको थियो ॥२२३॥

उनी अन्धा हुँदा मात्र पाण्डु राजा बने पनि ।
अब पुत्रहरूमा त उनकै हक लाग्छ नि ॥२२४॥

तर दर्बारिया सारा त्यस्तै सारा प्रजा पनि ।
जेठा कुमार नै हाम्रा युवराज बनून् भनी ॥२२५॥

चाहन्थे लौ त्यसैले नै युवराज त राज्यको ।
पाण्डुका पुत्र जेठा ती युधिष्ठिर हुने भए ॥२२६॥

पोल्यो हृदय ता ज्यादै अन्धा ती धृतराष्ट्रको ।
तर बाहिर ता केही सकेनन् बोल्न तैपनि ॥२२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुर्योधन त झन् के र ! डाहा धेर हुँदा उनी ।
पुगे सल्लाहका लागि मामा शकुनिका सँगै ॥२२८॥

गान्धार देशको राजा भए पनि उनी त्यहीं ।
बस्तथे किन हो कुन्नि अति नै धूर्त ती थिए ॥२२९॥

दुवैको नै मिल्यो राय यौटा षड्यन्त्र भो त्यहाँ ।
कुन्तीसहितका पाँचै भाइलाई हटाउने ॥२३०॥

पुगे दर्बारमा राजा धृतराष्ट्र जहाँ थिए ।
बिन्ती बिछ्याए हे राजन्! वारणावतका प्रजा ॥२३१॥

राजाछँदै भयौं हामी किन हो टुहुरा सरी ।
भन्दै गुनासो गर्छन् रे ! त्यसैले नै प्रभो अब ॥२३२॥

पाण्डुपुत्रहरू जाउन् केही काल त्यतै बसून् ।
मेटिएला गुनासो त्यो प्रजा सारा खुसी हुनन् ॥२३३॥

बेसै भन्यो लौ छोराले भनी राजा खुसी भए ।
दिए आदेश लौ जाऊन् कुन्तीसहित पाण्डव ॥२३४॥

इच्छा पूरा भएकामा दुर्योधन खुसी भए ।
विरोचन थिए मन्त्री डाकी तत्काल नै त्यहाँ ॥२३५॥

बताई योजना सारा वारणावतमा गई ।
काम फत्ते गर्नुपर्‍यो लौ न मन्त्री तिमी गई ॥२३६॥

तिमीबाहेक यो काम गर्न सक्तैन क्वै अरू ।
जाऊ तुरुन्तै बरु लौ विलम्व अव क्यै नहोस् ॥२३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे प्रस्थान मन्त्रीले आज्ञा पाई तुरुन्त नै ।
पाँचै भाइ पाण्डवको ठूलो स्वागत गर्नमा ॥२३८॥

कमी रहेन क्यै त्यस्तो तयारी सब पूर्ण भो ।
बन्यो नयाँ महल नै यौटा भव्य प्रकारको ॥२३९॥

सबै प्रबन्ध देखेर पाँचै भाई खुसी भए ।
भित्ताको गन्धले गर्दा केही शङ्का त पर्न गो ॥२४०॥

कुन्तीसहितका पाँचै भाईलाई जलाउने ।
षड्यन्त्र रचिए भैँ नै त्यसैलाई सुहाउँदा ॥२४१॥

बनेको त्यो थियो त्याहाँ लाहाले परिपूर्ण भै ।
बने सतर्क सब नै खुल्यो षड्यन्त्र त्यो जब ॥२४२॥

दिएकै हुन् विदुरले पूर्वसङ्केत यो सबै ।
बसे तैपनि भै मौन थाहा क्यै नभएसरि ॥२४३॥

उद्योग गर्न ती थाले उम्कने कसरी भनी ।
यस्तैमा एक खनक लाक्षाका गृहमा पुग्यो ॥२४४॥

'म ता यौटा खनक हुँ सुरुङ् खन्न सिपालु छु ।
आज्ञा विदुरको पाई आएको हुँ म ता यहाँ ॥२४५॥

म थालिहाल्छु यो काम चिन्ता क्यै मनमा नहोस् ।'
गरी पाण्डवमा यस्तो बिन्ती, लाग्यो ऊ काममा ॥२४६॥

भयो सुरुङ तैयार कुन्तीले नि त्यसै दिन ।
आयोजना गरिन् त्याहाँ अति उत्तम भोजको ॥२४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् ब्राह्मणका साथै गरीब-गुरुवा पनि ।
निम्तिएका थिए त्याहाँ कुन्तीको त्यस भोजमा ॥२४८॥

निम्तालुहरूका साथ पाँच छोराहरू लिई ।
पुगेकी रहिछे यौटी भिल्लिनी पनि भोजमा ॥२४९॥

साऱ्है जँड्याही रहिछे त्यस्तै छोराहरू पनि ।
खाए पिए मस्त भए लडे बेहोस भै सबै ॥२५०॥

जब रात पऱ्यो सारा पाहुना त विदा भए ।
तर त्यो भिल्लिनी त्याहीँ सुतेको त सुत्यै भई ॥२५१॥

आमाझैँ नै मस्त भई पाँचै छोरा त्यहीँ लडे ।
जब छायो अन्धकार भीमले नै अघी सरी ॥२५२॥

झोसे आगो भवनमा र आफू सब निस्किए ।
कुन्तीसहितका पाँच भाई निस्कनु के थियो ॥२५३॥

बल्यो दन्दन त्यो आगो लाहाको घर जो थियो ।
उल्टिएर त्यहीँ आयो सारा सहर तैपनि ॥२५४॥

लाहाको घरको आगो को सक्थ्यो र निभाउन ।
थाले कराउन सबै हाय! हाय! गरीकन ॥२५५॥

विरोचन जहाँ बस्थे जल्यो त्यो गृह नै पनि ।
अर्कालाई मार्न खोज्दा मरे आफैँ पनि त्यहीँ ॥२५६॥

भोलिपल्ट उज्यालामा सब आगो निभेपछि ।
देखे सहरवासीले त्यहाँ भिल्लिनीको शव ॥२५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो विश्वास सबमा कुन्तीको लास हो भनी ।
छोराहरू थिए पाँच भाइ नै उसका पनि ॥२५८॥

पुग्यो खबर यसको हस्तिनापुरमा जब ।
सबै प्रजा जनविषे चल्यो लहर शोकको ॥२५९॥

तर दुर्योधन भने परे दङ्ग निकै तर ।
छिपाई भाव मनको गरे विस्मात तैपनि ॥२६०॥

तिलाञ्जलि दिने काम गरे है सबले त्यहाँ ।
भीष्मलाई भने रोके विद्वान् विदुरले गई ॥२६१॥

हस्तिनापुरको हाल यता यस्तो थियो भने ।
उता पाण्डव उम्केर घोर जङ्गलमा पुगे ॥२६२॥

त्यहीँ यौटा वृक्षमुनि बनाईकन आश्रय ।
कुन्तीसहितका चार भाइ रात सुते त्यहीँ ॥२६३॥

तर भीम भने त्याहाँ रखबारी गरी बसे ।
घोर जङ्गलमा त्याहाँ हिडिम्ब नाम राक्षस ॥२६४॥

बैनीका साथमा बस्थ्यो निकै क्रूर स्वभावको ।
पाई मानवको गन्ध रमाएर निकै अनि ॥२६५॥

अह्रायो बहिनीलाई गई ल्याऊ भनीकन ।
आज्ञा यो दाजुको पाई बहिनी पनि गैगई ॥२६६॥

देखेर भीमलाई त्यो कामातुर निकै भई ।
मानुषीको रूप धरी भीमका सामुमा पुगी ॥२६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रार्थना गर्न थाली त्यो तिम्री पत्नी म बन्दछु ।
स्वीकार लौ तिमी आजै मलाई दयिता भनी ॥२६८॥

स्वीकार गर्न मानेनन् भीमले तर तैपनि ।
छोडीन प्रार्थना गर्न ढिपी आफ्नो निकै कसी ॥२६९॥

हिडिम्बा जब फर्किन निकै बेर हुँदा पनि ।
हिडिम्ब नै आइपुग्यो रिसले मुर्मुराउँदै ॥२७०॥

निकै बेर पऱ्यो द्वन्द्व भीष्मको र हिडिम्बको ।
हिडिम्बको उड्यो प्राण मुक्का खाएर भीमको ॥२७१॥

दुइको द्वन्द्वले गर्दा ब्यूँझेका त सबै थिए ।
भीमले जब टेरेनन् कुन्तीका सामु गैकन ॥२७२॥

हिडिम्बा भन्न यो थाली लौ माता जनि गर्नुहोस् ।
कामातुर म छु ज्यादै मैले के भन्नुपर्छ र ॥२७३॥

नारीको वेदना साह्रो नारीले नै त बुझ्दछिन् ।
केही समयका लागि मलाई भीम बक्सियोस् ॥२७४॥

जन्मिएला जसै छोरो भीमलाई म ल्याउँछु ।
प्रार्थनाले हिडिम्बाको कुन्तीको मन पग्लियो ॥२७५॥

दिइन् आदेश कुन्तीले जाऊ भीम यसैसँगै ।
केही समय साथैमा बिताई अनि आउनू ॥२७६॥

जहाँ गए नि दिनमा रातमा चाहिँ आउने ।
थियो यो सर्त कुन्तीको हिडिम्बा सामुमा पनि ॥२७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन थाल्यो काम सबै सोही सर्तमुताबिक ।
थियो नजिकमा यौटा शालिहोत्र तपोवन ॥२७८॥

भयो पाण्डवको केही त्यसमै कालक्षेपण ।
हिडिम्बाको पुत्र जन्म्यो रह्यो नाम घटोत्कच ॥२७९॥

अब मुक्त भए भीम सर्त जो पहिले थियो ।
यसै बेला पुगे व्यास जहाँ पाण्डव बस्तथे ॥२८०॥

अब जाऊ यहाँबाट बस पाञ्चालमा गई ।
दिए पाण्डवलाई यो सल्लाह र उनी हिँडे ॥२८१॥

पुगे पाण्डव पाञ्चाल व्यासाज्ञाअनुसार नै ।
बसे कुमालकोमा ती पूरै ब्राह्मण भेषमा ॥२८२॥

पाञ्चाल देशका राजा थिए द्रुपद नामका ।
उनैकी राजकन्याको स्वयंवर हुँदै थियो ॥२८३॥

सुनेर यस्तो खबर हेर्नाको मन्सुबा भई ।
लागे त्यतै दुई भाई वीर भीम र अर्जुन ॥२८४॥

थिए जम्मा त्यहाँ राजा ठूला ठूला महारथी ।
सबैलाई थियो आशा द्रौपदी प्राप्त गर्नमा ॥२८५॥

राजा द्रुपदको सर्त थियो त्याहाँ निकै कडा ।
राखिएको थियो यौटा लक्ष आकाशमा त्यहाँ ॥२८६॥

त्यो लक्ष वेध गर्नेले द्रौपदी प्राप्त गर्दछ ।
तलको जलमा हेरी लक्षमा हान्नुपर्दछ ॥२८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए जति त्यहाँ राजा पालैपालो गरीकन ।
गरे कोसिस त्यो हान्न बन्यो कोसिस निष्फल ॥२८८॥

देखेर सबको चाला सरे अर्जुन नै अघि ।
कस्ताकस्ता गए काहाँ विचरो बाहुनी चरी ॥२८९॥

कसरी गर्न सक्ला र ! गर्न यो लक्ष भेदन ।
यी हुन् उनै धनुर्धारी वीर पाण्डव अर्जुन ॥२९०॥

भनेर नसकी चिन्न सबै अल्मलमा परे ।
धनु झ्वाट्ट उठाएर ताँदो त्यस्मा चढाउँदै ॥१९१॥

जब ताके लक्षतिर सबै आश्चर्यमा डुबे ।
नभन्दै उनको वाण लक्षमा ठिक्क ठोकियो ॥२९२॥

यसरी द्रौपदी साथ लिई भीम र अर्जुन ।
लागे डेरातिर सँगै मनैमन खुसी हुँदै ॥२९३॥

डेरामा साँझमा पुग्दा कुन्ती ता भित्र नै थिइन् ।
आमा भिक्षा लिई आयौं हेर्नुहोस् अब राम्ररी ॥२९४॥

भित्रैबाट भनिन्- बाबु ! भोग गर्नू सबै मिली ।
जब थाहा भयो भिक्षा साधारण नभैकन ॥२९५॥

थिइन् राजकुमारी नै पाञ्चाल देशकी उनी ।
कुन्तीलाई पछुतो भो तर वाक्य त खुस्कियो ॥२९६॥

द्रौपदीको थियो इच्छा पति अर्जुन पाउने ।
तर पर्न गइन् काहाँ थिएन थाह क्यै पनि ॥२९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्नी बन्न पुगिन् साझा उनी ता पाँच भाइकी ।
जिज्ञासा त थियो धेरै राजा द्रुपदको पनि ॥२९८॥

को होला त्यो ब्रह्मचारी जस्ले छोरी जिती लग्यो ।
जब थाहा भयो ती ता स्वयं अर्जुन नै थिए ॥२९९॥

छोरालाई पठाएर निम्त्याए दरबारमै ।
ठूलो उत्सवका साथ कन्यादान गरे अनि ॥३००॥

विवाहको खबर यो हस्तिनापुरमा पुग्यो ।
कुन्तीसहितका पाँचै भाइ जीवित छन् भनी ॥३०१॥

थाहा पाएर जनता खुसी ज्यादै बने पनि ।
खैलाबैला मच्चिन गो सबै कौरवमा भने ॥३०२॥

धृतराष्ट्र भने आफैं स्वयं अल्मलमा परे ।
के गर्ने के नगर्ने हो सुझेन उनमा त क्यै ॥३०३॥

गरे सल्लाह उनले के गर्ने अब लौ भनी ।
खुसीको हो खबर ता बोलाऊ अब लौ यहीं ॥३०४॥

नबिर्स यो कुरा राजन् ! हस्तिनापुर राज्यमा ।
तिम्रा छोराहरूको झैं हक पाण्डवको पनि ॥३०५॥

बराबरै छ बुझ लौ त्यसैले अब झट्ट नै ।
बोलाऊ र यहीं राजन् ! तिमीले राज्य बाँडिद्यौ ॥३०६॥

स्वयं जाऊन् विदुर नै पाञ्चाल देशमा अनि ।
ठूलो स्वागतका साथ सँगै ली फर्किऊन् उनी ॥३०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिल्यो सल्लाह ता यस्तो भीष्मबाट जसै अनि ।
त्यसै सल्लाहमा केही कुरा विदुरले थपे ॥३०८॥

मानेर भीष्मको राय आज्ञा ता धृतराष्ट्रले ।
दिइहाले विदुरमा जाऊन् पाञ्चालमा भनी ॥३०९॥

ठूलो सौगातका साथ हिँडे विदुरजी पनि ।
पाञ्चालमा विदुरको भयो स्वागत भव्य यो ॥३१०॥

बताएर सबै आज्ञा राजा ती धृतराष्ट्रको ।
हस्तिनापुरमा फर्के सबै पाण्डवका सँगै ॥३११॥

हस्तिनापुरमा पुग्दा राजा ती धृतराष्ट्रले ।
ठूलो स्वागतका साथ राख्तै आफ्नै समीपमा ॥३१२॥

मेरा छोरा दुष्ट हुँदा पायौ दुक्ख निकै ठुलो ।
अब वैर नहोस् यस्तो भन्ने सोचेर आज नै ॥३१३॥

म दिन्छु तिमीलाई लौ खाण्डवप्रस्थ राज्य त्यो ।
हाम्रा पुर्खाहरूको त्यो राजधानी थियो अघी ॥३१४॥

मुनिका श्रापले गर्दा पछि त्यो त उजाड भो ।
अब जाऊ बस त्यहीँ गर राज्य त्यहीँ बसी ॥३१५॥

आज्ञा दिई यति त्यहीँ अभिषिक्त गरीदिए ।
युधिष्ठिर बने राजा अब खाण्डवप्रस्थको ॥३१६॥

बने राजा तर त्यहाँ थिएन बस्ती क्यै पनि ।
पाएर कृष्णको आज्ञा तुरुन्तै इन्द्रले पनि ॥३१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वकर्मासँग भने तिमी जाऊ त्यहाँ भनी ।
आएर विश्वकर्माले यौटा नगर सुन्दर ॥३१८॥

पारे तयार छिनमै रहेन अब क्यै कमी ।
बनेकाले नगर त्यो इन्द्र-आज्ञानुसार नै ॥३१९॥

रह्‌यो नगरको नाम इन्द्रप्रस्थ भनी नयाँ ।
बसे श्रीकृष्णका साथ सबै पाण्डव दङ्ग भै ॥३२०॥

बढाए राज्यको सीमा, जिते राजा सबैतिर ।
जम्मा भयो अब त्यहाँ प्रशस्त धन-दौलत ॥३२१॥

यसरी दिन बित्तामा श्रीकृष्ण अनि अर्जुन ।
निस्के विहारका लागि बगैँचामा कुनै दिन ॥३२२॥

त्यसै बेला त्यहाँ आए अग्नि ब्राह्मण भेषमा ।
म हुँ अग्नि मलाई यो वन खाण्डव नामक ॥३२३॥

दाह गर्नु परेको छ सकेको छैन क्यै गरी ।
इन्द्रका शर वर्षाले मलाई रोकिहाल्दछ ॥३२४॥

आएको छु शरणमा हजूर सबले गई ।
इन्द्रलाई रोक्नु पर्‍यो मेरो मद्दत खातिर ॥३२५॥

सुनेर प्रार्थना यस्तो हाँस्तै श्री कृष्णले भने ।
जानोस् तपाइँ हे अग्नि! स्वेच्छाले दाह गर्नुहोस् ॥३२६॥

तपाइँको मद्दतमा आउने छौँ दुवै सँगै ।
अग्निदेव गई थाले काम खाण्डव दाहको ॥३२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगाका दन्कँदा ज्वाला चारैतिर त फैलिए ।
डढ्न थाले सबै प्राणी वनमा जति जे थिए ॥३२८॥

थाहा पाएर यो चाला पुगे इन्द्र तुरुन्त नै ।
वर्षा गरी मुसल्धारे थाले आगो निभाउन ॥३२९॥

देखेर इन्द्रको चाला यता अर्जुनले पनि ।
वाणवर्षा गरी थाले बीचैमा जल रोकन ॥३३०॥

आगो ता निभ्नुको साटो झन्झन् दन्किन पो गयो ।
किन यस्तो भयो भन्ने बुझे कारण इन्द्रले ॥३३१॥

आखीर हार मानेर फर्के इन्द्र पनि जब ।
स्वतन्त्र भै अग्नि थाले पूरै वन डढाउन ॥३३२॥

संयोगले मय स्वयं त्यति बेला त्यहीं थिए ।
अग्निका भयले कुद्दै पुगे अर्जुन छेउमा ॥३३३॥

भने दुवै हात जोडी प्राण मेरो बचोस् प्रभो ।
गरे रक्षा अर्जुनले मय दानवको पनि ॥३३४॥

गरी खाण्डवको दाह तुष्ट भै अग्निदेवले ।
दिए केही अस्त्र-शस्त्र सो लिई घर फर्किए ॥३३५॥

प्राण रक्षा गरेकामा मयले पनि दङ्ग भै ।
गरे अर्जुनमा बिन्ती म के सेवा गरूँ भनी ॥३३६॥

कृष्णले नै भने जाऊ इन्द्रप्रस्थ गईकन ।
गरिद्यौ न त निर्माण सभाभवन सुन्दर ॥३४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तयार पारे मयले सभाभवन सुन्दर ।
देख्तैमा लाग्दथ्यो त्यो त सभाभवन इन्द्रको ॥३३८॥

सभाभवन देखेर युधिष्ठिर खुसी भए ।
चार भाइहरू लागे दिशा चारै जितौँ भनी ॥३३९॥

गरी विजय ली आए प्रशस्त धन-दौलत ।
राजाको अब भो इच्छा राजसूय गरौँ भनी ॥३४०॥

सल्लाह भो सबैको र जुटे तैयार पार्नमा ।
निम्त्याइए सवै राजा चिनेका जति जो थिए ॥३४१॥

आए दुर्योधन पनि सबै भाई मिलीकन ।
देखी सभाभवन त्यो अरू वैभवले पनि ॥३४२॥

ईर्ष्यालु मनले फर्के हस्तिनापुरमा उनी ।
मामा शकुनिका साथ परामर्श भयो ठुलो ॥३४३॥

अब पाण्डवलाई ता नजिती नहुने भयो ।
युद्धमा जित्नु ता गाह्रो जित्ने लौ कसरी अब ॥३४४॥

लौ मामा भन्नुहोस् अर्को उपाय अब के छ त ।
मामा ! शकुनिका लागि उपाय सजिलो थियो ॥३४५॥

"जुवाका लागि बोलाऊँ जीत हाम्रो अवश्य छ ।
अब ढीला गर्नु हुन्न यही मात्र उपाय छ ॥"३४६॥

जँच्यो सल्लाह मामाको दुर्योधन खुसी भए ।
पुगे विलम्ब नगरी धृतराष्ट्र जहाँ थिए ॥३४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञानुसार राजाको जुवाका लागिमा अब ।
इन्द्रप्रस्थ गयो निम्ता विलम्ब नगरी कुनै ॥३४८॥

जुवाका लागिमा जानु यो ठीक हुन्न है कसै ।
भन्ने भाई र मन्त्रीको सल्लाह विपरीत नै ॥३४९॥

गरे प्रस्थान राजाले परिवार सबै लिई ।
हारे जुवामा सर्वस्व रहेन धन क्यै पनि ॥३५०॥

थापे भाइहरूलाई त्योसुद्ध हारियो जब ।
अब थापे स्वयंलाई हारिए नि उनै पनि ॥३५१॥

जुवामा थाप्नका लागि केही बाँकी रहेन र ।
अन्तमा थापिइन् पत्नी द्रौपदी नै स्वयं पनि ॥३५२॥

थिए पासा शकुनिका कपटी जाल-झेलका ।
हार्न के बेर लाग्थ्यो र हारिइन् द्रौपदी पनि ॥३५३॥

पाँचै जना पाण्डव ती घोसेमुण्टो गरीकन ।
चुपचाप बसे हारी तर कौरवमा भने ॥३५४॥

फैलियो है बडो हर्ष दङ्गदास सबै भए ।
थिइनन् द्रौपदी त्याहाँ दुश्शासन पुग्यो लिन ॥३५५॥

चुल्ठ्याउँदै लिई आयो सभाका माझमा अनि ।
द्रौपदीको तान्न थाल्यो सारी नै निर्दयी बनी ॥३५६॥

भरी थियो राजसभा थिए ठूलाबडा सबै ।
द्रौपदीको आर्तनाद सुन्ने चाहिं भएन क्वै ॥३५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रौपदीको बच्यो लाज कृपा श्रीकृष्णको मिली ।
दुश्शासन बरू थाक्यो नाङ्गो पार्न सकेन तै ॥३५८॥

द्रौपदीले गरिन् प्रश्न सभासदहरूसँग ।
पटरानी म हुँ यौटी बधू हुँ यस वंशकी ॥३५९॥

दासले दाउ थाप्तैमा दासी म कसरी भएँ ।
कसैसँग पनि यस्को थिएन केही उत्तर ॥३६०॥

राजन् ! अति भयो यो ता राजाले बोल्नु क्यै पर्‍यो ।
सभासदहरूमध्ये सबैले नै यही भने ॥३६१॥

के आयो मनमा कुन्नि राजा ती धृतराष्ट्रले ।
पाँचै भाइ पाण्डवको गरी दासत्व मोचन ॥३६२॥

सबै राज्य र सर्वस्व दिई फिर्ता· तुरुन्त नै ।
विदा गरे त्यहाँबाट बडो सम्मानपूर्वक ॥३६३॥

दुर्योधन बने दु:खी बाबुको यस कार्यले ।
बिन्ती गर्न पुगे फेरि बाबुका सँगमा उनी ॥३६४॥

"छैन केही अरू बाटो जित्नका लागिमा अब ।
उनको चक्चकी हेर्दै मैले बाँच्नु त मर्नु हो ॥३६५॥

आर्को मौका एक बक्स्योस् जुवाका लागिमा प्रभो ।"
छोराको बिनती सुन्दा बूढाको मन पग्लियो ॥३६६॥

दिए आज्ञा हुन्छ भनी पुग्यो निम्ता तुरुन्त नै ।
जुवाका लागि जानामा विरोध सबको थियो ॥३६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जुवा र युद्धको हाँक सुनेर पनि चुप्प भै ।
बसिराख्ने कुरा यो त राजधर्म विरुद्ध हो" ॥३६८॥

भन्ने सम्झेर मनमा जान तत्पर भै गए ।
दाजुको हठले गर्दा सबै भाइ सँगै गए ॥३६९॥

बेग्लै रह्‍यो सर्त भने जुवामा यसपल्टको ।
"हार्नेले बस्नु पर्ला है बाह्र वर्ष वनै गई ॥३७०॥

जब बित्ला बाह्र वर्ष पछिको एक वर्ष त ।
बस्नुपर्ला गुप्तवास थाहा नै नहुने गरी ॥३७१॥

भोग्नुपर्ला उही दण्ड यदि थाहा भयो भने ।'
स्विकारीकन यो सर्त जुवा फेरि सुरू भयो ॥३७२॥

हार नै हात लागेथ्यो यसपल्ट पनि जब ।
भयो तयारी वनको सबै भाइ मिली हिँडे ॥३७३॥

आफ्ना पतिहरूसाथ लागिन् ती द्रौपदी पनि ।
तर कुन्ती भने लागिन् आफ्ना देवरका घर ॥३७४॥

जसै पाण्डव निस्केथे वन जान भनीकन ।
बने कौरव ती सारा अत्यन्त हर्ष गद्‌गद ॥३७५॥

अनेक कष्टका साथ वनवास बित्यो जव ।
गुप्तवास कहाँ बस्ने चिन्ता यो हुन गो अब ॥३७६॥

सबैको राय मिल्नाले मत्स्यदेशतिरै हिँडे ।
विराट नामका राजा थिए त्याहाँ पराक्रमी ॥३७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेवामा उनकै बस्ने सबैले नै निधो गरी ।
श्मसानघाटमा यौटा शमी वृक्ष बडो थियो ॥३७८॥

आफ्ना सबै अस्त्र-शस्त्र भुण्ड्याए त्यसमै लगी ।
फेरी आफ्नो परिचय नक्कली नामका बने ॥३७९॥

युधिष्ठिर बने कङ्क भीमसेन त वल्लव ।
उर्वशीको श्राप थियो नपुंसक बनेस् भनी ॥३८०॥

त्यसैलै ती अर्जुन ता नपुंसक बनीकन ।
वृहन्नला भनी नाम राख्ने निर्णयमा पुगे ॥३८१॥

द्रौपदीको नाम रह्यो सैरन्ध्री र त्यसै गरी ।
राखे नकुलले आफ्नो नाम ग्रन्थिक हो भनी ॥३८२॥

सहदेव थिए बाँकी नाम राख्न अझै पनि ।
अरिष्टनेमि यो नाम राखे है उनले पनि ॥३८३॥

यसरी नाम फेरेर फेरी परिचयै सबै ।
गरे प्रवेश सबले विराटनगरीविषे ॥३८४॥

जेठा भाइ पुगे पैले विराट दरबारमा ।
विराटले काम सोद्धा "पाशा खेल्न सिपालु छु ॥३८५॥

राजा युधिष्ठिरसँगै खेल्थेँ पाशा म ता अघि ।
केही पत्तो छैन ऐले कहाँ होलान् उनी भनी ॥३८६॥

त्यसैले नै म आएको महाराजकहाँ यहाँ ।
मौका बक्से म गर्नेछु सेवा याहाँ वसीकन" ॥३८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेजस्तै काम पाई रमाएर त्यहीं बसे ।
पालो थियो अब भने भीमको र उनी पनि ॥३८९॥

पुगी दर्बारमा आफ्नो दिए परिचयै पनि ।
"नाम वल्लव हो मेरो सिपालु पाकशास्त्रमा ॥३९०॥

अघि धेरै गरें सेवा पञ्चपाण्डवको पनि ।
ऐले काम नपाएर काम खातिरमा यहाँ ॥३९१॥

आएको हुँ महाराज ! काम बक्से म गर्दछु ।"
भान्साको सब जिम्मा नै पाए है उनले पनि ॥३९२॥

अब पालो त्यहाँ पुग्ने वीर अर्जुनको थियो ।
भए दाखिल ती त्याहाँ बनी यौटा नपुंसक ॥३९३॥

राजाले काम सोद्धामा उनले त भने त्यहाँ ।
"म ता गायन विद्यामा त्यस्तै नै नृत्यमा पनि ॥३९४॥

पारङ्गत भएकाले त्यही पाए म गर्दछु ।"
उनलाई मिल्यो काम आफ्नो इच्छामुताबिकै ॥३९५॥

राजकन्याहरूलाई नृत्य-गीत सिकाउने ।
अब जाने थियो पालो द्रौपदीको उनी पनि ॥३९६॥

पुगिन् सीधै सुदेष्णाको भव्य त्यो रनिवासमा ।
दिइन् आफ्नो परिचय सैरन्ध्री नाम हो भनी ॥३९७॥

"केश-श्रृङ्गारमा मेरो राम्रो ज्ञान छ, जान्दछु ।
सबै काम यहाँ बस्ता कसरी गर्नुपर्दछ ॥३९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रौपदीको गरें सेवा निकै दिन बसी त्यहाँ ।
कहाँ छन् द्रौपदी ऐले थाहा नै छैन क्यै पनि'' ॥३९९॥

सुदेष्णामा पऱ्यो शङ्का सैरन्ध्री-रूपले गरी ।
भनिन् सोझै यहाँ मैले राखूँ लौ कसरी भन ॥४००॥

तिम्रो यो रूपमा राजा स्वयं लोभिन सक्तछन् ।
त्यसो भयो भने फेरि मलाई छोड्न सक्तछन् ॥४०१॥

सुदेष्णाको बुझी शङ्का सैरन्ध्री पनि भन्दछिन् ।
''महारानी नहोस् शङ्का म हुँ नारी विवाहिता ॥४०२॥

गन्दर्भकी म पत्नी हुँ पति मेरा त पाँच छन् ।
पतिव्रता हुँदा मेरो रक्षा ती पति गर्दछन् ॥४०३॥

अरू सबै काम गर्छु दुई काम म गर्दिन ।
कसैको म जुठो खान्न गोडा मिच्न म सक्तिन'' ॥४०३॥

सुदेष्णाले दिइन् काम ढुक्क भै रनिवासमै ।
रानीको केशश्रृङ्गार गर्नेमा खटिइन् उनी ॥४०५॥

आयो पालो नकुलको उनी पनि पुगे त्यहीं ।
''नाम मेरो ग्रन्थिक हो अश्वविद्या म जान्दछु ॥४०६॥

काम पाए तबेलाको राम्रैसँग म गर्दछु ।''
विराट-अश्वशालाको भए हाकिम नै उनी ॥४०७॥

सहदेव थिए बाँकी उनी पनि गए अब ।
भने आफ्नो नाम त्यहाँ अरिष्टनेमि हो भनी ॥४०८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"गौशालाको सबै काम म राम्रोसँग जान्दछु ।
गरें सेवा पाण्डवको गौशालामा बसीकन ॥४०९॥

काम पाए म गर्ने छु त्यही काम यहाँ पनि ।"
बनाइए उनी पनि गौशालाको त हाकिम ॥४१०॥

यथेच्छा काम पाएर विराट नगरीमहाँ ।
बस्न थाले सबै भाइ अति नै गुप्त रूपले ॥४११॥

उता दुर्योधन भने थाले सर्वत्र खोजन ।
आफ्ना चरहरूलाई पठाएर सबैतिर ॥४१२॥

पाएनन् सुइँकोसम्म कहाँ पाण्डव छन् भनी ।
आनन्दसाथ बित्तैथे यता पाण्डवका दिन ॥४१३॥

द्रौपदीमा लोभ गर्दा भयो कीचकको बध ।
यसभन्दा अरू केही भएन गुप्तवासमा ॥४१४॥

यत्तिकैमा एक दिन आयो खवर गोठको ।
आई कौरव सेनाले सबै गाई लुटी लगे ॥४१५॥

गाई फिर्ता गर्नलाई युवराज सरे अघि ।
नभेटी सारथी राम्रो चिन्तामा नै उनी परे ॥४१६॥

वृहन्नला जान लागिन् सारथी भै कुमारको ।
देखी कौरवको सेना गयो सातो कुमारको ॥४१७॥

देखी कुमारको चाला भन्न लागे वृहन्नला ।
"कुमार डर्नुपर्दैन देखी कौरव सैन्य यो ॥४१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म गर्छु सामना, मेरो सारथी अब बन्नुहोस् ।''
नाचगान गरी बस्ने यौटा जाबो नपुंसक ॥४१९॥

यत्रो कौरव सेनाको सामना, गर्न सक्तछ ।
भन्ने कुरामा विश्वासै नभएको कुमारको ॥४२०॥

बुझेर उनको शङ्का बढी आश्वस्त पारँदै ।
वृहन्नला भन्न थाले कुनै शङ्का नलीकन ॥४२१॥

''बस्नुहोस्, र बरु जानोस् ह्याम्रा शस्त्रहरू लिन'' ।
देखाउँदै शमी वृक्ष भने ''त्याहाँ गईकन ॥४२२॥

झुण्डिएको छ जो पोको त्यो लिईकन आउनोस् ।
मनमा नरहोस् चिन्ता म लड्दछु यिनीसँग'' ॥४२३॥

लिई आए उत्तरले त्यो पोको शीघ्र नै गई ।
झिके अर्जुनले आफ्ना अत्र-शस्त्र जती थिए ॥४२४॥

लड्न थाले अर्जुन ती गाण्डीव हातमा लिई ।
चिनिहाले कौरवले यो ता हो अर्जुनै भनी ॥४२५॥

खुसी हुँदै भन्न थाले चिनियो अब अर्जुन ।
गुप्तवास थियो सर्त बसने एक वर्षको ॥४२६॥

त्यो सर्त पूरा नहुँदै अहिले भेट्टिएपछि ।
जानुपर्दछ है फेरी वनवास त्यसै गरी ॥४२७॥

यत्तिकैमा अघि सरी कुलवृद्ध पितामह ।
सम्झाउँदै सबैलाई भन्नथाले सबै कुरा ॥४२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"खुसीको हैन है यो बेला गणना गर कालको ।
कालको गणना हुन्छ चान्द्रमानानुसार नै ॥४२९॥

यसरी गणना गर्दा सर्त पूरा भए सबै ।
व्यर्थको बखडाभन्दा युद्ध गर्न अघिसर" ॥४३१॥

शिरोपर गरी यस्तो फैसला वृद्ध भीष्मको ।
प्रारम्भ भो युद्ध त्यहाँ देख्तै यौटा विचित्रको ॥४३२॥

ठूलो कौरवसेना त्यो एकातिर थियो भने ।
थिए अर्जुन ता एक्ला युद्धमा लडने त्यहाँ ॥४३३॥

एक्लै भए पनि अहो ! जीत अर्जुनको भयो ।
सबै गाई साथ लिई वीर अर्जुन फर्किए ॥४३४॥

जीतको यो खबरले विराट पनि दङ् परी ।
तारीफ गर्न थालेथे छोराको उनले जब ॥४३५॥

स्वयं कुमारले बिन्ती गरे सत्य त जे थियो ।
वृहन्नला त हे राजन् रहेछन् वीर अर्जुन ॥४३५॥

म ता भएथें उनको युद्धमा खालि सारथी ।
जीत जो हो उनैको हो तारीफ उनकै हवस् ॥४३६॥

पाँचै भाइ पाण्डव र रानी ती द्रौपदी पनि ।
बिताएका रहेछन् नि गुप्तवास यहीं बसी ॥४३७॥

यी कङ्क हुन् महाराज स्वयं राजा युधिष्ठिर ।
भान्से वल्लव हुन् भीम सैरन्ध्री द्रौपदी अनि ॥४३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्वशाला देखभाल गर्ने ग्रन्थिक नामका ।
रहेछन् ती त नकुल अनि ती सहदेव त ॥४३९॥

गौशालाको देखभाल गर्ने काम लिईकन ।
जो बस्तछन् नि हे राजन् ती कान्छा सहदेव हुन् ॥४४०॥

खुल्यो यथार्थ यसरी जब पाण्डवको त्यहाँ ।
गरे स्वागत राजाले प्रसन्न अति नै भई ॥४४१॥

विराट नगरीमा छन् बसेका सब पाण्डव ।
भन्ने थाहा हुँदा आए भेटका लागिमा सब ॥४४२॥

आए कृष्ण पनि त्याहीं भेट भो सबको जब ।
राज्य फिर्ता लिने बारे चल्यो चर्चा सबैसँग ॥४४३॥

पठाउँदा दूतहरू नमिल्दा फल क्यैपनि ।
जाने भए स्वयं कृष्ण दूत पाण्डवको बनी ॥४४४॥

हस्तिनापुरमा ठूलो भयो स्वागत कृष्णको ।
तर स्वागत मात्रैले काम ता नहुने थियो ॥४४५॥

राज्य फिर्ता दिनेबारे चलेथ्यो जब क्यै कुरा ।
अरूले उचितै ठाने दुर्योधन त झोक्किए ॥४४६॥

भने "यो राज्य फिर्ता त हुन सक्तैन क्यै गरी ।
आऊन् यहाँ गरून् युद्ध हामीलाई जितून् अनि ॥४४७॥

हस्तिनापुरमा राज्य गरून् पाण्डव नै स्वयम् ।"
भने श्रीकृष्णले फेरि "यसरी युद्ध गर्नु ता ॥४४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रो हुँदैन है बाबू ! तिमी बुझ सबै कुरा ।
बरु देऊ पाँच गाउँ कुरा नगर युद्धका" ॥४४९॥

के सुन्दथे र ती यस्ता कृष्णका हितका कुरा ।
यस्को जबाफमा फेरि दोहोऱ्याए उनै कुरा ॥४५०॥

"सिन्को राख्ने ठाउँ दिन्न पाँच गाऊँ त के कुरा ।
मेरो जवाफ यहि हो, गएर सब भन्दिनोस्" ॥४५१॥

ठाडा कुरा सुनी यस्ता श्रीकृष्ण पनि फर्किए ।
हुने भयो युद्ध अब हुनामी नै त्यही थियो ॥४५२॥

लागे दुवै पक्ष त्यहाँ आफ्नो आफ्नो तयारीमा ।
कुरु-पाण्डवको युद्ध प्रारम्भ यसरी भयो ॥४५३॥

हुन थाल्यो युद्ध जब युद्धको हाल जान्नमा ।
जाग्यो उत्सुकता धेरै अन्धा ती धृतराष्ट्रमा ॥४५४॥

जिज्ञासा यो पूर्ण गर्न बसे नजिक सञ्जय ।
दिव्यदृष्टि थियो उन्को टाढाको देख्न सक्तथे ॥४५५॥

त्यस्तै दिव्य श्रवणले टाढाको सुन्न सक्तथे ।
उन्को अद्‌भुत यो शक्ति व्यासको नै कृपा थियो ॥४५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता माहात्म्य

ध्यान :

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं,
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं,
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥१॥
यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतस्तुन्वन्ति दिव्यैस्तवै,
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो,
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥२॥

गीतामाहात्म्य :

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान् ।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ॥१॥
गीताध्ययनशीलस्य प्राणायामपरस्य च ।
नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ॥२॥
मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।
सकृद् गीताम्भसि स्नानं संसारमलनाशनम् ॥३॥
गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥४॥
भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिःसृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥५॥
सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥६॥
एकं शास्त्रं देवकीपुत्रगीतमेको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि, कर्माप्येकं तस्य देवस्य सेवा ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भगवद्गीता प्रारम्भ

(संस्कृत मूल पाठ)

अथ प्रथमोऽध्याय

धृतराष्ट्र उवाच :

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥१॥

सञ्जय उवाच :

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

अत्र शूरा महेष्वासा भीमार्जुन समा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ।
पुरुजित्कुन्तिभोजश्च शैव्यश्च नरपुङ्गवः ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भगवद्गीता प्रारम्भ

(समच्छन्दी अनुवाद)

पहिलो अध्याय

ठूलो लिएर जिज्ञासा युद्धको हाल बुझ्नको ।
भने सञ्जयलाई यो बूढा ती धृतराष्ट्रले ॥०॥

युद्धका लागिमा जम्मा भएका कुरुक्षेत्रमा ।
मेरा र पाण्डुका छोराको हाल भन सञ्जय ॥१॥

पाई आदेश राजाको अनि सञ्जयले पनि ।
युद्ध मैदानको गर्न थाले प्रत्यक्ष वर्णन ॥

देखी पाण्डवको व्यूह रचना त निकै दृढ ।
दुर्योधन पुगी द्रोणाचार्यलाई यसो भने ॥२॥

कति ठूलो पाण्डवको शैन्यशक्ति छ हेर्नुहोस् ।
व्यूहको रचना गर्ने शिष्य हुन् ती हजूरकै ॥३॥

भीम अर्जुन जस्ता नै अनेकौं वीर छन् त्यहाँ ।
छन् त्यहाँ सात्यकि त्यस्तै विराट द्रुपदै अनि ॥

धृष्टकेतु चेकितान काशिराज पराक्रमी ।
पुरुजित् औ कुन्तिभोज शैव्य जस्ता महान् पनि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ।
नायका मम सैन्यस्य सञ्ज्ञार्थं तान्ब्रवीमि ते ॥७॥

भवान् भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

तस्य सञ्जनयन् हर्षं कुरुवृद्धः पितामहः ।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः ।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युधामन्यु र विक्रान्त उत्तमौजा पनि त्यहाँ ।
द्रौपदीका पाँचपुत्र अभिमन्यु पनी त्यहीं ॥

मैले नाम लिएका यी सबै नै छन् महारथी ।
कोई छैन कसैभन्दा कम यी पुरुषार्थमा ॥४-६॥

तपाईंमा हवस् ज्ञान भन्ने उद्देश्यले अब ।
हाम्रा सेनानायकको पनि नाम म भन्दछु ॥७॥

तपाई नै हुनुभयो अनि भीष्म र कर्ण औ ।
त्यस्तै कृपाचार्य पनि युद्धका विजयी सब ॥

अश्वत्थामा सौमदत्ति विकर्ण पनि छन् यहीं ।
मेरा लागि ज्यान दिने धेरै नै छन् अरू पनि ॥८-९॥

भीष्मद्वारा रक्षित यो हाम्रो सैन्य अजेय छ ।
भीमद्वारा रक्षित त्यो छैन पक्कै अजेय त ॥१०॥

डटेर सब मोर्चामा तपाईहरू बस्नुहोस् ॥
तपाईंहरूले रक्षा भीष्मकै गर्नुपर्दछ ॥११॥

फैलाउँदै ठूलो हर्ष सबै कौरव सैन्यको ॥
सिंहनाद गरी भीष्म थाले शङ्ख बजाउन ॥१२॥

सुनेर शङ्खको नाद भीष्मको रणघोषको ।
त्यहाँ बजेका बाजाले रणभूमि त थर्कियो ॥१३॥

सेता घोडा जोतिएको विशाल रथमा बसी ॥
शङ्ख आफ्ना फुक्न थाले कृष्ण-अर्जुनले पनि ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः ।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥

काश्यश्च परमेष्वासः शिखण्डी च महारथी ।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।
सौभद्रश्च महाबाहुः शङ्खान् दध्मुः पृथक् पृथक् ॥१८॥

संघोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९

अथ व्यवस्थितान् दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ।
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ॥२०॥

अर्जुन उवाच :

हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।
सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाञ्चजन्य थियो शङ्ख कृष्णको उनले त्यही ।
फुके त्यस्तै अर्जुनले देवदत्त फुके अनि ॥१५॥

भीमको ता थियो पौण्ड्र उनले त त्यही फुके ।
अनन्तविजयै नाम फुक्न थाले युधिष्ठिर ॥

फुके नकुलले आफ्नो सुघोष, सहदेवले ।
मणिपुष्पक नै थाले फुक्न त्यो रणभूमिमा ॥१६॥

धनुर्धारी काशिराज शिखण्डी ती महारथी ।
महारथी धृष्टद्युम्न वीर सात्यकि नै पनि ॥

महाराजा द्रुपद र द्रौपदीपुत्र पाँच नै ।
सुभद्रापुत्र ती वीर अभिमन्यु त्यसै गरी ॥

आफ्ना आफ्ना शङ्ख लिई थाले सब बजाउन ।
त्यो शब्द यति ठूलो भो थर्कियो रणभूमि नै ॥

आकाश घन्कियो त्यस्तै पृथिवी पनि थर्कियो ।
धार्तराष्ट्रहरूको ता मुटु नै पनि थर्कियो ॥१७-१९॥

जब बेला भयो शस्त्र परस्पर प्रहारको ।
अनि अर्जुनले यस्तो कृष्णलाई त्यहाँ भने ॥२०॥

हेर्ने इच्छा भई योद्धा को को छन् युद्धभूमिमा ।
बिन्ती गरे अर्जुनले कृष्णलाई यसो गरी ॥0॥

हे कृष्ण ! मेरो रथ यो तपाईंले लगीकन ।
सेना दुबैका बीचैमा केही बेर अड्याउनोस् ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन् रणसमुद्यमे ॥२२॥

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

सञ्जय उवाच :

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ । पश्यैतान् समवेतान् कुरूनिति ॥२५॥

तत्रापश्यत्स्थितान् पार्थः पितॄन्नथ पितामहान् ।
आचार्यान्मातुलान्भातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥

श्वशुरान् सुहृदश्चैव सेनयोरुभयोरपि ।
तान् समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥

अर्जुन उवाच :

कृपया परयाविष्टो विषीदन्निदमब्रवीत् ।
दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर्न चाहन्छु हे कृष्ण को को छन् रणभूमिमा ।
लड्नुपर्ने कोसित हो सबैलाई म हेर्दछु ॥

बुद्धिहीन धार्तराष्ट्रहरूको हित चाहँदै ।
आएका युद्धका लागि को को छन् रणभूमिमा ॥२२-२३॥

कृष्ण अर्जुनको यस्तो संवादतिर ध्यान दी ।
गरे सञ्जयले बिन्ती अन्धा ती धृतराष्ट्रमा ॥०॥

बुझी अर्जुनको इच्छा अनि श्रीकृष्णले पनि ।
दुवै सेना बीचमा नै रोकी रथ विशाल त्यो ॥

भीष्म द्रोणादितिर नै गर्दै लक्ष्य त कृष्णले ।
भन्नुभो हेर लौ पार्थ यही हो कुरुसैन्य त्यो ॥२४-२५॥

देखे त्यहाँ अर्जुनले आफ्ना पितृ-पितामह ।
त्यस्तै आचार्य औ मामा छोरा-नातिहरू सबै ॥

ससुरा मित्र औ त्यस्तै आफ्ना साथीहरू पनि ।
लड्नलाई बसेका छन् सेनाका ती दुवैतिर ॥

देखी आफ्ना सबै त्याहाँ मनमा अति खिन्न भै ।
भन्न थाले कृष्णलाई यस्तो वचन अर्जुन ॥२६-२७॥

हे कृष्ण ! युद्धको यस्तो दृश्य देखेर नै म त ।
लड्ने इच्छा मर्‍यो नाथ ! म ता लौ के गरूँ अब ॥०॥

युद्धका लागिमा जम्मा भएका जति छन् यहाँ ।
आफ्नै मात्रै देख्छु सबै देख्तैमा यी सबैकन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

निमित्तानि च पश्यामि विपरीतानि केशव ॥
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणाँस्त्यक्त्वा सुखानि च ॥३३॥

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान् हत्वैतानाततायिनः ॥३६॥

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान् स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीर नै काम्न थाल्छ सुकेर मुख आउँछ ।
गाण्डीव नै हातबाट खस्न थाल्दछ हे प्रभु ॥

भत्भती पोल्छ यो छाला मनै भ्रमित बन्दछ ।
शरीरको अवस्थाले गाह्रो हुन्छ खडा हुनै ॥

निमित्त पनि देख्तैछु उल्टा-उल्टा यहाँ सबै ।
आफन्त युद्धमा मारी कल्याण पनि के छ र ॥२९-३१॥

चाहिन्न भो विजय यो न राज्य न सुखै पनि ।
जसको लागिमा हो यो राज्य-भोग सबै सुख ॥

जिउ-ज्यान सबै अर्पी बसेका ती त छन् यहीं ।
मारी यहाँ तिनैलाई गर्ने के अब राज्यले ॥

आचार्यगण याहीं छन् पिता-पुत्र-पितामह ।
मामा र ससुरा नाती साला सम्बन्धका सबै ॥३२-३४॥

मार्दामा यिनलाई ता त्रैलोक्यै मिल्छ तापनि ।
कसै मार्न म चाहन्न पृथ्वीको के कुरा अनि ॥३५॥

धार्तराष्ट्रहरू हुन् यी आततायी र तैपनि ।
पाप जो लाग्छ मार्दा त्यो हामी नै भोग्नुपर्दछ ॥३६॥

दुष्टै छन् यी कृष्ण तर हाम्रा यी बान्धवै त हुन् ।
आफ्ना बन्धुहरू मारी सुख मिल्ला र के गरी ॥३७॥

कुलक्षय हुँदा दोष पाप औ मित्र द्रोहमा ।
देख्तैनन् यी कुलाङ्गार डुबेका लोभमै सदा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ॥४१॥

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरके नियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

अहो वत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुलक्षय हुँदा लाग्ने दोष हामी त देख्तछौँ ।
यसैले नै बच्न यत्न हामी नै गर्नुपर्दछ ॥३८-३९॥

कुलक्षय हुँदा सारा नासिन्छ कुलधर्म नै ।
धर्म नाश हुँदा कृष्ण कुल नै नष्ट बन्दछ ॥

धर्मनाश हुँदा कृष्ण अधर्म पनि बढ्दछ ।
अधर्म बढ्न जाँदामा कुलका स्त्रीहरू पनि ॥

सबै सबै नै यसरी बन्न पुग्छन् प्रदूषित ।
प्रदूषित भएमा स्त्री जन्मन्छन् वर्णसङ्कर ॥

वर्णसङ्कर जन्मेमा वंशघाती र वंश नै ।
पूरै नरकमा पर्छन् पार छैन कसै गरी ॥

पानी-पिण्ड नपाएर यस्ताका पितृदेवता ।
पुग्छन् नरकमा सारा बाँकी हुन्नन् कुनै पनि ॥

वर्णसङ्करका कर्ता कुलघ्नजनका अनि ।
कुलधर्म त नासिन्छन् जातिधर्म सबै पनि ॥

कुलधर्मै नासिएका मनुष्यहरूले सँधै ।
नरकैमा बस्नुपर्छ भन्ने यस्तो सुनिन्छ नि ॥४०-४४॥

राज्यको लोभले गर्दा मारी स्वजन बान्धव ।
हामी ठूलो पाप गर्न लागेछौँ नि हरे शिव ॥

हातको शस्त्र फ्याँकेर प्रतीकार विना कुनै ।
म बस्तामा मार्न आऊन् धार्तराष्ट्रहरू मिली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥

सञ्जय उवाच :
एवमुक्त्वार्जुनः सङ्ख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

इति अर्जुनविषादयोगो नाम प्रथमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेयस्कर त्यही होला मेरा लागि त हे प्रभु ।
यस्तो अधर्मको युद्ध लड्न जाऊँ कसो गरी ॥४५-४६॥

थाले सञ्जयले भन्न राजालाई सबै कुरा ।
जो देखे रणमा उन्ले नछोडीकन हाल क्यै ॥०॥

यसो भनी अर्जुन ता शोकपूर्ण गरी मन ।
राखी धनुर्वाण सबै थचक्क रथमा बसे ॥

अर्जुनविषाद- योग नाम भएको पहिलो अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वितीयोऽध्यायः

सञ्जय उवाच :

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

श्रीभगवानुवाच :

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥३॥

अर्जुन उवाच :

कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो अध्याय

यस्तो अर्जुनको चाला बताई धृतराष्ट्रमा ।
अगाडिको हाल अरू भन्दछन् अनि सञ्जय ॥०॥

राजन् ! अर्जुनको यस्तो चाला देखेर कृष्णले ।
सम्झाउने लिई ध्येय यी कुरा भन्न थाल्नुभो ॥१॥

यस्तो अर्जुनको वाक्य सुनी श्रीकृष्णले पनि ।
सम्झाउने ध्येय लिई यसरी भन्न थाल्नुभो ॥०॥

के चाल हो अर्जुन यो किन विस्मात गर्दछौ ।
सुहाएन तिमीलाई यस्तो गर्न त क्यै गरी ॥

न दिन्छ यसले कीर्ति न ता मिल्दछ स्वर्ग नै ।
तिमी जस्तो पुरुषले यसो गर्नु हुँदैन है ॥

तिमीजस्तो वीरमा नि यो नपुंसकता किन ।
यस्तो दुर्बलता त्यागी युद्धका लागिमा उठ ॥२-३॥

श्रीकृष्णको वचन यो सुनी अर्जुनले पनि ।
थाले बिन्ती गर्न त्यहाँ विनम्र बहुतै बनी ॥०॥

सुनी श्रीकृष्णको वाक्य भन्दछन् अनि अर्जुन ।
देख्तै छु रणमा हाम्रा मान्य-पूज्य सबै जन ॥

भीष्म द्रोण दुवै हाम्रा अत्यन्तै पूज्य छन् भने ।
तिनैका सँगमा युद्ध गरी कसरी मार्नु लौ ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरूनहत्वा हि महानुभावाञ्छ्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ॥
हत्वार्थकामाँस्तु गुरूनिहैव भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् ॥५॥

न चैतद्विद्मः कतरन्नो गरीयो यद्वा जयेम यदि वा नो जयेयुः ॥
यानेव हत्वा नजिजीविषामस्तेऽवस्थिता प्रमुखे धार्तराष्ट्राः ॥६॥

कार्पण्यदोषोपहत स्वभावः पृच्छामि त्वां धर्मसंमूढचेताः ॥
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

न हि प्रपश्यामि ममापनुद्याद्यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ॥
अवाप्य भूमावसपत्नमृद्धं राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

सञ्जय उवाच :

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

श्रीभगवानुवाच :

अशोच्यानन्वशोचंस्त्वं प्रज्ञावादाँश्च भाषसे ।
गतासूनगतासूँश्च नानुशोचन्ति पण्डिताः ॥११॥

न त्वेवाहं जातु नासं न त्वं ने मे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरु नमार्दा बरू भैक्ष्य नै मिलोस्, भोग्नु त तेही बरु बेस होला ॥
मारेर आफ्ना गुरु भोग भोग्नु, हुनेछ त्यो ता रगतै समान ॥५॥

हामी बलीया कि उनी बलीया, जित्छौँ कि हार्छौं न त थाह क्यै छ ॥
सकिन्न बाँच्नै जुन व्यक्ति मार्दा, तिनै सबै छन् यस युद्धमा यहाँ ॥६॥

दौर्बल्यले मार्ग कुनै नदेख्ता, सोद्धैछु हे नाथ ! म धर्म भुल्दा ।
कल्याण के मा छ निधो गरी त्यही, आज्ञा हवस् नाथ ! म शिष्यमा सही ॥७॥

जो शोक ऐले मनमा छ मेरो सम्पूर्ण यो लोक र स्वर्गको पनि ॥
राज्यै मिले तापनि हट्न यो कसै, सक्तैन होला म कसो गरूँ अनि ॥८॥

यस्तो अर्जुनको शोक सबै विस्तारपूर्वक ।
गरेर बिन्ती राजामा भन्छन् सञ्जय यो ॥०॥

भन्छन् सञ्जय हे राजन् ! कृष्णलाई यसो भनी ।
भए अर्जुन ती मौन म त लड्दिन लौ भनी ॥९॥

दुई सेनाहरूमाझ यसरी अति खिन्न भै ।
बसेका ती अर्जुनका सामू भैकन हाँसदै ॥१०॥

सुनेर यस्तो वचन वीर अर्जुनको अनि ।
सम्झाउँदै त्यहाँ फेरि कृष्णले भन्न थाल्नुभो ॥०॥

सोच्नै नपर्ने सोच्तै छौ छाँट्छौ पाण्डित्यका कुरा ।
विद्वान्हरू त सोच्तैनन् को छ जीवित को मृत ॥११॥

हिजो पनि थियौं हामी आज जो छौं यहाँ सबै ।
रहनेछौं भोलि पनि बुझ यो सत्य हो भनी ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदु:खदाः ।
आगमापायिनोऽनित्यास्ताँस्तितिक्षस्व भारत ॥१४॥

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदु:खसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयो तत्त्वदर्शिभिः ॥१६॥

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

अन्तवन्त इमे देहा नित्यस्योक्ता शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ नविजानीतो नाऽयं हन्ति न हन्यते ॥१९॥

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ॥
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालो हुनू र तरुनो त्यस्तै बूढो हुने क्रम ।
फेरिएसरि यो हाम्रो फेरिन्छ देह नै पनि ॥

आश्चर्य मान्ने यसमा म त क्यै पनि देख्तिन ।
व्यर्थमा शोक नगर यहाँ मर्दैन क्वै पनि ॥१३॥

तातो चीसो दु:ख सुख यी सबै नै अनित्य हुन् ।
आफै जान्छन् आउँछन् यी सहनैपर्छ अर्जुन ॥१४॥

दु:खी हुँदैन जो यस्ता आएका सुखदु:खमा ।
यसरी बस्न जो सक्छ, त्यसले मोक्ष पाउँछ ॥१५॥

असत्को हुन्न अस्तित्व सत्को हुन्न अभाव नै ।
तत्त्वदर्शीहरूले ता यो तत्त्व बुझिहाल्दछन् ॥१६॥

अविनाशी छ त्यै मात्रै जसले सृष्टि गर्दछ ।
विनाश त्यसको गर्न समर्थ छैन क्वै पनि ॥१७॥

देही जो हो नित्य त्यो छ देह भन्नु अनित्य हो ।
बुझेर यो सबै तत्त्व युद्धका लागिमा उठ ॥१८॥

यहाँ मार्ने हुन्न कोही न कोही मर्छ नै यहाँ ।
मर्‍यो मार्‍यो भनी ठान्नु यो सरासर गल्ती हो ॥१९॥

न जन्म यो लिन्छ न मर्छ कैले, जन्म्यो न पैले न त जन्मने छ ।
यो हो अजन्मा र सदा छ नित्य, शरीर मर्दा पनि यो रहन्छ ॥२०॥

अविनाशी नित्य जो छ त्यस्तै अजर अव्यय ।
त्यसले त कसैलाई न मार्छ न मराउँछ ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासांसि जीर्णानि यथा विहाय नवानि गृहणाति नरोऽपराणि ॥
तथा शरीराणि विहाय जीर्णानन्यानि संयाति नवानि देही ॥२२॥

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेतद्विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चश्चर्यवद्वदति तथैव चान्यः ॥
आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फाली पुराना कपडाहरू सबै, नयाँ नयाँ फेर्छ जसो गरी नर ।
आफ्ना पुराना जति छन् शरीर ती फालेर आत्मा पनि फेर्छ त्यो नयाँ ॥२२॥

न शस्त्रले काट्न सक्छ, न आगोले डढाउन ।
पानीले गाल्न सक्तैन न हावाले सुकाउन ॥

नकाटिने नडढ्ने छ न त गल्ने न सोसिने ।
सर्वव्यापी नित्य छ यो त्यस्तै स्थिर र निश्चल ॥

आत्मालाई जान तिमी अव्यक्त र अचिन्त्य औ ।
अविकार्य भनी ठानी यस्मा शोक नराख क्यै ॥२३-२५॥

आत्मालाई तिमी ठान्छौ सधैं मर्ने र जन्मने ।
भने पनि त यसमा शोक गर्नु पर्‍यो किन ॥२६॥

जन्मने मर्छ पक्कै नै मर्ने जन्मन्छ त्यो पनि ।
नियमै हो प्रकृतिको यसमा शोक के छ र ॥२७॥

थिए अव्यक्त पहिले यीं भए व्यक्त बीचमा ।
अव्यक्त बन्छन् मर्दामा अनि के पीर गर्नु छ ॥२८॥

आश्चर्य मानीकन हेर्छ कोही, आश्चर्य मानीकन भन्छ कोही ॥
आश्चर्य मानीकन सुन्छ कोही, जान्दैन कोही त सुनेर नै पनि ॥२९॥

सबका देहमा बस्ने देही नित्य अवध्य छ ।
यसै कारण हे पार्थ ! तिमीले सोच्नु व्यर्थ छ ॥३०॥

बुझी क्षत्रियको धर्म डर केही नमान है ।
धर्मको युद्ध यो जस्तो क्षेत्रीको अरू हुन्न क्यै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं नकरिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम् ।
सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ॥३४॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥

अवाच्यवादांश्च बहून् वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

एषा तेऽभिहिता साङ्ख्ये बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयं आइपरेको यो खुला ढोका छ स्वर्गको ।
यस्तो युद्ध त हे पार्थ ! भाग्यमान् मात्र पाउँछ ॥३१-३२॥

नलड्ने हो भने यस्तो धर्मयुद्ध तिमी अब ।
धर्म कीर्ति गुमाएर पापभागी त बन्दछौ ॥

तिम्रो बद्खोइ गर्ने छन् सबैले नै निरन्तर ।
तिमीजस्ता वीरलाई बद्नामी मर्नु तुल्य हो ॥३३-३४॥

सबैले ठान्न पुग्नेछन् भागेको डरले भनी ।
यति ठूलो वीर भई ठहर्छौ अति कायर ॥

तिम्रो सामर्थ्यको निन्दा होला ती शत्रु माझमा ।
नाना अवाच्य बोल्नेछन् योभन्दा दुःख के हुने ॥३५-३६॥

मारिएमा पनि स्वर्ग जितेमा भोग भूमिको ।
दोहोरै फाइदा हेरी युद्धका लागिमा उठ ॥

सुखदुःख उही ठान लाभालाभ जयाजय ।
एकै ठानी युद्ध गर लाग्दैन पाप क्यै पनि ॥३७-३८॥

यो त भो साङ्ख्यको बात सुन लौ योगको अब ।
बुद्धियुक्त भई गर्दा टुट्नेछन् कर्मबन्धन ॥३९॥

न त आरम्भको नाश न ता छ प्रत्यवाय नै ।
जोगाउला त्रासबाट यस्ले थोरै भए पनि ॥४०॥

यौटै छ यसमा बुद्धि भनिने निश्चयात्मिका ।
अज्ञानीका लागि तर यौटै पनि विभिन्न छ ॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीतिवादिनः ॥४२॥

कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ नविधीयते ॥४४॥

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान् सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्म फलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदाध्ययनमा रम्ने केही विद्वान्हरू पनि ।
भोग ऐश्वर्यलाई नै सबै नै ठान्न पुग्दछन् ॥

त्यसैको प्राप्तिका लागि ती नाना कर्म गर्दछन् ।
स्वर्गलाई साध्य ठान्छन् अरू क्यै छैन भन्दछन् ॥

भोग ऐश्वर्यमा लाग्नेहरूको बुद्धिविभ्रम ।
हुन जाँदा त हे पार्थ ! निश्चयात्मक बुद्धि ता ॥

हराईहाल्छ तिनको त्यसैले नै उनीहरू ।
परमात्म-प्राप्तिबाट रहन्छन् दूर नै सधैं ॥४२-४४॥

वेदवाक्य त्रिगुणको फलवर्णन गर्दछन् ।
तिमी त्यता लाग्नु हुन्न निस्त्रैगुण्य तिमी बन ॥

कुनै द्वन्द्व नराखेर सत्त्वस्थ बन नित्य नै ।
योग क्षेम सबै छोडी बन है आत्मवान् तिमी ॥४५॥

ठूलो जलाशय मिले कुवाको काम के हुने ।
ज्ञानीका लागि त्यस्तै नै वेदको अर्थ के हुने ॥४६॥

कर्ममा मात्र तिम्रो छ फलमा छैन क्यै हक ।
फलेच्छाले नहोस् कर्म कुनै सङ्ग अकर्ममा ॥४७॥

रहेर योगमा कर्म गर आसक्ति त्यागियौ ।
समत्व योग हो, राख समत्वै सिद्ध्यसिद्धिमा ॥४८॥

निम्न हो कर्म यो जान बुद्धियोग महान् कुरा ।
बुद्धिमै खोज शरण कर्मको गति तुच्छ हो ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

अर्जुन उवाच :

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

श्रीभगवानुवाच :

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिमान्ले छोड्छ कर्म दुवै सुकृत दुष्कृत ।
गर उद्योग योगैमा योग हो कर्म कौशल ॥५०॥

बुद्धिमान् जन ता त्यागी कर्मजन्य सबैफल ।
जन्मबन्धै पार गरी जान्छन् परम धाममा ॥५१॥

बुद्धिले मोहको मैलो धोएका दिन अर्जुन ।
सबै प्रकारका भोगबाट वैराग्य पाउँछौ ॥५२॥

कुनै कुरा नसुनेरै मन लागे समाधिमा ।
हुनेछ योगको प्राप्ति तिमीलाई त्यसै दिन ॥५३॥

सुनी श्रीकृष्णको यस्तो हितको उपदेश यो ।
सोध्न लागे अर्जुनले यसरी तलका कुरा ॥०॥

कस्तालाई स्थितप्रज्ञ हो भनी जान्नुपर्दछ ।
कस्ता कुरा गर्दछ ऊ कसरी बोल्छ हिँड्दछ ॥५४॥

सुनी अर्जुनको यस्तो जिज्ञासा कृष्णले पनि ।
जिज्ञासा सो मेट्नलाई भन्नुभो यसरी अनि ॥०॥

मनका ती सबै इच्छा त्यागी सन्तुष्ट भैकन ।
आफैंभित्र रमाएर बस्ने नै स्थितप्रज्ञ हो ॥

दुक्खमा दुक्ख मान्दैन न इच्छा सुखकै पनि ।
भय-राग-क्रोधमुक्त जो छ त्यो स्थितप्रज्ञ हो ॥

राम्रो नराम्रो जे मिल्छ दुवैमा भै बराबर ।
निन्दा प्रशंसामा भेद नगर्ने स्थितप्रज्ञ हो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिठिता ॥५७॥

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इद्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञां प्रतिष्ठिता ॥६१॥

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

क्रोधाद् भवति सम्मोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंसाद् बुद्धिनाशो बुद्धिनाशाद्विनश्यति ॥६३॥

रागद्वेषविमुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कछुवाले सबै अङ्ग हटाएझैं गरीकन ।
भोगेच्छाबाट जो सक्छ इन्द्रियादि हटाउन ॥

त्यसैलाई जान्नु पार्थ ! स्थितप्रज्ञ भनीकन ।
उसको बुद्धि ता खालि लाग्छ है परमार्थमा ॥५६-५८॥

भोकाएका बखतमा सबै इन्द्रिय गल्दछन् ।
तर गल्दैन आसक्ति कस्तै भोकाउँदा पनि ॥

तर स्थितप्रज्ञको ता आसक्ति पनि हट्तछ ।
परमेश्वको साक्षात् जब दर्शन पाउँछ ॥५९॥

मत्त यी इन्द्रियहरू जति यत्न गरे पनी ।
मनलाई हरिहाल्छन् जबर्जस्ती गरीकन ॥

रोकी सबै इद्रिय यी ममै भक्ति गरी बसी ।
जितेन्द्रिय भएमा नै कहिन्छ स्थितप्रज्ञ त्यो ॥६०-६१॥

विषयै नै सोच्न थाले आसक्ति बढिहाल्दछ ।
आसक्तिले काम बढ्छ कामले क्रोध बढ्दछ ॥

क्रोधले बढ्छ सम्मोह मोहले स्मृतिविभ्रम ।
स्मृतिविभ्रमले हेर बुद्धि नै नाश गर्दछ ॥

बुद्धि नाश भएमा त नाश हुन्छ सबै कुरा ।
यस्तो मानिस ता हेर सदाका लागि गिर्दछ ॥६२-६३॥

यी इन्द्रियहरूलाई नियन्त्रित गरीकन ।
रागद्वेषविना भोग गर्दामा सुख मिल्दछ ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसादे सर्वदु:खानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

नास्ति बुद्धिरयुक्तस्य नचायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्दियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ॥७०॥

विहाय कामान्यः सर्वान् पुमाँश्चरति निस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ॥७१॥

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

इति सांख्ययोगोनाम द्वितीयोऽध्यायः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हराउँछन् सबै दु:ख मिल्दामा त प्रसन्नता ।
प्रसन्नचित्तको पार्थ ! बुद्धि ता स्थिर बन्दछ ॥६५॥

मिल्दैंन है बुद्धि कसै विना इन्द्रिय निग्रह ।
विना निग्रहले त्यस्तै न त मिल्दछ भावना ॥

भावनाहीनले हेर सक्तैनन् शान्ति पाउन ।
मनमा शान्ति नभए कसरी सुख पाउला ॥६६॥

छाडा इन्द्रियका साथ जब यो मन लाग्दछ ।
आँधीले नाउलाई झैं बुद्धिलाई डुलाउँछ ॥६७॥

जसको वशमा हुन्छन् यस्ता दुर्ग्रह इन्द्रिय ।
त्यस्तो बुद्धि हुनेलाई स्थितप्रज्ञ भनी चिन ॥६८॥

सबै प्राणीहरूलाई जो ता रात्रि समान छ ।
संयमी ता त्यसैमा नै जागा रहन पुग्दछ ॥

अरू प्राणीहरू जाहाँ जागा रहन पुग्दछन् ।
संयमीका लागि भने त्यही रात्रि समान छ ॥६९॥

नदीहरू ती जसरी समुद्रमा, हराउँछन् पार्थ ! विलीन भै त्यहीं ॥
जहाँ पुगी काम सबै बिलाउँछन्, ज्ञानी त्यही वास्तव शान्ति पाउँछ ॥७०॥

भोगेच्छा ममता त्यागी सदा निस्पृह भैकन ।
निरहङ्कार जो हुन्छ त्यसैले शान्ति पाउँछ ॥७१॥

ब्राह्मी स्थिति यही नै हो यस्को प्राप्ति भएपछि ।
पर्दैन मोहमा कोही सदा जाग्रत हुन्छ ऊ ॥

रहन्छ यसमा जो ता उसको अन्तकालमा ।
उसले प्राप्त गर्ने छ ब्रह्म निर्वाणको स्थिति ॥७२॥

सांख्ययोग नाम गरेको दोस्रो अध्याय यहीं सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ तृतीयोऽध्यायः

अर्जुन उवाच :

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

व्यामिश्रेणेन वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

श्रीभगवानुवाच :

लोकेऽस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च सन्न्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेस्रो अध्याय

कृष्णको यस अर्तीले मनमा क्यै परी भ्रम ।
सोध्न थाले अर्जुनले कृष्णमै मन दीकन ॥०॥

कर्मभन्दा बुद्धि ठूलो हो भने यदि सत्य यो ।
मलाई कर्म नै गर्न अर्ती किन त मिल्छ यो ॥१॥

दोधारे यस अर्तीले ममा पर्न गयो भ्रम ।
कल्याण मेरो के मा छ त्यही निश्चय भन्नुहोस् ॥२॥

सुनी अर्जुनको यस्तो जिज्ञासापूर्ण प्रश्न यो ।
भन्न थाल्नुभयो कृष्ण यस्तो अर्जुनमा अब ॥०॥

पहिले नै भनेको छु निष्ठाका रूप छन् दुई ।
सांख्यको ज्ञान निष्ठा र योगीको कर्मयोग हो ॥३॥

नगरी कर्म आरम्भ नैष्कर्म्य प्राप्त हुन्न है ।
न त सन्न्यासले मात्र कसैले सिद्धि पाउँछ ॥४॥

नगरेर कुनै कर्म टिक्नै सक्तैन क्वै पनि ।
सबैलाई प्रकृतिले बलात् काम गराउँछ ॥५॥

कर्मेन्द्रियहरू रोकी मनले सम्झदै सबै ।
कोही बस्छ भने त्यो हो ढोंगी ठूलो भनी बुझ ॥६॥

इन्द्रियै मनले रोकी जो कर्म गर्न थाल्दछ ।
नराखी फलको आशा त्यो नै बन्छ विशिष्ट त ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर आफ्नो कर्म सधैँ कर्म गर्नु त बेस हो ।
गर्नैपर्दछ है कर्म बाँच्नका लागिमा पनि ॥८॥

यज्ञार्थ कर्मबाहेक अरू कर्म त बन्ध हो ।
नराखी फलको आशा कर्म ता गर्नुपर्दछ ॥९॥

गरेर सृष्टि ब्रह्माले यज्ञका साथमा प्रजा ।
भनेथे रे प्रजा ! हेर यो छ कल्याण कारक ॥

गर्नुपर्दछ यो यज्ञ यसबाट तिमी सबै ।
सकौला है प्राप्त गर्न इच्छामाफिकको फल ॥१०॥

यज्ञद्वारा तिमी सारा द्यौताको भावना गर ।
तिमीलाई गर्न थाल्लान् द्यौता पनि त भावना ॥

एक आपसको यस्तो भावनाले सँधै भरी ।
हुन जाला दुवैलाई ठूलो कल्याण लोकमा ॥११॥

यज्ञद्वारा भावित भै ती सारा देवता पनि ।
देलान् तिमीहरूलाई इच्छामाफिकको फल ॥

देवताले दिने यस्तो उनलाई नदीकन ।
भोग्ला जो आफूमात्रै नै चोर हो त्यो भनी बुझ ॥१२॥

यज्ञबाट बचेकाले आफ्नो निर्वाह गर्छ जो ।
सबै पापहरूबाट जाला त्यो मुक्त भैकन ॥

आफ्नो मात्रै पेट भर्न जो ता अन्न पकाउँछ ।
होला त्यस्तो भोजन ता पाप खाए बराबर ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसङ्ग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥२०॥

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्नबाटै भएको हो प्राणीको जन्म संभव ।
वर्षाबाटै सम्भव भो अन्नको पनि उद्भव ॥

हुन्छ वर्षा यज्ञबाट यज्ञ हो कर्म-उद्भव ।
कर्मलाई जान तिमी ब्रह्मबाट भयो भनी ॥१४-१५॥

परम्परा नियम यो गर्दैनन् पालना त जो ।
भोगलिप्तहरू त्यस्ता यहाँ ज्यूनू त व्यर्थ छ ॥१६॥

आत्मामा नै रम्दछ जो आत्मामै तृप्त भैकन ।
आत्मामा नै छ सन्तुष्ट त्यसको कार्य के छ र ॥

यस्ता पुरुषले कर्म गर्नुमा वा नगर्नुमा ।
छैन पार्थक्य ता केही न कसैसँग मत्लव ॥१७-१८॥

नराखी फलको आशा सदा रहनु कर्ममा ।
यसो गर्न सकेमा ता होला ईश्वर-प्राप्ति नै ॥१९॥

जनकादि सबै राजा भए मुक्त त कर्मले ।
लोक सङ्ग्रहकै लागि पनि कर्म त गर्नु है ॥२०॥

ठूलाबडाले जे गर्छन् त्यस्तै नै अरू गर्दछन् ।
ऊ जे प्रमाण मान्नेछ त्यही नै अन्य मान्दछन् ॥२१॥

गर्नुपर्ने कुनै काम मेरो छैन त्रिलोकमै ।
छैन प्राप्तव्य क्यै बाँकी म छु तैपनि कर्ममा ॥२२॥

नगरेरै कुनै कर्म म बस्ने हो भने यदि ।
मेरै बाटो हिँड्न थाल्लान् हेर यी दुनियाँ सबै ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्सीदेयुरिमे लोका न कुर्यां कर्मचेदहम् ।
सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वाँस्तथासक्तश्चिकिर्षुर्लोकसंग्रहम् ॥२५॥

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसंङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ॥२६॥

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्नविचालयेत् ॥२९॥

मयि सर्वाणि कर्माणि सन्न्यस्याध्यात्मचेतसा ।
निराशीर्निऽर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगरे कर्म नै मैले होला बर्बाद लोक यो ।
म कर्ता हुन पुग्नेछु वर्णसङ्करको पनि ॥

हुनेछ नाश यो लोक बाँकी क्यै नरहीकन ।
जिम्मेवार ठहर्नेछु म नै लौ त्यसको पनि ॥२४॥

आसक्त भै ती अज्ञानी जसरी कर्म गर्दछन् ।
अनासक्त बनी कर्म विद्वान्ले गर्नुपर्दछ ॥२५॥

अज्ञानी जनका लागि तिमी कर्म गरीकन ।
सिकाऊ सब सत्कर्म नपार मतिमा भ्रम ॥२६॥

जति हुन्छन् सबै कर्म स्वयं प्रकृति गर्दछ ।
तथापि मूर्ख मान्छे ता कर्ता हुँ भनि ठान्दछ ॥

परन्तु तत्त्ववेत्ता ता गुणकर्म विभागको ।
गुणमा गुण नै हुन्छन् भन्ने मानेर बस्तछ ॥२८॥

नियमैले प्रकृतिका जो छन् अत्यन्त मोहित ।
लाग्छन् ती त स्वभावैले नित्य नै गुणकर्ममा ॥

ती हुन् अज्ञानका खानी तिनलाई कसै पनि ।
नपार्नू है विचलित ती यथावत् रही रहून् ॥२९॥

सुम्प तिम्रा सबै कर्म ममा अध्यात्म चित्तले ।
आशा र ममता त्यागी गर युद्ध तिमी अब ॥३०॥

रिस राग सबै छोडी श्रद्धायुक्त बनीकन ।
मतानुसार नै मेरो चल्नेले मुक्ति पाउँछ ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

येत्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

अर्जुन उवाच :

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

श्रीभगवानुवाच :

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममाथि द्वेषले कोही मान्दैनन् मत यो भने ।
ती ता जान तिमी पार्थ ! ज्ञानशून्य विनष्ट हुन् ॥३२॥

ज्ञानी जनहरू चल्छन् स्वभावअनुसार नै ।
सबै प्रकृतिका वश्य गर्न के सक्छ निग्रह ॥३३॥

बुझ इन्द्रियका लागि स्वयं इन्द्रियका पनि ।
व्यवस्थित भएका छन् राग द्वेष दुवै त्यहाँ ॥

तिनका वशमा जानु तिमीले हुन्न क्यै गरी ।
कल्याणमार्गका लागि ती हुन् शत्रु भनी बुझ ॥३४॥

अर्काको धर्मभन्दा त चाहे जस्तो भए पनि ।
आफ्नै धर्म बेस हुन्छ यो सबै बुझ्नुपर्दछ ॥

अरूको धर्म स्वीकार गर्नु हुन्न कसै पनि ।
परधर्म मान्नुभन्दा मर्नु बेस स्वधर्ममा ॥३५॥

सुनेर यस्तो वचन जिज्ञासा बढ्न गैकन ।
सोध्न थाले फेरि पनि वीर पाण्डव अर्जुन ॥०॥

चाहे इच्छा नहोस् आफ्नो पाप गर्दछ मानिस ।
यस्को प्रेरक को होला जो बलात् गर्न लाउँछ ॥३६॥

सुनी अर्जुनको प्रश्न अनि श्रीकृष्णले पनि ।
भन्न लाग्नुभयो यस्तो फेरि अर्जुनमा त्यहीं ॥०॥

रजोगुणैबाट भयो जसको जन्म हो त्यही ।
काम हो यो सबै गर्ने जान्नु क्रोध स्वरूपको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धूमेनावृयते बन्हिर्यथादर्शो मलेन च ।
यथोल्वेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८ ।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

इति कर्मयोगोनाम तृतीयोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महापापी यो छ हेर जति खाओस् न तैपनि ।
अघाउँदैन कहिल्यै बैरी त्यै हो भनी बुझ ॥३७॥

धुवाँले अग्नि ढाकेझैँ ऐना मयलले अनि ।
गर्भलाई सालले झैँ कामले सब ढाक्तछ ॥

ज्ञानीको शत्रु नै यै हो यसैले ज्ञान ढाक्तछ ।
कैल्यै सन्तुष्ट नहुने आगोतुल्य छ यो बुझ ॥३८-३९॥

यस्का वासस्थान त हुन् मन बुद्धि र इन्द्रिय ।
यिनैको नै सहारामा यसले ज्ञान ढाक्तछ ॥

ज्ञान नै ढाकिँदा पार्थ ! देही बन्छ विमोहित ।
यसै कारण हे पार्थ ! यिनैको गर निग्रह ।

ज्ञानविज्ञानको शत्रु यो पापी काम मान्नु है ।
मारिद्यौ अनि हे पार्थ ! खुलाऊ ज्ञानमार्ग त्यो ॥४०-४१॥

पर हुन्छन् इन्द्रिय नै यीभन्दा पर ती मन ।
मनभन्दा बुद्धि पर आत्मा ता अरू झन् पर ॥४२॥

आत्मालाई श्रेष्ठ ठानी आफ्नै नै गर निग्रह ।
काम रूपी शत्रुलाई तिमीले मार्नुपर्दछ ॥४३॥

कर्मयोग नाम गरेको तेस्रो अध्याय यहीं समाप्त हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्थोऽध्यायः

श्रीभगवानुवाच :

इमं विवश्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवश्वान् मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ॥२॥

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

अर्जुन उवाच :

अपरं भवतो जन्म परं जन्म विवश्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

श्रीभगवानुवाच :

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवामि पुनः पुनः ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौथो अध्याय

भन्ने इच्छा भई ज्ञान-कर्म-सन्यास-योगको ।
भन्न थाल्नुभयो कृष्ण अरू यो सुन अर्जुन ॥०॥

मैले भनें विवश्वान्मा उनले मनुमा भने ।
मनुले ता भने फेरि इक्ष्वाकुकन यो सबै ॥१॥

परम्पराबाट प्राप्त यो योग ऋषिले बुझे ।
हरायो हेर त्यो योग लामो यो कालले गरी ॥२॥

तिमी मेरो भक्त ह्वौ र त्यस्तै साथी समेत छौ ।
त्यसैले नै भनेको हुँ तिमीलाई रहस्य यो ॥३॥

सुनी श्रीकृष्णको वाणी जिज्ञासा मनमा भई ।
सोध्न थाले अर्जुनले यो प्रश्न यसरी पुनः॥०॥

हालैको नाथको जन्म विवश्वान् उहिले भए ।
पत्याऊँ कसरी नाथ ! पैले भन्नुभयो भनी ॥४॥

सुनी अर्जुनको प्रश्न जिज्ञासापूर्ण यो अनि ।
भन्न लाग्नुभयो कृष्ण सत्य जानून् सबै भनी ॥०॥

कति जन्म भए मेरा त्यस्तै तिम्रा भए कति ।
तिमी त्यो जान्न सक्तैनौ म ता ती सब जान्दछु ॥५॥

म हुँ अजन्मा त्यस्तै नै सधैंको म हुँ अव्यय ।
त्यति मात्रै कहाँ हो र प्राणीको हुँ म ईश्वर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥९॥

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो प्रकृतिलाई नै राखेर वशमा सदा ।
रही आफ्नै प्रकृतिमा म जन्मन्छु यदातदा ॥६॥

जैले होला धर्मनाश वृद्धि होला अधर्मको ।
त्यति बेला म जन्मन्छु पक्का हो बुझिराख यो ॥७॥

रक्षा साधुहरूको र संहार गर्न दुष्टको ।
धर्मको स्थापना गर्न म जन्मन्छु पुन:पुन: ॥८॥

जस्ले यथार्थ यो बुझ्छ मेरा जन्म र कर्मको ।
पुनर्जन्म नभै उस्को ऊ ममा मिलिहाल्दछ ॥९॥

भय राग क्रोध त्यागी मेरो चिन्तनमा सदा ।
रहेर मेरो शरण आउने जति जो थिए ॥

पवित्र जो भएका हुन् तपस्याले र ज्ञानले ।
ती सबै नै बने पार्थ ! मेरो आफ्नै स्वरूपका ॥१०॥

जस्ले जस्तो रूपमा नै मेरो भजन गर्दछन् ।
आफैं पनि भज्दछु म तिनलाई त्यसै गरी ॥

ती सबै नै हिंडेका छन् मेरै बाटो त्यसो हुँदा ।
मैले समेत भज्नैछ तिनलाई सदासदा ॥११॥

कर्मको सिद्धि चाहेर देवपूजन गर्छ जो ।
पाइहाल्छन् कर्मफल तिनले यस लोकमै ॥१२॥

मैले गरेँ सृष्टि यहाँ हेर यी चार वर्णको ।
गुणकर्म सबै हेरी ठिक्क त्यैअनुसारको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्षसेऽशुभात् ॥१६॥

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्को कर्त्ता सबै मै हुँ मबाटै सृष्टि भो सबै ।
कर्ता हुँ तर यो जान अकर्ता अनि अव्यय ॥१३॥

न कर्मले लिप्त गर्छन् न कुनै फलचाहना ।
मलाई यसरी जान्ने बाँधिदैन उ कर्मले ॥१४॥

यही बुझी कर्म गरे अधिका मुनिले पनि ।
पुर्खाले जो गरे कर्म गर त्यै तिमीले पनि ॥१५॥

कर्म के हो के अकर्म धेरै मोहित बन्दछन् ।
कर्म के हो म त्यो भन्छु यो जानी मोक्ष पाउला ॥१६॥

बझ्नुपर्दछ हे पार्थ ! कर्मबारे सबै कुरा ।
त्यस्तै विकर्मका बारे पनि ता जान्नुपर्दछ ॥

अकर्मले के हुने हो राम्ररी त्योसमेत झन् ।
जान्नैपर्दछ हे पार्थ ! गैह्रो छ कर्मको गति ॥१७॥

अकर्म कर्ममा देख्छ देख्छ कर्म अकर्ममा ।
त्यो बुद्धिमान् हो हे पार्थ ! जो सबै कर्म गर्दछ ॥१८॥

जस्का काम सबै हुन्छन् इच्छा सङ्कल्प वर्जित ।
ज्ञानाग्निले सबै कर्म जो सक्तछ डढाउन ॥

त्यस्तालाई सबै विद्वान् भन्छन् हो ऊ त पण्डित ।
बुझेर यो सबै पार्थ ! तिमीले चल्नुपर्दछ ॥१९॥

कर्मको फल त्यागेरै जो नित्य तृप्त बन्दछ ।
गर्दागर्दै पनि कर्म त्यो नगर्ने ठहर्दछ ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥२१॥

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वाऽपि न निबध्यते ॥२२॥

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै आशा त्याग गरी जिती देह र इन्द्रिय ।
भोगका छाडी सामग्री नित्य जो बस्न सक्तछ ॥

शरीरले मात्र सबै काम गर्दै गरे पनि ।
त्यस्ताले भोग्नुपर्दैन कुनै पाप तिमी बुझ ॥२१॥

जो मिलेको छ त्यसमै सन्तुष्ट हुन सक्छ जो ।
रिस-राग-भय-क्रोधबाट मुक्त सँधै छ जो ॥

समान हुन्छ जो आफ्नो कार्यसिद्धि असिद्धिमा ।
बाँधिदैन ऊ ता पार्थ ! कुनै ती कर्म बन्धले ॥२२॥

कुनै सङ्गतमा छैन जस्को चित्त छ ज्ञानमा ।
जो यज्ञका लागि मात्र गर्छ कर्म समग्रमा ॥

त्यो स्वयं मुक्त मानिन्छ त्यस्ता मानिसका बुझ ।
गरेका काम ता सारा विलीन हुन पुग्दछन् ॥२३॥

ब्रह्म नै हो अर्पण त्यो हविष्य पनि ब्रह्म हो ।
होमिने अग्नि हो ब्रह्म होम नै पनि ब्रह्म हो ॥

समाधिमा ब्रह्म कर्म लाग्ने त्यो पनि ब्रह्म हो ।
यस्ता पुरुषको पार्थ ! गन्तव्य पनि ब्रह्म हो ॥२४॥

होम गर्छन् कुनै योगी देवतागण सम्झँदै ।
यज्ञले यज्ञलाई नै कतिले होम गर्दछन् ॥

कतिले ता इन्द्रिय नै होम्छन् संयम-अग्निमा ।
कति शब्दादि विषय होम्छन् इन्द्रिय-अग्निमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान् विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति अन्य भने फेरि सबै इन्द्रिय कर्म र ।
प्राण कर्म सबै होम्छन् आत्म-संयम अग्निमा ॥२५-२७॥

ज्ञानयज्ञ तपोयज्ञ योगयज्ञ त्यसै गरी ।
स्वाध्यायज्ञानको यज्ञ गर्दछन् कतिले भने ॥

प्राण वायु कुनै होम्छन् अपान वायुमा लगी ।
कति अन्य भने होम्छन् अपान प्राणमा लगी ॥

प्राणापान दुवै रोकी जो प्राणायाम गर्दछन् ।
नियताहार जो हुन्छन् प्राणमा प्राण होम्दछन् ॥

यज्ञले पाप कटनी गरेका यी सबै तिमी ।
जान है पार्थ ! यी यस्ता यज्ञविद् हुन् भनीकन ॥२८-३०॥

यज्ञको शेष जो खान्छन् ती जान्छन् ब्रह्म लोकमा ।
तर यज्ञ नगर्नेको न यो वा परलोक नै ॥३१॥

यस्ता अनेक यी यज्ञ वर्णना गर्छ वेदले ।
ती सबै नै कर्मबाटै हुन्छन् सम्पन्न यो बुझ ॥

सक्यौ बुझ्न भने पार्थ ! यस्तो तत्त्व अवश्य नै ।
तिमी मुक्त हुने नै छौ यस्मा संशय छैन क्यै ॥३२॥

हुन्छ ठूलो ज्ञानयज्ञ द्रव्यभन्दा कता कता ।
समाप्त ज्ञानमा हुन्छन् हाम्रा कर्महरू सबै ॥३३॥

तिमी ज्ञानी कहाँ जाऊ गर सेवा प्रणाम र ।
सोध यस्तो विषयमा भन्नेछन् ती सबै कुरा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥३६॥

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः॥४०॥

योगसन्न्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥४१॥

तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

इति ज्ञान-कर्म-सन्न्यासयोगोनाम चतुर्थोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो जान्नाले तिमी पार्थ! मोहमा नपरीकन ।
देख्नेछौ यी सबै प्राणी आफूमा र तिनै ममा ॥३४-३५॥

पापीभन्दा अझै पापी पनि ती ज्ञान-नाउले ।
तर्नेछन् ती सबै जान अवश्यै पाप-सागर ॥३६॥

जसरी भस्मसात् गर्छ अग्निले समिधा सबै ।
त्यसरी नै ज्ञान अग्नि सबै कर्म डढाउँछ ॥३७॥

छैन केही ज्ञान जस्तो पवित्र यस लोकमा ।
योगसिद्धहरूमा त स्वतः नै ज्ञान आउँछ ॥३८॥

श्रद्धावान् जनले मात्र यो ज्ञान प्राप्त गर्दछन् ।
परा शान्ति मिलीहाल्छ यस्तो ज्ञान मिल्यो भने ॥३९॥

श्रद्धाहीन अज्ञहरू संशयात्माहरू पनि ।
नष्ट हुन्छन् र तिन्को छ न वरत्र परत्र नै ॥४०॥

जस्ले आफ्ना कर्म सारा योगका बलमा लगी ।
सुम्पिन्छ परमात्मामा त्यस्तै संशय नै सबै ॥
ज्ञानाग्निले काट्न सक्छ त्यस्ता ती ज्ञानवान्हरू ।
बाँधिदैनन् कर्मद्वारा आत्मवान् जन ता कबै ॥४१॥

यसै कारण हे पार्थ ! मनको सब संशय ।
ज्ञान तर्बारले काटी लाग उद्योगमा अब ॥४२॥

ज्ञान-कर्म-सन्न्यास योग नामक चौथो अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चमोऽध्यायः

अर्जुन उवाच :

सन्न्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

श्रीभगवानुवाच :

सन्न्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसन्न्यासात्कर्मयोगो विशिष्यते ॥२॥

ज्ञेयः स नित्यसन्न्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

सन्न्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म न चिरेणाधिगच्छति ॥६॥

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचौं अध्याय

सुनी श्रीकृष्णको अर्ती मनमा अझ संशय ।
हुन जाँदा फेरि पनि सोध्न थाले धनञ्जय ॥०॥

एकातिर भयो कृष्ण कर्म सन्न्यासको कुरा ।
त्यसरी नै गर्नुभयो तारीफै कर्मयोगको ॥

कर्म-सन्न्यास औ कृष्ण कर्म-योगविषे कुन ।
ठीक हो भन्नुहोस् यौटै कुनै निश्चयपूर्वक ॥१॥

सुनी अर्जुनको प्रश्न भगवान् कृष्णले अनि ।
थाल्नुभयो फेरि भन्न यसरी तलका कुरा ॥०॥

कर्म-योग र सन्न्यास दुवै छन् श्रेय कारक ।
दुईमध्ये कर्म-योग विशिष्टै मान्नुपर्दछ ॥२॥

जो कुनै द्रोह गर्दैन न इच्छा पनि राख्तछ ।
त्यस्तो निर्द्वन्द्व मान्छे नै कर्मबन्धन-मुक्त छ ॥३॥

अज्ञ मात्रै पृथक् देख्छन् दुवै सांख्य र योगमा ।
राम्ररी एक गर्दामा दुवैको फल मिल्दछ ॥

सांख्यले पाइने जे हो योगले पनि मिल्दछ ।
सांख्य योग दुवै यौटै देख्नेले तथ्य देख्तछ ॥४-५॥

दुःख हो कर्म-सन्न्यास विना-योग गऱ्यो भने ।
योगपूर्वक गर्ने ता शीघ्र नै ब्रह्म पुग्दछ ॥६॥

जो छ यो योगले युक्त जस्को आत्मा विशुद्ध छ ।
आत्मा पनि जितेको छ सबै इन्द्रिय नै पनि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्छृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥

प्रलपन् विसृजन् गृह्णनुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वाऽत्मशुद्धये ॥११॥

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

सर्वकर्माणि मनसा सन्न्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्को आत्मा पुगेको छ मिल्न ती परमात्ममा ।
त्यस्तो योगी कर्म गर्दा कर्मले बाँधिदैन है ॥७॥

सारा इन्द्रियले आफ्नो काम गर्दै गरे पनि ।
ठान्दैन जो आफुलाई म कर्ता हुँ भनीकन ॥

हेर्दै सुन्दै र छाम्दै औ सुँघ्दै खाँदै त्यसै गरी ।
हिँड्दै सुत्तै सास फेर्दै बोल्दै छोड्दै गरे पनि ॥

त्यस्तै चाहे खुलून् आँखा चाहे ती चिम्लियून् पनि ।
तर जो ठान्छ यी कर्म खालि इन्द्रियका भनी ॥

ब्रह्ममा नै सबै सुम्पी कुनै इच्छा नलीकन ।
काम गर्ने व्यक्ति जो छ कर्मले बाँधिदैन ऊ ॥

जस्तै कमलको पात भिज्दैनन् जलले कसै ।
बुझीराख तिमी पार्थ! यो सबै सत्य हो भनी ॥८-१०॥

शरीरले र मनले अथवा बुद्धिले पनि ।
गर्छन् योगीहरू कर्म खालि इन्द्रियले पनि ॥

जे जे गर्छन् ती सबै नै आत्मशुद्धि निमित्तमा ।
योगीले यी सबै कर्म सङ्ग त्यागेर गर्दछन् ॥११॥

योगी त्यागी कर्मफल शान्ति शाश्वत पाउँछन् ।
भोगीहरू बाँधिइन्छन् फलाशा कर्मबन्धमा ॥१२॥

नौढोके पुरमा योगी त्यागेर मनले सबै ।
आरामका साथ बस्छ न गर्छ न गराउँछ ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ॥१९॥

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तृत्व अथवा कर्म अथवा कर्मको फल ।
हैनन् यी ईशका सृष्टि यी हुनेहुन् स्वभावले ॥१४॥

कसैको पाप वा पुण्य लिँदैन बुझ ईश्वर ।
अज्ञानले ज्ञान ढाक्ता लोक पर्दछ मोहमा ॥१५॥

यस्तो अज्ञान आत्माको ज्ञानले नास्न सक्छ जो ।
त्यो ज्ञानले सूर्य जस्तै सबै झल्झल पार्दछ ॥१६॥

बुद्धि आत्मा तथा निष्ठा जस्को छ परमात्ममा ।
ज्ञानले पाप धोएका त्यस्ता पुरुष जो त छन् ॥

मिल्न पुग्छन् पार्थ! हेर उनै ईश्वरमा सबै ।
पर्दैन तिनले फेरि जन्मनै यस लोकमा ॥१७॥

विद्या-विनयले युक्त कुनै ब्राह्मण होस् कि वा ।
गाई, हात्ती र कुकुर त्यस्तै चाण्डाल नै पनि ॥

ज्ञानीका दृष्टिमा पार्थ ! भेदभाव विना कुनै ।
बराबरै मानिइन्छन् ज्ञानीको यो सुलक्षण ॥१८॥

मनमा साम्य जस्को छ तिनले यस लोकमै ।
जितेका छन् स्वर्ग यहीं अन्त खोज्नु त व्यर्थ छ ॥

ब्रह्ममा छैन क्यै दोष सदा बस्छ समान ऊ ।
यस कारण त्यस्ता ता ब्रह्ममा लीन बन्दछन् ॥१९॥

प्यारो केही पाउँदामा बन्दैन हर्षितै पनि ।
न वा अप्रिय पाएमा न कुनै दुःख मान्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः॥२२॥

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

योऽन्तः सुखोऽन्तरारामस्तथाऽन्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणपानौ समौ कृत्वा नाशाभ्यन्तरचारिणौ ॥२७॥

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थिरबुद्धि र ती ज्ञानी जति छन् ब्रह्मविद्हरू ।
सबैलाई जान तिमी ब्रह्ममै स्थित हुन् भनी ॥२०॥

बाह्य आसक्ति त्यागेर भित्री आनन्द लिन्छ जो ।
त्यस्ता ती ब्रह्मयोगीले ब्रह्मानन्द त भोग्दछन् ॥२१॥

इन्द्रियादि सबै भोगहरू हुन् दुखकारण ।
ती हुन् क्षणिक त्यस्तामा रम्दैनन् विज्ञ ता कसै ॥२२॥

यो शरीर नबित्तैमा वेग यो कामक्रोधको ।
जसले जित्न सक्ला त्यो योगी नै हो सदा सुखी ॥२३॥

आत्मामै जो सुखी बन्छ भित्रै आराम पाउँछ ।
जस्को आत्मै उज्यालो छ त्यस्ता योगीहरू सबै ॥

ब्रह्ममा नै मिल्न पुग्छन् स्वयं ब्रह्मस्वरूप भै ।
सत्य हो जान यो पार्थ ! यस्मा सन्देह छैन क्यै ॥२४॥

जो छन् सबै पापमुक्त सबै संशयमुक्त छन् ।
जो लाग्दछन् सदा पार्थ ! प्राणीको हित कार्यमा ।

प्रयत्नशील जो बन्छन् आत्माको ज्ञानमा सदा ।
त्यस्ता ऋषिहरू पार्थ ! ब्रह्मनिर्वाण पाउँछन् ॥२५॥

काम क्रोध सबैबाट मुक्त औ स्थिरचित्तका ।
आत्मज्ञानीहरूको ता निर्वाण छ सबैतिर ॥२६॥

भोगेच्छा सब छाडेर दृष्टि नाशाग्रमा धरी ।
प्रणापान दुवैलाई पनि शान्त गरीकन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

इति कर्म-सन्यासयोगोनाम पञ्चमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन औ बुद्धिका साथ वश राखेर इन्द्रिय ।
इच्छा-भय-क्रोध त्यागी मोक्षका लागि यत्न जो ॥

गर्छ त्यो ता जान पार्थ ! सदा नै मुक्त हो भनी ।
यही हो सार हे पार्थ ! सबै वेदान्त शास्त्रको ॥२७-२८॥

भोक्ता यज्ञ तपस्याको महेश्वर र लोकको ।
प्राणी सबैको मै मित्र यो जाने शान्ति मिल्दछ ॥२९॥

कर्म-सन्न्यासयोग नाम गरेको पाचौँ अध्याय यहीँ समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षष्ठोऽध्यायः

श्रीभगवानुवाच :

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स सन्न्यासी च योगी च न निरग्निर्नचाक्रियः ॥१॥

यं सन्न्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।
नह्यसन्न्यस्तसङ्कल्पो योगी भवति कश्चन ॥२॥

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुसज्जते ।
सर्वसङ्कल्पसन्न्यासी योगारूढस्तदोच्यते ॥४॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैटौं अध्याय

राखी अर्जुनमा ठूलो दया श्रीभगवानले ।
भन्न थाल्नुभयो फेरि यसरी तलका कुरा ॥०॥

अपेक्षा नगरी कर्म-फल कर्तव्य गर्छ जो ।
त्यो योगी अनि सन्न्यासी दुवै हो यति जान्नु है ॥

अग्निको त्याग गर्दैमा निरग्नि पनि हुन्न क्वै ।
त्याग्दैमा नै सबै कर्म सन्न्यासी पनि हुन्न क्वै ॥१॥

सन्न्यास भनिने जे हो त्यही नै योग हो बुझ ।
सङ्कल्प त्याग नगरी सन्न्यासी हुन्न क्वै पनि ॥

मुनिको योगमा पुग्न मानिन्छन् कर्म कारण ।
योगारूढहरूको ता शम मानिन्छ कारण ॥३॥

न कुनै विषयासक्ति न त आसक्ति कर्ममा ।
सर्व-सङ्कल्प-सन्न्यासी योगारूढ भनी बुझ ॥४॥

आफ्नो उद्धार हे पार्थ ! आफै नै गर्नुपर्दछ ।
आत्मालाई कष्ट हुने काम क्यै गर्न हुन्न है ॥

आफ्नो मित्र त आफैं हो त्यस्तै शत्रु पनि स्वयम् ।
जानेर सत्य यो पार्थ ! गर त्यै अनुरूप नै ॥५॥

आफैँलाई जित्न सके आत्मा नै मित्र बन्दछ ।
आत्मा जित्न नसक्नेको आत्मा नै शत्रु बन्दछ ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
सम्प्रेक्ष्य नाशिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्दीगर्मी दुःखसुख त्यस्तै मानापमानमा ।
सदा शान्त हुने नै हो जितात्मा त्यसको सँधै ॥

आत्मामा नै आइबस्छ परमात्मा स्वयं बुझ ।
मन उस्को सधैं हुन्छ आत्मामा नै अवस्थित ॥

ज्ञान-विज्ञानले तृप्त आत्मा छ जसको अनि ।
जिती सबै इन्द्रिय नै शान्त भै बस्न सक्छ जो ॥

माटो, ढुङ्गो र सुनमा छैन पार्थक्य क्यै पनि ।
यस्ता योगी हुँदा भन्छन् सबै त्यो युक्त हो भनी ॥७–८॥

सुहृत् मित्र र मध्यस्थ द्वेष्य बन्धुहरू अनि ।
पापी-धार्मिकमा देख्ने समान उ विशिष्ट हो ॥९॥

बसी एकान्तमा एक्लै गरी इन्द्रिय निग्रह ।
आशा सङ्ग्रह त्यागेर योगमा लाग्नुपर्दछ ॥१०॥

मृगचर्म तथा वस्त्र कुशबाट विनिर्मित ।
न होचो न त वा अग्लो बनाई स्थिर आसन ॥

पवित्रस्थानमा राखी त्यसै आसनमा बसी ।
सबै इन्द्रियका साथै चित्तव्यापार नै पनि ॥

नियन्त्रण गरी सारा आत्मशुद्धि चिताउँदै ।
एकाग्र मनले गर्नुपर्छ यो योगसाधना ॥११-१२॥

शरीर, घाँटी र शिर ठाडो सोझो गरीकन ।
नाशाग्रमा दृष्टि दिई नहेरेरै दिशा कुनै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

नात्यश्नतस्तु योगोऽस्ति नचैकान्तमनश्नतः ।
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६ ।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा प्रसन्न राखेर कुनै भय नलीकन ।
ब्रह्मचारी व्रत धरी राखेर वशमा मन ॥

सदा ममा ध्यान राखी योगीले बस्नुपर्दछ ।
यसरी बस्न सक्ने नै योगीको गुण हो बुझ ॥१३-१४॥

यस्ता प्रकारले जो त समर्पित ममा रही ।
बस्न सक्ला पार्थ ! हेर ऊ परा शान्ति पाउला ॥१५॥

धेरै खाए योग हुन्न न हुन्छ उपवासले ।
धेरै सुते योग हुन्न न त जाग्रामले पनि ॥

खाने घुम्ने ठिक्क गर्दा ठिक्क होस् मन-कामना ।
सुत्ने उठ्ने ठिक्क गर्दा योग हो सुखकारक ॥१६-१७॥

सबै इच्छारहित भै चित्त यो जब लाग्दछ ।
आत्मामा नै भने पार्थ ! त्यही नै योगी बन्दछ ॥१८॥

हावारहित जग्गामा बत्ती स्थिर रहेसरि ।
मन टिक्तछ आत्मामा ती योगीजनको पनि ॥१९॥

योगद्वारा रुद्ध चित्त जहाँ विश्राम गर्दछ ।
योगी त्यहाँ आफुलाई आफैं हेर्दै रमाउँछ ॥२०॥

सारा इन्द्रियको टाढा बुद्धिले मात्र ग्राह्य जो ।
परमानन्द जो हुन्छ त्यसको अनुभूतिले ॥

योगी रमाएर पार्थ ! त्यहीं नै नित्य रम्दछ ।
योगीका लागि ता पार्थ ! त्यही आनन्द स्तुत्य छ ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन् स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

तं विद्याद्‌दुःखसंयोगवियोगं योगसंज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगो निर्विण्णचेतसा ॥२३॥

सङ्कल्पप्रभवान्कामाँस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

शनैः शनैरूपरमेद् बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसभन्दा ठूलो प्राप्ति अरू के हुन सक्छ र ?
त्यस्तो आनन्द पाएर दु:खले हल्लिँदैन त्यो ॥२२॥

दु:खसंयोगको नाश योग हो यति सम्झनू ।
यस्तो योग सधैँ गर्नू हो कर्त्तव्य यही भनी ॥२३॥

सङ्कल्पबाट जन्मन्छन् जति जे भोग वासना ।
त्यागी सबै इन्द्रिय नै रोकेर मनले अनि ॥

धैर्यले बुद्धि पक्रेर क्रमैले बढ्नुपर्दछ ।
आत्मामा नै मन धरी अरू बिर्सनुपर्दछ ॥२४-२५॥

मन चञ्चल यो हेर भाग्न सक्छ यता उता ।
पक्रेर त्यसलाई ता आत्मामै जोत्नुपर्दछ ॥२६॥

प्रशान्त मनको यस्तो योगीलाई त उत्तम ।
सुख मिल्दछ हे पार्थ ! जो स्वयं ब्रह्मरूप छ ॥२७॥

आत्मालाई सदा आफ्नो जो सक्छ परमात्ममा ।
लगाई राख्न त्यो योगी परमानन्द पाउँछ ॥२८॥

आफूलाई सबैमा र आफूमा सब जीव नै ।
देख्न थाल्दछ त्यो योगी समदर्शी भएपछि ॥२९॥

मलाई सबमा देख्ने त्यस्तै देख्ने ममा सबै ।
त्यस्तो मानिस ता मेरो रहन्छ दृष्टिमा सँधै ॥३०॥

सर्वव्यापी मलाई जो भज्छ एकत्व भावले ।
जहाँ रहोस् तर पनि ऊ रहन्छ ममा सँधै ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

अर्जुन उवाच :

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवत्तरम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

श्रीभगवानुवाच :

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

असंयतात्मना योगो दुष्प्राप्य इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

अर्जुन उवाच :

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैलाई आफुजस्तै ठानेर सुखदु:खमा ।
समान देख्छ जो योगी त्यही हो परमोत्तम ॥३२॥

कृष्णको यो सुनी अर्ती शङ्का क्यै मनमा रही ।
सोध्न लागे कृष्णलाई फेरि पनि ती अर्जुन ॥०॥

जो भन्नुभो हजुरले योगबारे सबै कुरा ।
मन चाञ्चल्यले यस्को स्थिति देख्तिन सुस्थिर ॥३३॥

मन ज्यादै चञ्चल छ उस्तै छ बलवान् पनि ।
वायु रोक्नुसरि त्यस्को ठान्छु निग्रह दुष्कर ॥३४॥

सुनी अर्जुनको प्रश्न उनलाई बुझाउँदै ।
भन्न थाल्नुभयो कृष्ण राम्ररी सुन अर्जुन ॥०॥

मन निग्रह ता ज्यादै कार्य हो कठिनै तर ।
अभ्यासले त्यो रोकिन्छ त्यस्तै वैराग्यले पनि ॥३५॥

योग तिन्को हुँदै हुन्न वशमा नभई मन ।
वशमा मन राख्नेले प्राप्त गर्छ उपायले ॥३६॥

अर्को कुराको जिज्ञासा आयो र मनमा पुनः ।
राखे अर्जुनले फेरि यो प्रश्न कृष्णसामुमा ॥०॥

श्रद्धावान् छ र जो छैन संयमी यदि ऊ भने ।
नहुँदा योगसंसिद्धि के होला त्यसको गति ॥३७॥

भुलेर ब्रह्मको बाटो निराधार हुँदै कतै ।
दुवैबाटै च्युत भई त्यो मूढ पनि ता कतै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।
वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

श्रीभगवानुवाच :

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्विषः ।
अनेकयोगसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशको बादलझैं हावाको गतिले गरी ।
हराएसरि नै कृष्ण ! नष्ट पो हुन जान्छ कि ॥३८॥

यो मेरो मनमा जो छ ठूलो संशय त्यो अब ।
हटाइदिनुहोस् कृष्ण ! त्यो गर्ने को अरू छ र ॥३९॥

सुनी अर्जुनको प्रश्न ठानेरै यो मनासिब ।
भन्न लाग्नुभयो कृष्ण जानून् त्यो पनि लौ भनी ॥०॥

कल्याणकारी जो हुन्छ त्यस्को दुर्गति ता कबै ।
हुनै सक्तैन हे पार्थ ! न यहाँ न परत्रमा ॥४०॥

पुग्छ त्यो पनि धर्मात्माहरूकै पुण्य लोकमा ।
सयौँ वर्ष बिताएर फर्कन्छ यस लोकमा ॥

यहाँ फर्केर पनि त्यो धर्मिष्ठ कुलमा गई ।
जन्म लिन्छ र हे पार्थ ! लाग्छ आफैँ सुमार्गमा ॥४१॥

अथवा त्यो जन्म लेला ठूला योगीहरूकहाँ ।
यस्तो जन्म त हे पार्थ ! मानिन्छ अति दुर्लभ ॥४२॥

प्राप्त गर्छ त्यहाँ उस्ले संस्कार गत-जन्मको ।
अनि लाग्दछ त्यो फेरि खोजीमा सिद्धिमार्गको ॥४३॥

अभ्यास पहिलेकाले छोडी सम्पूर्ण कामना ।
निष्काम कर्ममा लाग्छ योगसिद्धि मिलोस् भनी ॥४४॥

प्रयत्नले योग गर्दा सबै पाप विमुक्त भै ।
आफ्नो संस्कारले उस्ले प्राप्त गर्छ परम्पद ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्यश्चाधिको मतः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥४६॥

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः॥४७॥

इति आत्मसंयमयोगोनाम षष्ठोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्वी वा ज्ञानीभन्दा कर्मीभन्दा पनि ठूलो ।
योगी हुन्छ त्यसैले नै योगी नै बन अर्जुन ॥४६॥

योगीमा पनि हे पार्थ ! सबै चित्त ममा दिई ।
श्रद्धापूर्वक जो भज्छ मलाई प्रिय हुन्छ त्यै ॥४७॥

आत्मसंयम योग नाम गरेको छैटौँ अध्यायको समाप्ति यहीँ हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ सप्तमोऽध्यायः

श्रीभगवानुवाच :

मय्यासक्तमना पार्थ योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहङ्कार इतीयं मे भिन्नाः प्रकृतिरष्टधा ॥४॥

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातौं अध्याय

अरू केही थप कुरा भन्न चाहेर कृष्णले ।
बोल्न थाल्नुभयो फेरि यसरी पार्थ सामुमा ॥०॥

ममा आफ्नो चित्त धरी योग गर्दै ममै रही ।
मेरो समग्र यो रूप जान्ने विधि सबै सुन ॥

विज्ञानका सहितको ज्ञान भन्छु म त्यो सुन ।
जुन जान्दा जान्नुपर्ने बाँकी हुन्न कुनै पनि ॥२॥

हजारमा कुनै एक यत्न गर्दछ सिद्धिको ।
तिनैमध्ये कुनै मात्र मलाई जान्न सक्तछ ॥३॥

भूमि पानी अग्नि वायु आकाश मन बुद्धि र ।
अहङ्कार गरी मेरा आठ प्रकृति छन् बुझ ॥४॥

अपरा हो प्रकृति यो परा प्रकृति भिन्न छ ।
जीव स्वरूप नै त्यो हो जस्ले यो लोक धान्दछ ॥

अपरा जड हो जान चेतना त परा भनी ।
जान्नुपर्दछ हे पार्थ ! यो न बिर्स कसै तिमी ॥५॥

यिनैबाट भयो सृष्टि यो सारा लोकको यहाँ ।
उत्पत्ति वा प्रलयको म नै हुँ सब कारण ॥६॥

मभन्दा पर ता केही छँदै छैन भनी बुझ ।
धागामा मणि झैं यी छन् उनिएका सबै ममा ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

बलं बलवतां चाहं कामरागविवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

ये चैव सातित्त्वका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं ततम् ।
मोहितं नाभिजानन्ति मामेभ्यः परमव्ययम् ॥१३॥

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययाऽपरितज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रस हुँ हेर पानीमा प्रभा हुँ चन्द्र सूर्यमा ।
वेदमा हुँ म ॐकार शब्द आकाशमा म हुँ ॥

पुरुषार्थ म हुँ हेर सबै मानव जातिमा ।
पृथिवीमा गन्ध म हुँ सूर्यमा म त तेज हुँ ॥

म हुँ जीवन प्राणीमा तपस्वीमा म हुँ तप ।
तिमीले यो सबै पार्थ राम्ररी जान्नुपर्दछ ॥

जे जति छ यहाँ पार्थ ! सबैको बीज नै म हुँ ।
म बुद्धि बुद्धिमान्को हुँ तेजस्वीको म तेज हुँ ॥

बलवान्को म बल हुँ कामीको म त काम हुँ ।
धर्मसम्मत औ त्यस्तै कामराग विवर्जित ॥८-११॥

भाव सात्विक औ त्यस्तै जति राजस तामस ।
मबाटै नै भएका हुन् भन्ने यो बुझिराख है ॥

म छैन तिनमा पार्थ तर ती छन् ममा अनि ।
सारा संसार नै जान यिनैबाट विमोहित ॥

यिनैले मोह पार्दामा बन्छ भ्रमित लोक यो ।
मलाई जान्न सक्तैन म यीबाट परै भनी ॥१२-१३॥

दैवी माया यो छ मेरो ज्यादै कठिन तर्नमा ।
मेरो शरण आएमा ती ता सहज तर्दछन् ॥१४॥

मायाले ज्ञान हरिँदा आसुरी भावमा हुने ।
नराधमहरू जो छन् पुग्दैनन् ती ममा कबै ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यात्मा जन नै लाग्छन् मेरो भजनकर्ममा ।
आर्त जिज्ञासु अर्थार्थी ज्ञानी यी चार खालका ॥१६॥

तीमध्येमा सबैभन्दा ज्ञानी मानिन्छ उत्तम ।
म हुन्छु प्रिय ज्ञानीको मेरा लागि छ ऊ प्रिय ॥१७॥

उदार हुन्छन् सब यी ज्ञानी ता म स्वरूप हो ।
रही योगी रूपमा ऊ ममा नै मिल्न पुग्दछ ॥१८॥

धेरै जन्म तपस्यामा बिताएपछि जो त यो ।
जान्ला सबै जे जति छ सारा यो भवलोकमा ॥

त्यो सबै नै रहेछन् ती वासुदेवै भनीकन ।
त्यस्तो महात्मा कौन्तेय हुन्छ पक्कै सुदुर्लभ ॥१९॥

इच्छा विविधले गर्दा ज्ञान नष्ट हुने जन ।
स्वभावैले भज्न पुग्छन् इच्छामाफिक देवता ॥२०॥

जसलाई भजोस् जस्ले श्रद्धापूर्वक त्यो भए ।
उस्को इच्छा विचारेर म नै श्रद्धा बढाउँछु ॥२१॥

यसै श्रद्धा युक्त भई जब ऊ भज्न थाल्दछ ।
त्यो त्यो फल त उस्लाई दिलाई दिन्छु मै स्वयम् ॥२२॥

तर त्यस्तो फल भने चाँडै नै नाश हुन्छ नि ।
यस्तो विनाशी फलको आश गर्ने त मूर्ख हुन् ॥

जस्ले जो जो देव भज्छ त्यही त्यो जन पाउँछ ।
मेरो भजन गर्ने ता मलाई प्राप्त गर्दछ ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्वभूतानि संमोहं सर्गे यान्ति परन्तप ॥२७॥

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥

इति ज्ञान-विज्ञानयोगोनाम सप्तमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिहीनहरू ठान्छन् म हुँ केवल मानव ।
के थाहा तिनलाई म अजरामर उत्तम ॥२४॥

म बस्छु योगमायाले ढाकिएर त्यसो हुँदा ।
प्रकाश्य छैन सबको तिनले चिन्नु के गरी ॥२५॥

म जान्दछु सबै जो जो भएथे भूत कालमा ।
त्यसरी नै जान्दछु म को को छन् वर्तमानमा ॥

को कहाँ फेरि जन्मेला हेर पार्थ ! भविष्यमा ।
मलाई कोही जान्दैन म ता जान्दछु यो सबै ॥२६॥

इच्छा र द्वेषले गर्दा जन्मने द्वन्द्वमोहले ।
ज्ञानशून्य हुँदा पार्थ ! सबै छन् अन्धकारमा ॥२७॥

तर जस्ले पाप धोयो आफ्ना ती पुण्यकार्यले ।
ती ता भज्छन् मलाई नै द्वन्द्वमोह विमुक्त भै ॥२८॥

जरामरणको बन्धमुक्त भै मोक्ष पाउन ।
मेरो शरणमा आई यत्न गर्छ कुनै भने ॥

जान्दछन् ती त यो ब्रह्म कर्म अध्यात्म नै सबै ।
पवित्र धाममा मेरो ती सबै पुगिहाल्दछन् ॥२९॥

आफ्नो अन्त हुने बेला मलाई जो त जान्दछ ।
साभिधूत साधिदैव साधियज्ञ भनीकन ॥

ती ता सर्वज्ञ हुन् पार्थ ! ती ममा मिलिहाल्दछन् ।
जान ऐले तिमी पार्थ ! यो सबै सत्य हो भनी ॥३०॥

ज्ञान-विज्ञान योग नाम गरेको सातौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ अष्टमोऽध्याय:

अर्जुन उवाच :

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

अधियज्ञ: कथं कोऽत्र देहेऽस्मिन् मधुसूदन ।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभि: ॥२॥

श्रीभगवानुवाच :

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्ग: कर्म संज्ञित: ॥३॥

अधिभूतं क्षरो भाव: पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
य: प्रयाति स मद्भावं याति नास्त्यत्र संशय: ॥५॥

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावित: ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठौं अध्याय

आएर मनमा केही प्रश्न गम्भीर खालका ।
सोध्न थाले कृष्णलाई वीर अर्जुनले त्यहाँ ॥0॥

अध्यात्म वा ब्रह्म के हो के हो त्यो कर्म नै पनि ।
अधिभूतै भनेको र के हो त्यो अधिदैव नै ॥१॥

अधियज्ञ यहाँ हाम्रो कसरी बस्छ देहमा ।
त्यस्तै प्रयाणका बेला नियतात्माहरू कन ॥

ज्ञेय बन्ने हजुरले कसरी हुन सक्तछ ।
आज्ञा होस् यो नाथ ! सबै दया राखी ममा अब ॥२॥

सुनी अर्जुनको प्रश्न सबै यो शास्त्रसम्मत ।
भन्न लाग्नुभयो कृष्ण मीठा यी वचनामृत ॥0॥

ओङ्कार हो ब्रह्म भन्नु अध्यात्म भन्नु जीव हो ।
सबै भौतिक इच्छाको त्याग नै कर्म हो बुझ ॥३॥

नाशवान् भाव यो हाम्रो अधिभूत यही त हो ।
अन्तरात्मा तिमी जान अधिदैव भनीकन ॥

अधियज्ञ म नै पार्थ ! देहमा सब जीवको ।
यति जान्यौ भने पार्थ ! अरू जान्नु त के छ र ॥४॥

मलाई सम्झँदै जस्ले अन्तमा प्राण त्यागदछ ।
ऊ ता जान तिमी पार्थ ! मैसरी बनिहाल्दछ ॥५॥

प्राणान्तमा त जसले जे जे सम्झन पुग्दछ ।
सदा त्यही भावनाले ऊ त्यही बन्न पुग्दछ ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

कविं पुराणमनुशासितारमणोरणीयासमनुस्मरेद्यः॥
सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ॥९॥

प्रयाणकाले मनसाचलेन भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ॥
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूध्न्यार्धायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ । नित्ययुक्तस्य योगिनः ॥१४॥

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै हुनाले हे पार्थ ! मलाई सम्झँदै लड ।
मन बुद्धि सबै सुम्पे ममा नै मिलिहाल्दछौ ॥७॥

अभ्यास-योगले युक्त चित्त राखेर सुस्थिर ।
गरेमा ध्यान प्रभुको प्रभुमै मिलिहाल्दछ ॥८॥

ज्ञाता पुराना अनुशिता र, सानो अझै त्यो परमाणुभन्दा ।
त्राता सबैका र सचिन्त्य रूप, छन् सूर्य जस्तै तमबाट दूर ॥

यस्ता उनैलाई प्रयाणबेला राखेर चित्त स्थिर योगन्मा नै ॥
आँखीभौंको बीच राखेर प्राण, जो सम्झेला ऊ त्यहीं मिल्न जाला ॥९-१०॥

वेदज्ञले शाश्वत जो छ भन्छन् योगी विरागी जसमा त मिल्छन् ।
चाहेर जो गर्दछन् ब्रह्मचर्य संक्षेपमा त्यो म यहाँ कहन्छु ॥११॥

सबै द्वार गरी बन्द राखी हृदयमा मन ।
पुऱ्याई तालुमा प्राण प्राणायाम गरीकन ॥

उच्चारण गरी ॐको मलाई नित्य सम्झँदै ।
देहको त्याग गर्नेले गति उत्तम पाउँछ ॥१२-१३॥

एकाग्र चित्तले जस्ले सम्झिराख्छ म नै भनी ।
त्यस्तो त्यो नित्ययोगीको म सदा प्राप्य बन्दछु ॥१४॥

सिद्धि प्राप्त गरी आई ममा जो मिल्न पुग्दछन् ।
दुक्खसागरमा फेरि पर्दैनन् ती कसै पनि ॥१५॥

सारा संसारमा जो छन् फेरि जन्मन पुग्दछन् ।
मलाई प्राप्त गर्नेको पुनर्जन्म हुँदैन है ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

अव्यक्ताद् व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात् सनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजार युगको हुन्छ ब्रह्माको दिन अर्जुन ।
त्यस्तै रात्रि हजारैको अहोरात्र भनिन्छ त्यै ॥१७॥

अव्यक्तबाटै जन्मन्छन् दिनको सुरुमा सबै ।
रात्रिमा त सबै फेरि मिल्छन् अव्यक्तमै गई ॥१८॥

चराचर सबै प्राणी साँझमा लीन बन्दछन् ।
प्रभातमा तिनै फेरि यहीं जन्मन पुग्दछन् ॥१९॥

अव्यक्तभन्दा नि पर अर्को अव्यक्त भाव छ ।
नाश उस्को हुँदै हुन्न सबैको नाशमा पनि ॥२०॥

त्यो अव्यक्त त मानिन्छ सदा अक्षर हो भनी ।
त्यसैलाई भन्दछन् है ज्ञानीको गति उत्तम ॥

जहाँ पुगेर पर्दैन फेरि फर्कन लोकमा ।
त्यस्तो त्यो धाम परम मेरो धाम भनी चिन ॥२१॥

अनन्य भक्तिले प्राप्त हुन्छ त्यो परमेश्वर ।
जस्ले गर्‍यो लोक सृष्टि जसले सब ढाक्तछ ॥२२॥

कस्तो बेला मृत्यु हुँदा फेरि पर्दैन फर्कन ।
कस्तोमा फर्कनै पर्छ त्यो भन्छु अब लौ सुन ॥२३॥

उज्याला दिन हुन् त्यस्तै पक्ष ता शुक्ल नै रहोस् ।
उत्तरायणका मैनाहरू होऊन् त्यसै क्षण ॥

जसले प्राण त्याग्ने छ त्यस्ता ती ब्रह्मविद्हरू ।
सबै ती जान है पार्थ ! ब्रह्ममा लीन बन्दछन् ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

नैते सृती पार्थ जानन् योगी मुह्यति कश्चन ।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

वेदेषु यज्ञेषु तपःसु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

इति अक्षरब्रह्मयोगोनाम अष्ठमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अँध्यारो रातमा पार्थ त्यस्तै नै कृष्ण पक्षमा ।
दक्षिणायनमा मर्ने जो जो छन् ती सबै जन ॥

चन्द्रलोक पुगी त्याहाँ रहलान् ती निकै दिन ।
सुख भोगी सबै फेरि फर्कन्छन् यस लोकमै ॥२५॥

दुइटा गति छन् पार्थ ! शुक्ल औ कृष्ण नामका ।
दुवै शाश्वत मानिन्छन् जान है यस लोकमा ॥

एउटाले लिई जान्छ नफर्की आउने गरी ।
अर्काले लिइजाँदा त फेरि फर्कनुपर्दछ ॥२६॥

यो जान्ने योगी ता हेर पर्दैन मोहमा कबै ।
त्यसै कारण हे पार्थ ! योगयुक्त तिमी बन ॥२७॥

वेदादिमा वा तप यज्ञमा औ, दानादिमा जो फल मिल्न सक्छ ॥
यो तत्त्व बुझ्ने त तरेर पार, पुग्नेछ त्यो धाम परत्र जो छ ॥२८॥

अक्षरब्रह्म योग नाम गरेको आठौँ अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ नवमोऽध्यायः

श्रीभगवानुवाच :

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवौं अध्याय

धेरै कुरा भन्नुपर्ने ठानेर अनि कृष्णले ।
भन्न लाग्नुभयो फेरि सुन हे प्रिय अर्जुन ॥०॥

ज्ञान विज्ञानका साथ ज्यादै गुह्य कुराहरू ।
म भन्छु जुन जानेर जाउला मुक्त भै तिमी ॥१॥

राजा हो यो त विद्याको राजा नै गुह्यको पनि ।
यो छ ज्यादै उत्तम र पवित्र पनि त्यत्तिकै ॥

प्रत्यक्ष फलको दाता त्यस्तै धर्म हुने अति ।
सजिलो गर्नमा त्यस्तै अविनाशीसमेत यो ॥२॥

विश्वास छैन जसको यस उत्तम धर्ममा ।
मलाई प्राप्त नगरी फर्कन्छन् मृत्युमार्गमा ॥३॥

मैले सृष्टि गरेको हुँ लोक अव्यक्त मूर्तिले ।
ममै रहन्छन् यी पार्थ ! रहन्न तिनमा म ता ॥४॥

सबै भूतहरू पार्थ रहँदैनन् ममा पनि ।
मेरो ऐश्वर्यको यो हो प्रभाव यो तिमी बुझ ॥

भूतको सिर्जना गर्ने मेरो आत्मा यही सदा ।
भूतको पालना गर्छ बस्तैन तर त्यो त्यहाँ ॥५॥

आकाशवासी त्यो वायु सबैतिर पुगेसरि ।
प्राणीहरू बसेका छन् तिमी हेर ममा सबै ॥६॥

कल्पान्तमा सबै प्राणी मेरै प्रकृतिमा गई ।
मिल्छन् र ती सबैलाई म फेरि सृष्टि गर्दछु ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं गताः ॥१२॥

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन बहुत्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नै प्रकृतिले गर्दा सृष्टि गर्छु पुनः पुनः ।
कसैको वशमा छैन तर चल्छु म वश्य भैँ ॥८॥

उदासीन अनासक्त बनेर रहने हुँदा ।
मलाई बाँध्न सक्तैनन् ती कुनै कर्मले पनि ॥९॥

मेरै आदेशले गर्छ सृष्टि प्रकृतिले सबै ।
यसैले नै चलेको छ सारा संसार यो बुझ ॥१०॥

मलाई जान्न नसकी ठानी केवल मानव ।
अवज्ञा गर्दछन् मेरो ती मूर्ख जन ता सबै ॥११॥

व्यर्थ आशा व्यर्थ कर्म झूटो ज्ञान हुने सबै ।
अँगाली आसुरी बानी मोहमा पर्न पुग्दछन् ॥१२॥

दैवी स्वभावका ज्ञानी यस्तो जानेर नै सबै ।
अनन्य मनले भज्छन् म नै अव्यय हो भनी ॥१३॥

गर्दै कीर्तन मेरो नै प्राप्तिको कामना लिई ।
गर्छन् उपासना नित्य मलाई पाउनै भनी ॥१४॥

कति आराधना गर्छन् मेरो नै ज्ञान यज्ञले ।
एकत्व भावले कोही बहुत्व भावले कुनै ॥

विश्वतोमुख मानेर कति ता त्यस रूपमै ।
गर्छन् आराधना मेरो ज्ञानी जनहरू सदा ॥१५॥

क्रतु वा यज्ञ मै नै हुँ स्वधा वा औषधी पनि ।
मन्त्र मै हुँ तथा आज्य अग्नि वा हवनै म हुँ ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिताहमस्य जगतो माता धाता पितामहः।
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ॥१७॥

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निदानं बीजमव्ययम् ॥१८॥

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ॥
ते पुण्यमासाद्य सुरेन्द्रलोकमश्नन्ति दिव्यान्दिवि देवभोगान् ॥२०॥

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ॥
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥२१॥

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

येऽप्यन्यदेवताभक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो जगत्को पिता माता धाता जे भन त्यो म हुँ ।
म हुँ पवित्र ओङ्कार ऋक् साम र यजुः पनि ॥१७॥

सबैको गति नै मै हुँ त्यस्तै भर्ता र मालिक ।
वासस्थान म नै पार्थ ! मित्र औ शरणै पनि ॥

उत्पत्तिको कारण र त्यस्तै प्रलयको पनि ।
निधान हुँ म नै जान अविनाशी म बीज हुँ ॥१८॥

तपाउने सबैलाई म नै सूर्य स्वरूप हुँ ।
म नै वर्षा खिच्तछु र फेरि त्यै बृष्टि गर्दछु ॥

म नै अमृत यो जान त्यस्तै मृत्युसमेत मै ।
सत् वा असत् जे जति छ त्यो सबै हुँ म नै बुझ ॥१९॥

त्रिवेदमा वर्णित यज्ञद्वारा, जो प्रार्थना गर्दछ स्वर्गको नै ।
त्यस्ता महात्मा जन ता सबै नै, पुगेर स्वर्गै सुखभोग गर्छन् ॥२०॥

समाप्तिमा पुण्य फलै सबै त्यो ती फर्किहाल्छन् यस लोकमा नै ।
वेदत्रयी वर्णित यज्ञ गर्ने, जाऊ र आऊ गरि नै रहन्छन् ॥२१॥

कतै ध्यान नदी मेरो गर्ने नित्य उपासना ।
ती ज्ञानीको क्षेमयोग जिम्मा लिन्छु म नै स्वयम् ॥२२॥

अन्य देवहरूलाई भज्नेले पनि आखिर ।
मलाई नै भजेको छ विधान विपरीत नै ॥२३॥

यज्ञको फलको भोक्ता त्यस्तै प्रभुसमेत हुँ ।
जान्दैनन् सब यो तत्त्व त्यसैले ती त गिर्दछन् ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यान्ति देवव्रता देवान् पितृन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

यत्करोसि यदश्नासि यज्जुहोसि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
सन्न्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवपूजन गर्ने ता पुग्छ त्यो देव लोकमा ।
पितृपूजक जो हुन्छ पुग्छ त्यो पितृलोकमा ॥

भूत पूजक जो हुन्छ पुग्छ ऊ भूत लोकमै ।
मेरा भक्तहरू पार्थ ! मलाई प्राप्त गर्दछन् ॥२५॥

पत्र होस् वा फूल अनि फल वा जल नै पनि ।
भक्तिपूर्वक ल्याएमा भोग गर्छु म त्यो सबै ॥२६॥

जे गर्दछौ तिमी पार्थ ! जे खान्छौ जे त होम्दछौ ।
जे दिन्छौ अथवा जस्तो तपस्या गर्दछौ तिमी ॥

त्यो सबै नै तिमी पार्थ ! मलाई गर अर्पण ।
नगरी फलको आशा यसले मोक्ष पाउँछौ ॥२७॥

शुभाशुभ सबै जो छन् फल हुन् कर्मबन्धन ।
तिनबाट भई मुक्त पुग सन्न्यास-योगमा ।

यसबाट बुझ्यौ पार्थ ! कर्मबन्ध विमुक्त भै ।
ममा नै मिल्न पुग्नेछौ यसमा छैन संशय ॥२८॥

सबै प्राणीहरूमा नै म रहन्छु समान भै ।
मेरो लागि कुनै हुन्न द्वेष्य वा प्रिय नै पनि ॥

जो भज्दछन् मलाई नै अत्यन्तै भक्तिपूर्वक ।
ती छन् मेरा हृदयमा तिन्का हृदयमा म छु ॥२९॥

दुराचारी किन नहोस् मलाई भज्छ क्वै भने ।
त्यस्तालाई साधु मान्नू दृढनिश्चय हुन्छ त्यो ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

इति राजविद्या-राजगुह्ययोगोनाम नवमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मात्मा बन्छ त्यो चाँडै ऊ स्थायी शान्ति पाउँछ ।
मेरो भक्त त नासिन्न जान यो पार्थ ! सत्य हो ॥३१॥

स्त्री वैश्य अथवा शूद्र पापी नै अथवा हवस् ।
मेरो शरणमा आए ऊ परा गति पाउँछ ॥३२॥

के कुरा गर्नु राजा र त्यस्तै ब्राह्मणको पनि ।
अनित्य यो लोक जानी गर भक्ति तिमी पनि ॥३३॥

ममाथि नै देउ मन भक्त मेरै तिमी बन ।
यज्ञ मेरै गर तिमी नमस्कार ममै गर ॥

मलाई नै सुम्पिदेऊ तिम्रो आत्मा स्वयं अब ।
यसो गरे तिमी पार्थ ! ममा नै मिलिहाल्दछौ ॥३४॥

राजविद्या-राजगुह्य योग नाम गरेको नवौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ दशमोऽध्यायः

श्रीभगवानुवाच :

भूय एव महाबाहो श्रृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशौं अध्याय

कुरा बाँकी हुँदा धेरै जानून् अर्जुनले सबै ।
भन्ने सोचाइ राखेर भन्न थाल्नुभयो पुनः ॥०॥

सुन है अब हे पार्थ ! मेरा यी ज्ञानका कुरा ।
तिम्रो नै हितका लागि भन्दै छु अहिले यहाँ ॥१॥

द्यौता होउन् वा महर्षि मेरो उत्पत्ति ता कुनै ।
जान्दैनन् यी त हे पार्थ ! सबैको आदि नै म हुँ ॥२॥

अनादि वा अज भनी मलाई जो त जान्दछ ।
त्यस्तो ज्ञानी त हे पार्थ ! सबै पाप विमुक्त छ ॥३॥

बुद्धि ज्ञान असम्मोह क्षमा सत्य तथा दम ।
सम नै भो दुक्ख सुख उत्पत्ति प्रलयै अनि ॥

भय भो अभयै नै भो अहिंसा समता अनि ।
तुष्टि नै भो तप अनि दानै भो जस औजस ॥

मबाट नै सबै हुन्छन् बेग्लै बेग्लै गरीकन ।
तिमीले बुझिराख्नू छ के होला सब यो भनी ॥४-५॥

सप्तर्षि यी अनि त्यस्तै मनु यी चार नै पनि ।
मेरो सङ्कल्पले जन्मे तिनैले सृष्टि यो गरे ॥६॥

मेरो विभूति यो त्यस्तै योग जो बुझ्छ राम्ररी ।
त्यो युक्त भइहाल्नेछ पक्कै निश्चल योगले ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

अर्जुन उवाच :

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीसि मे ॥१३॥

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः॥१४॥

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबको कारणै मै हुँ मबाटै सृष्टि चल्दछ ।
ज्ञानी जन बुझी यस्तो मलाई नित्य भज्दछन् ॥८॥

ममा नै चित्त औ प्राण जसको छ समर्पित ।
जो गर्दछ सदा ज्ञानचर्चा नित्य परस्पर ॥

गुणगान गरी मेरो जो त नित्य रमाउँछ ।
त्यस्ता ज्ञानीहरू जान ती मेरा प्रिय बन्दछन् ॥९॥

प्रेमपूर्वक भज्ने ती योगीलाई म नै अनि ।
बुद्धियोग दिने गर्छु जस्ले ती मिल्दछन् ममा ॥१०॥

तिनमा नै कृपा राखी अज्ञानोत्पन्न त्यो तम ।
ज्ञानरूपी दीपद्वारा म सबै नष्ट गर्दछु ॥११॥

उपदेश सुनी यस्तो जान्ने इच्छा भई अरू ।
सोध्न थाले अर्जुन ती यसरी तलका कुरा ॥०॥

सबै ऋषिहरू त्यस्तै अनि देवर्षि नारद ।
असित व्यास औ त्यस्तै स्वयं ती देवतै पनि ॥

हजुरै हो परब्रह्म पवित्र धाम नै पनि ।
भनेर भन्दछन् नाथ ! भन्नुहुन्छ स्वयं पनि ॥

म मान्दछु सबै सत्य भन्नुहुन्छ हजूर जो ।
देवदानव जान्दैनन् लीलारूप हजूरको ॥१२-१४॥

आफू मात्रै जान्नुहुन्छ आफूलाई हजूर त ।
म धेरै के भनूँ नाथ ! देवदेव जगत्पते ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वक्तुमर्हस्यशेषेण दिव्या आत्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमाँस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

कथं विद्यामहं योगिँस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

श्रीभगवानुवाच :

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

रुद्राणां शङ्करश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना विभूति ती दिव्य जसले सब लोक यो ।
ढाकी बस्नुभएको छ आज्ञा होस् त्यो सबै अब ॥१६॥

के के भावविषे ध्यान मैले हजुरको गरुँ ।
सधैँ चिन्तन गर्दामा कसरी जान्न सक्तछु ॥१७॥

आफ्नो योग र ती सारा विभूति जति नै पनि ।
भन्नुहोस् अब हे नाथ म अघाउन्न त्यो सुनी ॥१८॥

सुनी अर्जुनको प्रश्न जिज्ञासापरिपूर्ण त्यो ।
भन्न लाग्नुभयो कृष्ण भक्तमाथि दया गरी ॥०॥

म सबै भन्छु हे पार्थ ! मेरा आत्म विभूति ती ।
मेरो विस्तारको सीमा छैन केही तिमी बुझ ॥१९॥

सबको चित्तमा बस्ने आत्मा मै हो भनी बुझ ।
आदि मध्य तथा अन्त म नै हुं सब जीवको ॥२०॥

देवतामा म हुँ विष्णु तेजमा सूर्य नै म हुं ।
मरीचि वायुमा मै हुँ चन्द्र नक्षत्रमा म हुं ॥२१॥

वेदमध्ये साम हुँ म देवतामा म इन्द्र हुँ ।
इन्द्रियैमा म मन हुँ प्राणीमा चेतना म हुं ॥२२॥

म रुद्रमा शङ्कर हुँ कुवेर यक्ष-रक्षमा ।
वसुमा हुँ म नै अग्नि मेरु पर्वतमा म हुं ॥२३॥

पुरोहितहरूमा म सर्वश्रेष्ठ वृहस्पति ।
सेनानीमा स्कन्द म हुं नदीमा सागरै म हुं ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताऽहं विश्वतोमुखः ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ओङ्कार हुँ म वाणीमा भृगु मै हुँ महर्षिमा ।
हिमाल हुँ स्थावरमा यज्ञमा जपयज्ञ हुँ ॥२५॥

वृक्षमध्ये पिप्पल हुँ देवर्षिमा त नारद ।
गन्धर्वमा चित्ररथ म हुँ कपिल सिद्धमा ॥२६॥

समुद्रबाट जन्मेको नाम उच्चैश्रवा भनी ।
चिनिने जो छ घोडामा मलाई जान लौ त्यही ॥

ऐरावत भनी जान हात्तीमा त म नै भनी ।
मानिसैमा भने जान म हुँ राजा भनीकन ॥२७॥

शस्त्रास्त्रमा म हुँ बज्र गाईमा कामधेनु हुँ ।
कामीमा हुँ कामदेव सर्पमा हुँ म वासुकि ॥२८॥

अनन्त हुँ नागमा म वरुणै जलचारिमा ।
पितृमा अर्यमा मै हुँ संयमीमा यमै म हुँ ॥२९॥

दैत्यमा म हुँ प्रल्हाद सर्वभक्षी म काल हुँ ।
मृगमा सिंह हुँ म ता पक्षीमा गरुडै म हुँ ॥३०॥

पवित्रमा वायु म हुँ शस्त्रधारी म राम हुँ ।
गोही हुँ म त माछामा नदीमा म हुँ म जाह्नवी ॥३१

म नै हुँ आदि औ अन्त मध्य नै पनि सृष्टिमा ।
अध्यात्मविद्या विद्यामा वाद संवादमा पनि ॥३२॥

ओङ्कार हुँ अक्षरमा द्वन्द्व हुँ म समासमा ।
अविनासी काल म हुँ धाता हुँ विश्वरूपको ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः॥३५॥

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१॥

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

इति विभूतियोगोनाम दशमोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वहारी मृत्यु मै हुँ म हुँ उत्पत्तिकारण ।
नारीमा श्री तथा कीर्ति क्षमा मेधा सबै म हुँ ॥३४॥

साम गायन विद्यामा गायत्री म हुँ छन्दमा ।
म हुँ मङ्सिर मैनामा ऋतुमा त वसन्त हुँ ॥३५॥

छलीमा म त हुँ द्यूत तेजस्वीमा म तेज हुँ ।
जय हुँ व्यवसायैमा सत्त्व सात्त्विकमा म हुँ ॥३६॥

धनञ्जयै पाण्डवमा वृष्णीमा वासुदेव हुँ ।
मुनिमा म त हुँ व्यास कविमा शुक्र नै म हुँ ॥३७॥

दण्डाधिकारीको दण्ड जित्नेका लागि नीति हुँ ।
गुह्यमा ता मौन म हुँ ज्ञानीको ज्ञान नै म हुँ ॥३८॥

सृष्टिको लागि सबको बीज नै हुँ म अर्जुन ।
मविना यस सृष्टिमा हुनै सक्तैन क्यै पनि ॥३९॥

मेरा दिव्य विभूतिको अन्त नै छैन है कुनै ।
संक्षेपमा गरें मैले विभूतिको त वर्णन ॥४०॥

ऐश्वर्य वा कान्तिले नै युक्त जे जे छ त्यो सबै ।
जान अर्जुन त्यो मेरो अंशबाटै भयो भनी ॥४१॥

संक्षेपमा भन्नुपर्दा यो चराचर विश्व नै ।
आफ्नो एकांशले ढाकी रहेको छु म अर्जुन ॥४२॥

विभूति योग नामको दशौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ एकादशोऽध्यायः

अर्जुन उवाच :

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष । माहात्म्यमपि चाव्ययम् ॥२॥

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

श्रीभगवानुवाच :

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

पश्यादित्यान् वसून् रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

इहैकस्थं जगत् कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमर्हसि ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघारौँ अध्याय

सुनी श्रीकृष्णका यस्ता मीठा वचनले अति ।
बनी प्रसन्न ती पार्थ सोध्न लागे खुशी हुँदै ॥०॥

मेरो कल्याणका लागि गुह्य अध्यात्मको कुरो ।
जो आज्ञा यो भयो नाथ मेरो मोह सबै गयो ॥

उत्पत्ति-नाश प्राणीको सबै विस्तारपूर्वक ।
सुनें हजुरबाटै नै त्यस्तै माहात्म्य नै पनि ॥२॥

आफ्नो स्वरूपका बारे जस्तो भन्नुभयो सबै ।
सत्य हो त्यसको नाथ ! म पाऊँ अब दर्शन ॥३॥

मैले त्यो देख्न सक्ने नै ठान्नुहुन्छ भने प्रभो ।
देखाइदिनुहोस् नाथ ! आफ्नो अव्यय रूप त्यो ॥४॥

बुझी अर्जुनको यस्तो जिज्ञासा भगवानले ।
देखाउने गरी इच्छा भन्नुभो लौ त हेर है ॥०॥

दिव्य रूप हजारौँ ती मेरा लौ हेर अर्जुन ।
भिन्नाभिन्नै आकृतिका नाना नै वर्णका पनि ॥५॥

आदित्य रुद्र र वसु अश्विनी र मरुद्गण ।
पैल्यै कैल्यै नदेखेका आश्चर्य हेर अर्जुन ॥६॥

सारा चराचर जगत् एकत्रित ममा छ जो ।
त्यो र त्यस्तै अन्य पनि तिमी लौ हेर अर्जुन ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न तु मां शक्ष्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

सञ्जय उवाच :

एवमुक्त्वा ततो राजन् महायोगेश्वरो हरिः
दर्शयामास पार्थाय परमं रूपमव्ययम् ॥९॥

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

दिव्यमाल्याम्बरधर दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतो मुखम् ॥११॥

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद् भासस्तस्य महात्मनः ॥१२॥

तत्रैकस्थं जगत् कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

अर्जुन उवाच :

पश्यामि देवांस्तव देव देहे सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थमृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तैनौ देख्न तिम्रा यी आँखाले त त्यसो हुँदा ।
दिव्य चक्षु म लौ दिन्छु त्यसैले हेर यो सबै ॥८॥

भन्न लागे सञ्जयले अन्धा ती धृतराष्ट्रमा ।
जस्तो स्वरूप देखेथे विश्वात्मा भगवानको ॥०॥

यस्तो भनेर हे राजन् ! श्री योगेश्वर कृष्णले ।
देखाउनै थाल्नुभयो आफ्नो परम रूप त्यो ॥९॥

अनेक मुख आँखा र त्यस्तै अद्‌भुत दर्शन ।
अनेक दिव्याभरण हातमा दिव्य आयुध ॥

दिव्य वस्त्र तथा माला छ जस्को दिव्य भूषण ।
शरीरभरमा जस्को दिव्य गन्धानुलेपन ॥

सबै आश्चर्य लाग्दो छ यस्ता देव अनन्तका ।
विश्व नै ढाकने जस्तो जस्को छ मुखमण्डल ॥

सहस्र सूर्य नभमा एकैचोटि उदाउँदा ।
जस्तो प्रकाश होला त्यो ठिक्क त्यस्तै प्रकाश छ ॥

अनेक रूपमा व्यक्त सम्पूर्ण जगतै अहो ।
श्रीकृष्णको देहमा नै देखे अर्जुनले सबै ॥१०-१३॥

आश्चर्यपूर्ण सुखमा पुगेका ती धनञ्जय ।
प्रणाम शिरले गर्दै हात जोरेर भन्दछन् ॥१४॥

भन्न थाले अर्जुनले कृष्णमा भक्तिपूर्वक ।
कृपा भयो र पो नाथ ! पाएँ अद्‌भुत दर्शन ॥०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेकबाहूदरवक्त्रनेत्रं पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ॥
नान्तं न मध्यं न पुनस्तवादिं पश्यामि विश्वेश्वर विश्वरूप ॥१६॥

किरीटिनं गदिनं चक्रिणं च तेजोराशिं सर्वतो दीप्तिमन्तम् ॥
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ताद्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ॥
त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

अनादिमध्यान्तमनन्तवीर्यमनन्तबाहुं शशिसूर्यनेत्रम् ॥
पश्यामि त्वां दीप्तहुताशवक्त्रं स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

द्यावापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

अमी हि त्वां सुरसङ्घा विशन्ति केचिद्भीताः प्राञ्जलयो वदन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

रुद्रादित्या वसवो ये च साध्या विश्वेश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसङ्घा वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभो ! हजुर्को त शरीरमा छन् !, द्यौता सबै औ अनि भूतसङ्घ ॥
ब्रह्मा त्यहीं छन्, ऋषि छन् त्यहीं नै, त्यस्तै सबै नागहरू पनि छन् ॥१५॥

कैयौँ भुजा पेट र वक्त्र नेत्र, देख्तै छु सर्वत्र अनन्तरूप ॥
न अन्त देख्छु न त मध्य आदि, न सक्छु केही ठहऱ्याउनै पनि ॥१६॥

किरीटले शोभित, हातमा गदा, तथा छ अर्कोतिर चक्र नै पनि ॥
छ तेजको राशि फिँजारिएको, आहा ! उज्यालो मुहुडा प्रभो ! कति ॥

देख्नै भयो मुश्किल लौ प्रकाशले, प्रतप्त आगो अनि सूर्यकै सरी ॥
समान आभा जसको, प्रभाव छ, सकिन्न आँक्नै पनि देव देव ॥१७॥

जो जान्नुपर्ने त हजूर नै हो, संसारको आश्रय नै हजूर हो ॥
हजूर नै शाश्वत-धर्मरक्षक, सनातनै भन्नु हजूर नै हो ॥१८॥

न आदि वा मध्य न अन्त नै छ, अनन्त बाहु रविचन्द्र नेत्र ॥
ज्वालासरीको मुख देख्छु नाथ !, स्वतेजले विश्व सबै तपाउँदो ॥१९॥

आकाश-धर्ती बिच जो छ अन्तर, ढाकेर त्यो नै र दिशाहरू सबै ।
देखेर यो अद्भुत रूप नाथको, लोकत्रयै नै पनि काम्न थाल्दछ ॥२०॥

पस्छन् हजुर्मै अनि देव सारा, डराउँदै अञ्जलिबद्ध भन्छन् ।
जप्तै उम्दा स्तोत्र ती सिद्ध संघ, महर्षि सारा स्तुति गर्न थाल्छन् ॥२१॥

एघार रुद्रै अनि बाह्र सूर्य, आठै वसु औ अनि साध्यका गण ।
यी विश्वदेवै अनि अश्विनीहरू, मरुत्‌हरूका गण, पितृ नै सबै ॥

गन्धर्व औ यक्ष र राक्षसै सबै, त्यस्तै गरी सिद्धहरू मिली सबै ॥
आश्चर्य मानेर सबै सबै नै, हेर्छन् हजूरैतिर ती निरन्तर ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपं महत्ते बहुवक्त्रनेत्रं महाबाहो बहुबाहूरूपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं दृष्ट्वा लोकाः प्रव्यथितास्तथाऽहम् ॥२३॥

नभःस्पृशं दीप्तमनेकवर्णं व्यात्ताननं दीप्तविशालनेत्रम् ।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥

द्रंष्ट्राकरालानि च ते मुखानि दृष्ट्वैव कालानिलसन्निभानि ॥
दिशो न जाने न लभे च शर्म प्रसीद देवेश जगन्निवास ॥२५॥

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथाऽसौ सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

वक्त्राणि ते त्वरमाणा विशन्ति द्रंष्ट्राकरालानि भयानकानि ॥
केचिद्विलग्ना दशनान्तरेषु सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ॥
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

यथा प्रदीप्तं ज्वलनं पतङ्गा, विशन्ति नाशाय समृद्धवेगाः ॥
तथैव नाशाय विशन्ति लोकास्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपै हजुर्को छ अजङ्गको यो, अनेक आँखा र मुखै सहस्र ।
बेगिन्तिका छन् नि त हात पाउ, म यो महत्ता कसरी ठम्याऊँ ॥

दाह्रा हजुर्का विकराल नै छन्, त्यस्तै अनेकौं अफ पेट नै छन् ।
देखेर मात्रै पनि लोक सारा, डराउँदा छन् म डराउँदै छु ॥२३॥

आकाशचुम्बी र अति प्रदीप्त, अनेक छन् रूप र फैलिँदो मुख ॥
प्रदीप्त त्यस्तै अति नै विशाल, आँखा हजुर्का अति नै विचित्र ॥

देखेर यस्तो प्रभुको स्वरूप, कामीरहेको छु म भित्र भित्र ॥
न धैर्य नै राख्न म सक्छु ऐले, न शान्ति नै सक्तछु प्राप्त गर्न ॥२४॥

दाह्राहरूले अति नै भयानक, कालाग्नि जस्तै अति भीतिदायक ॥
देखी हजुर्को मुखपद्म नाथ !, दिशै भुलेको छु र आत्तिँदो छु ॥२५॥

कृपा प्रभूको नभए त नाथ ! सक्तिन हैं क्यै गरी पार जान ।
यो भक्तको चाल बुझेर नाथ !, खुसी हुनुहोस् न जगन्निवास ॥

दुर्योधनादि धृतराष्ट्रपुत्र, अरू सबै ती नृपका सँगै सँगै ॥
भीष्म द्रोण सूतको पुत्र कर्ण त्यस्तै हाम्रा वीर धेरै सँगै नै ॥२६॥

दाह्रा भएको मुख जो छ भीष्म, हतारमा ती त्यहीं पस्न पुग्छन् ॥
अड्की कुनै अंन्तर दाँत बीच देखिन्छन् ती मस्तकै चूर्ण चूर्ण ॥२७॥

जस्तो नदीका ती सबै प्रवाह, समुद्र ताकीकन बग्न पुग्छन्
त्यस्तै गरी यी सब योधवीर, प्रवेश गर्छन् मुखमै हजूरको ॥२८॥

जस्तो गरी यी पुतलीहरू सबै, प्रवेश गर्छन् नि प्रदीप्त अग्निमै ॥
विनाशका खातिर लोक यी पनि, प्रवेश गर्छन् मुखमा हजूरकै ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेलिह्यसे ग्रसमानः समन्ताल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ॥
तेजोभिरापूर्य जगत्समग्रं भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

आख्याहि मे को भवानुग्ररूपो नमोऽस्तु ते देववर प्रसीद ॥
विज्ञातुमिच्छामि भवन्तमाद्यं न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

श्रीभगवानुवाच :

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो लोकान्समाहर्तुमिह प्रवृत्तः ॥
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे येऽवस्थिता प्रत्यनीकेषु योधाः ॥३२॥

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून् भुङ्क्ष्व राज्यं विशालम् ॥
मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

द्रोणं च भीष्मं च जयद्रथं च कर्णं तथान्यानपि योधवीरान् ॥
मया हतांस्त्वं जहि मा व्यतिष्ठा युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

सञ्जय उवाच :

एतच्छ्रुत्वा वचनं केशवस्य कृताञ्जलिर्वेपमानः किरीटी ॥
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

अर्जुन उवाच :

स्थाने हृषीकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च ॥
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसंघाः ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलीरहेका मुखले सबै यो, संसार नै गास बनाइ चाट्छौ ॥
ढाकेर सारा जगतै प्रभाले, संसार नै यो त तताइदिन्छौ ॥३०॥

हजूर को हो यस उग्र रूपको, भन्नोस् म गर्छु प्रभुमा प्रणाम ॥
म जान्न चाहन्छु नि आद्य रूप, जानिन्न केही प्रभुको प्रवृत्ति ॥३१॥

आफ्नै त हुन् भक्त भनी दयाले, भन्नै पऱ्यो तथ्य भनी गमेर ॥
श्रीकृष्णले थाल्नुभयो बताउँन, जानून् सबै अर्जुन तथ्य यो भनी ॥०॥

यो लोक संहारक काल मै हुँ, संहार गर्ने भनी कस्सिएको ॥
संग्रामका लागि खडा त जो छन्, तिमी विना नै पनि ती त मर्छन् ॥३२॥

उठेर चाँडो गर युद्ध ऐले, मारेर वैरी गर राज्यभोग ॥
मरीसके यी पहिले मबाटै, निमित्त मात्रै बनिद्यौ न ऐले ॥३३॥

भीष्मै भए द्रोण र वीर कर्ण, जयद्रथै वा अरू योध मुख्य ॥
मरीसके ती त मबाट पैले, लडी तिमी लौ यश हात पार ॥३४॥

सुनेर अर्ती सब कृष्णको यो, मानेर आश्चर्य अचम्म भै अति ॥
अगाडिको हाल त भन्न थाले, ती सञ्जयैले धृतराष्ट्रमा यो ॥०॥

श्रीकृष्णको यो वचनै सुनेर, जोडी दुई हात डराउँदै नै ।
गरी नमस्कार त्यहाँ धनञ्जय, सोध्छन् निकै गद्गद शब्द साथ ॥३५॥

प्रभो ! म हुँ सेवक मात्र नाथ अज्ञानले नै सब ढाकिएको ॥
कृपा रह्यो नाथ ! ममाथि आज जानें सबै गुह्य हजूरको यो ॥०॥

प्रभो हजुर्को स्तुतिगानले सधैं, जगत् खुसी भै अनुराग भर्दछ ॥
चारै दिशा राक्षस भाग्न पुग्छन्, जो सिद्ध हुन् ती त प्रणाम गर्छन् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्माच्च ते न नमेरन्महात्मन् गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ॥
अनन्त । देवेश, जगन्निवास । त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

त्वमादिदेवः पुरुषः पुराणस्त्वमस्य सर्वस्य परं निधानम् ॥
वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरूप ॥३८॥

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः प्रजापतिस्त्वं प्रपितामहश्च ॥
नमोनमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

नमः पुरस्तादथ पृष्ठतस्ते नमोऽस्तु ते सर्वत एव सर्व ॥
अनन्तवीर्यामित विक्रमस्त्वं सर्वं समाप्नोऽसि ततोऽसि सर्वः ॥४०॥

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण । हे यादव । हे सखेति ॥
अजानता महिमानं तवेदं मया प्रमादात्प्रणयेन वापि ॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि विहारशय्यासनभोजनेषु ॥
एकोऽथवाप्यच्युत तत्समक्षं तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

पितासि लोकस्य चराचरस्य त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ॥
न त्वत्समोऽस्त्यभ्यधिकः कुतस्ते लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

तस्मात्प्रणम्य प्रणिधाय कायं प्रसादये त्वामहमीशमीड्यम् ॥
पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे ॥
तदेव मे दर्शय देव रूपं प्रसीद देवेश जगन्निवास ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रणाम तिन्ले नगरुन् प्रभो ! किन, हजूर हो ब्रह्मको आदिकर्त्ता ॥
अनन्त देवेश जगन्निवास, हजूर नै सत् र असत् अभै पर ॥३७॥

हो आदिदेवै पनि विश्वको यो, सबै जगत्को त परं निधान ॥
जो जान्नुपर्ने सब जान्नुहुन्छ, हजूरकै हो सब विश्वसृष्टि ॥३८॥

आगो र हावा वरुणै यमैका, ब्रह्मासमेतै सबका तिमी पिता ॥
प्रजापति ह्वौ सब सृष्टिकर्ता, हजार मेरो प्रभुमा प्रणाम ॥३९॥

अगाडिबाटै र पछाडिबाट, सबैतिरैबाट, प्रणाम मेरो ॥
को जान्न सक्ला यति शक्ति भन्ने ?, त्यस्तै हजुर्को अनन्त विक्रम छ ॥

क्यै छैन खाली प्रभुले विना यो, संसार सारा अरू भन्नु के छ ॥
ढाकी सबै बस्नुहुने हुनाले, भन्छन् सबै ह्वौ प्रभु एक सर्व ॥४०॥

ठानेर साथी सहजै भनेँ जो, हे कृष्ण ! हे यादव ! हे सखा ! भनी ॥
खेल्दा र सुत्ता अनि भोजनादिमा, एक्लै र वा साथीहरू मिलेर ॥

ठट्टा हुँदा वा कि अरू कुरामा, मबाट जो भो अपमान त्यो प्रभु ॥
माफी मिलोस् नाथ ! भनेर ऐले माफी हजुर्का सँगमा म मागदछु ॥४१-४२॥

तिमी पिता एक चराचरैका, ह्वौ पूज्य आचार्य सबै जगत्का ॥
क्वै छैन तिम्रा त बराबरीमा, त्रिलोकमै को हुन सक्छ भन् बढी ॥४३॥

यसै हुनाले म परेर पाउमा, बिन्ती गरेँ नित्य प्रभो हजूरमा ॥
पितासमै पुत्र र मित्र मित्रमा दया गरीबक्सनुपर्छ है ममा ॥४४॥

देखेर त्यो रूप अदृष्टपूर्व, खुशी छु साथै मन धेर काँम्छ ॥
म देख्न चाहन्छु उही स्वरूप, देखाइबक्स्योस् अब त्यै स्वरूप ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरीटिनं गदिनं चक्रहस्तमिच्छामि त्वां द्रष्टुमहं तथैव ॥
तेनैव रूपेण चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्त्ते ॥४६॥

श्रीभगवानुवाच :
मया प्रसन्नेन तवार्जुनेदं रूपं परं दर्शितमात्मयोगात् ॥
तेजोमयं विश्वमनन्तमाद्यं यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रियाभिर्न तपोभिरुग्रैः ॥
एवंरूपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ॥
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

सञ्जय उवाच :
इत्यर्जुनं वासुदेवस्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ॥
आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

अर्जुन उवाच :
दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरीट पैह्रेर गदा र चक्र, जो हातमा हो प्रभु पूर्व रूप ॥
उही बनी चार भुजस्वरूप, मसामु आऊ प्रभु विश्वमूर्ते ॥४६॥

अधीर छन् अर्जुन यो बुझेर, राखी दयाभाव विवेकसाथ ॥
श्रीकृष्णले भन्नुभयो त्यहाँ अनि, भै शान्त लौ यो सुन पार्थ ! बात ॥०॥

म तुष्ट भै योगबल प्रभावले देखाइयो यो जुन रूप आज ॥
त्यो विश्व तेजोमय रूप आद्य, अनन्त देख्ने जन अन्य छैन ॥४७॥

न वेदका मन्त्र पढेर मात्र, न यज्ञ यागादि गरेर मात्र ॥
न दानले वा न कुनै क्रियाले, न ता कुनै उग्र तपस् गरेर ॥

देख्यौ तिमीले जुन रूप मेरो, सक्तैन त्यो देख्न अरू कसैले ॥
ठानेर आफ्नो प्रिय ह्वौ तिमी भनी, देखाइएको बुझ पार्थ ! यो तिमी ॥४८॥

देखेर यो घोर स्वरूप मेरो, डराउने कारण छैन केही ॥
बनेर निर्धक्क खुसी भएर, लौ हेर मेरो उहि नै स्वरूप ॥४९॥

श्रीकृष्णको वाक्य सुनेर सञ्जय, देखेर उस्तै पहिलो स्वरूप ॥
सुनी रहेका धृतराष्ट्रलाई, यथार्थ वार्ता सब भन्न थाले ॥०॥

यस्तो भनी अर्जुनसाथ कृष्णले, देखाउनुभो अधिकै स्वरूप ॥
काम्दै गरेका भयभीत अर्जुन, आश्वस्त बन्छन् जब हुन्छ दर्शन ॥५०॥

बनेर आश्वस्त भएर ढुक्क, पाएर नै दर्शन त्यो अपूर्व ॥
जोडी दुवै हात झुकाउँदै शिर, श्रीकृष्णमा यो अब भन्न थाले ॥०॥

देखी हजुरको नाथ ! सौम्य मानव रूप यो ।
म भएँ अब ता ढुक्क पहिले झैं सचेत छु ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीभगवानुवाच :

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ॥५४॥

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

इति विश्वरूपदर्शनयोगोनाम एकादशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनी अर्जुनको यस्तो पूर्ण आश्वस्त वाक्य यो ।
अझै केही भनूँ भन्दै भगवान् भन्न थाल्नुभो ॥०॥

देख्यौ तिमीले जो रूप मेरो त्यो छ सुदुर्लभ ।
देवता नित्य चाहन्छन् यस्को पाउन दर्शन ॥५२॥

जति वेद पढुन् यद्वा तपस्या जति नै गरुन् ।
जति दान गरुन् किंवा यज्ञादि जति नै गरुन् ॥

ऐले तिमीले देखेको रूप देख्न त क्यै गरी ।
सक्तैनन् जान यो पार्थ ! अरूले त कसै गरी ॥५३॥

अनन्य भक्ति गर्नेले मलाई यस रूपमा ।
जान्न देख्न त के भो र प्रवेशै गर्न सक्तछ ॥५४॥

मेरो लागि गरी कर्म सदा ध्यान ममा दिने ।
निर्वैर भक्त ता पार्थ ! ममा नै मिल्न सक्तछ ॥५५॥

विश्वरूपदर्शन योग नाम गरेको एघारौँ अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वादशोऽध्यायः

अर्जुन उवाच :

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

श्रीभगवानुवाच :

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥

सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्रौं अध्याय

श्रीकृष्णका वचनले सन्देह मनमा रही ।
सोध्न थाले अरू फेरि पार्थले त प्रसन्न भै ॥०॥

पूर्वोक्त रूपले नित्य युक्त भै ध्यान गर्छ जो ।
तिनमा अनि गर्नेमा ध्यान अव्यक्त रूपको ॥

ती दुईथरिमा नाथ ! को होला योगवित्तम ।
स्पष्ट पारी सबै नाथ ! आज्ञा होस् अब यो ममा ॥१॥

भएछ भ्रम लौ केही भनी जानेर राम्ररी ।
हटाइद्यूँ भ्रम भनी श्रीकृष्ण भन्न थाल्नुभो ॥०॥

ममा नै मन लाएर नित्ययुक्त भईकन ।
परं श्रद्धाभावले जो नित्य गर्छन् उपासना ॥

तिनै मेरा भक्तलाई योग जान्ने भनीकन ।
म ता ठान्दछु हे पार्थ ! तिनै हुन् अति उत्तम ॥२॥

अव्यक्ताक्षर औ त्यस्तै अवर्ण्य जुन ईश्वर ।
सर्वव्यापी र कूटस्थ अचिन्त्य अचल ध्रुव ॥

सबै इद्रिय रोक्ने र सबैमा समबुद्धिका ।
कल्याण सबको गर्ने यस्ता जो जति भक्त छन् ॥

ममा नै मन दी जो जो गर्छन् नित्य उपासना ।
त्यस्ता भक्तहरू मेरा मलाई प्राप्त गर्दछन् ॥३-४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

ये तु सर्वाणि कर्माणि मयि सन्न्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥

तेषामहं समुद्धर्त्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

अथ चित्तं समाधातुं न शक्नोसि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

अथैतदप्यशक्तोऽसि कर्त्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यक्तासक्तिमा धेरै कष्ट हुन्छ भनी बुझ ।
यस्ता योगीहरूले ता धेरै नै दुःख पाउँछन् ॥५॥

जो आफ्ना कर्म नै सारा ममा अर्पण गर्दछन् ।
अनन्य-योगले मेरो सदा चिन्तन गर्दछन् ॥

त्यस्ता मेरा भक्तलाई मृत्युसागरबाट नै ।
ममा चित्त लगाएमा म नै उद्धार गर्दछु ॥६-७॥

मन लाऊ ममा नित्य धर बुद्धि ममा तिमी ।
यसो गर्न सकेमा ता बस्नेछौ तिमी ता ममै ॥८॥

चित्त स्थिर ममा गर्न सकेनौ यदि ता भने ।
अभ्यास-योगले नित्य गर कोसिस पाउन ॥९॥

अभ्यास पनि सक्तैनौ गर्नलाई तिमी भने ।
मेरा लागि गरे कर्म सिद्धि ता पाइहाल्दछौ ॥१०॥

यदि त्यै पनि सक्तैनौ भने अनि त अर्जुन ।
सबै कर्मफल त्याग्न गर यत्न निरन्तर ॥११॥

अभ्यासभन्दा त ज्ञान श्रेयस्कर छ यो बुझ ।
ज्ञानभन्दा पनि ध्यान विशिष्ट हुन पुग्दछ ॥

ध्यानभन्दा निकै ठूलो कर्मको फलत्याग छ ।
कर्मको फल त्यागनाले शान्ति मिल्छ निरन्तर ॥१२॥

कसैको द्रोह गर्दैन सबको मित्र बन्दछ ।
सबमा राख्छ करुणा अहङ्कारविहीन छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥

तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुखदु:ख दुवैमा नै समान हुन सक्छ जो ।
क्षमाशील र सन्तुष्ट सदा नै योगमा रत ॥

दृढनिश्चयका साथ आफ्नो मन र बुद्धि नै ।
ममा अर्पण जो गर्छ त्यो भक्त प्रिय लाग्दछ ॥१३-१४॥

जस्बाट लोक डर्दैन डर्दैन भवबाट जो ।
हर्ष ईर्ष्या भय तथा उद्वेगैबाट मुक्त जो ॥

रहन्छ यस्तो त्यो भक्त मेरो ता अति नै प्रिय ।
हुन्छ भन्ने कुरा पार्थ ! राम्ररी तिमीले बुझ ॥१५॥

केही अपेक्षा राख्तैन जो रहन्छ सदा शुचि ।
चिन्ता कुनै नबोकेर सबै आरम्भ त्याग्दछ ॥

उदासीन रही नित्य मेरो नै ध्यान गर्दछ ।
यस्तो भक्त भए पार्थ ! मलाई प्रिय लाग्दछ ॥१६॥

न हर्ष छ न वा द्वेष न इच्छा शोक नै छ क्यै ।
शुभाशुभ सबै त्याग गर्ने नै प्रिय बन्दछ ॥१७॥

शत्रु-मित्र दुवैमा नै सम भै बस्न सक्छ जो ।
मानापमानमा होस् वा शीतोष्ण सुखदु:खमा ॥

स्तुतिमा या त निन्दामा समान हुन सक्छ जो ।
जे पाइन्छ त्यसैले नै सन्तुष्ट हुन सक्छ जो ॥

छैन मोह कुनै केही घरबारसितै पनि ।
ममा नै चित्त जो धर्छ मलाई प्रिय हुन्छ त्यै ॥१८-१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

इति भक्तियोगोनाम द्वादशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममा एकत्व राखेर श्रद्धापूर्वक जो त यो ।
धर्म्यामृतत्वलाई यो विधिवत् नै उपास्तछन् ।
त्यस्ता भक्तहरू मेरा अतीव प्रिय बन्दछन् ।
यो जानी राख हे पार्थ ! बन त्यस्तै तिमी पनि ॥२०॥

भक्तियोग नाम गरेको बाह्रौं अध्याय अब यहीं समाप्त हुन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ त्रयोदशोऽध्यायः

श्रीभगवानुवाच :

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥

इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेह्रौं अध्याय

भन्नुपर्ने कुरा धेरै अभै बाँकी हुँदा अब ।
भक्त अर्जुनलाई यो कृष्णले भन्न थाल्नुभो ॥0॥

हाम्रो शरीर यो पार्थ ! कहिन्छ क्षेत्र हो भनी ।
यो तथ्य जो जान्न सक्छ क्षेत्रज्ञ कहलिन्छ त्यो ॥१॥

मलाई नै जान तिमी क्षेत्रज्ञ सब क्षेत्रमा ।
क्षेत्र-क्षेत्रज्ञको ज्ञान मेरो ज्ञान त्यही त हो ॥२॥

त्यो क्षेत्र जे छ जस्तो छ जेका कारण बन्दछ ।
क्षेत्रज्ञ पनि जस्तो छ सुन संक्षिप्त रूपमा ॥३॥

अनेक छन्दका द्वारा गाउँछन् ऋषि जो सँधै ।
ब्रह्मसूत्रहरूले नै अति निश्चयपूर्वक ॥

सकारण अहो यस्को व्याख्यान पनि गर्दछन् ।
यस कारण हे पार्थ ! बुझ्नै पर्दछ तत्त्व यो ॥४॥

महाभूतहरू पाँच अहङ्कार र बुद्धि औ ।
अव्यक्तेन्द्रिय एघार पाँच इन्द्रियगोचर ॥

द्वेष इच्छा दु:ख सुख धृति सङ्घात चेतना ।
संक्षेपमा भन्नुपर्दा विकारी क्षेत्र हो यही ॥५-६॥

मान-दम्भाभाव अनि अहिंसा क्षान्ति आर्जव ।
सेवा आचार्यको शौच स्थिरता आत्मनिग्रह ॥

वैराग्य विषयैतर्फ अहङ्कारादि शून्यता ।
जन्म-मृत्यु-जरा-व्याधि-दु:ख-दोषादि देखनु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वाऽमृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्र पत्नी देह गेह आदिमा पनि निष्पृह ।
सदा समानचित्तत्व प्रेयाप्रेयादि प्राप्तिमा ॥

अनन्य योगको भक्ति जो रहन्छ सदा ममा ।
एकान्तसेवा औ त्यस्तै अनिच्छा त सभादिमा ॥

नित्य अध्यात्मको ज्ञान ज्ञानको तत्त्वदर्शन ।
ज्ञान भन्नु यही नै हो उल्टो अज्ञान सम्झनू ॥७-११॥

जान्नै पर्ने तत्त्व जो हो त्यो म भन्दछु लौ सुन ।
जुन जान्दा तिमी पार्थ ! सोझै अमृत चाख्तछौ ॥

जो हो परब्रह्म त्यो छ अनादि र अनन्त नै ।
न त्यो भनिन्छ सत् वा त न असत् नै भनिन्छ त्यो ॥१२॥

हात गोडा सबैतर्फ आँखा मुख सबैतिर ।
कान हुन्छ सबैतर्फ सबै ढाकी रहन्छ त्यो ॥१३॥

कुनै इन्द्रिय नै छैन चाल तैपनि पाउँछ ।
छैन संलग्न केहीमा सबै धारण गर्दछ ॥

भन्छन् त्यो ता निर्गुण छ उही नै गुण भोग्दछ ।
विपरीतार्थ नै यस्तो ब्रह्मको त स्वभाव छ ॥१४॥

प्राणीको भित्र नै त्यो छ त्यस्तै बाहिर नै पनि ।
त्यही नै चरका साथै अचरै पनि ता त्यही ॥

ज्यादै सूक्ष्म भएकाले जान्न नै सकिँदैन त्यो ।
टाढा पनि त्यही हुन्छ नजीकैमा समेत त्यै ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।
विकाराँश्च गुणाँश्चैव विद्धि प्रकृतिसम्भवान् ॥१९॥

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान् गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविभक्तै छ त पनि विभक्तैसरि बस्तछ ।
सृष्टिकर्त्ता पालक भै संहार पनि गर्दछ ॥१६॥

ज्योतिको पनि त्यो ज्योति तमभन्दा निकै पर ।
जान्नुपर्ने ज्ञान त्यो हो सबको हृदयस्थ छ त्यो ॥१७॥

क्षेत्र-क्षेत्रज्ञका बारे भनें संक्षेपमा यहाँ ।
यो जानेमा सबै भक्त मै जस्तै बनिहाल्दछन् ॥१८॥

दुई अनादि प्रकृति तथा पुरुष यी बुझ ।
विकार-गुण जे जे छन् हुन्छन् प्रकृतिबाट नै ॥१९॥

कार्य-करण-कर्तृत्वको हेतु प्रकृति त हो ।
सुखदु:खादि भोग्नामा पुरुषै बन्छ कारण ॥२०॥

गुण प्रकृतिले गर्दा जन्मेका जति छन् सबै ।
रहेर नै प्रकृतिमा जीवात्मा सब भोग्दछ ॥

सदसद्योनिमा जन्म जीवको जुन बन्दछ ।
गुणको सङ्गले गर्दा त्यही कारण बन्दछ ॥२१॥

शरीरमा जीव जो छ त्यही नै परमात्म हो ।
साक्षी समर्थक पनि त्यही नै हो भनी बुझ ॥

सबको पालक उही भोक्ता पनि उही न हो ।
ब्रह्मादि देवको स्वामी त्यही हो परमेश्वर ॥२२॥

गुणका साथ प्रकृति अनि त्यो पुरुषै पनि ।
यस्तो भनेर जान्नेले फेरि पर्दैन जन्मन ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

अन्ये त्वेवमजानन्तः श्रुत्वाऽन्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

यावत्सञ्जायते किञ्चित्सत्त्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्त्तारं स पश्यति ॥२९॥

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥३०॥

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मालाई ध्यानले नै आफूमै देख्तछन् कति ।
साङ्ख्यले योगले नै वा कति ता कर्मयोगले ॥२४॥

यस्तो केही नजान्नेले अरूबाट सुनेर नै ।
उपासना गर्दछन् र मृत्युसंसार तर्दछन् ॥२५॥

चर होस् वा अचर नै जन्मन्छन् जति लोकमा ।
क्षेत्र-क्षेत्रज्ञको योग नै हो त्यो जन्म कारण ॥२६॥

अविनाशी नाशवान्मा समता रूपमा स्थित ।
परमेश्वरलाई जो देख्छ त्यै सत्य देख्तछ ॥२७॥

सबमा व्याप्त छन् ईश भनी जानेर जो जन ।
आफ्नो नै नाश गर्दैन त्यो परम्पद पुग्दछ ॥२८॥

सम्पूर्ण कर्मको कर्ता यही प्रकृति हो, म ता ।
अकर्ता हुँ भनी ठान्छ त्यही नै सत्य देख्तछ ॥२९॥

छरिएको विश्व सबै एकमै छ अवस्थित ।
त्यसैबाट भयो फेरि सबै विस्तार लोकको ॥

भनेर जो जान्न सक्छ ब्रह्ममा मिलिहाल्दछ ।
यो तथ्य त बुझ्यौ पार्थ ! सबले जान्नुपर्दछ ॥३०॥

परमात्मा अव्यय र अनादि अनि निर्गुण ।
शरीरमै छ त पनि न क्यै गर्छ न लिप्त छ ॥३१॥

ज्यादै सूक्ष्म हुँदा लिप्त हुन्न आकाश क्यै गरी ।
सर्वत्र देहमा बस्ता आत्मा लिप्त हुँदैन त्यो ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

इति क्षेत्रक्षेत्रज्ञविभावयोगोनाम त्रयोदशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो एक्लो सूर्य सबै उज्यालो पार्छ विश्व नै ।
त्यस्तै क्षेत्री पनि सारा क्षेत्र नै उजिल्याउँछ ॥३३॥

क्षेत्र-क्षेत्रज्ञको भेद त्यस्तै प्रकृतिको पनि ।
कार्यको भेद जान्ने ता ब्रह्ममा लीन बन्दछन् ॥३४॥

क्षेत्रक्षेत्रज्ञविभाग योग नाम गरेको तेह्रौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्दशोऽध्यायः

श्रीभगवानुवाच :

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

मम योनिर्महद्ब्रह्म तस्मिन् गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं वीजप्रदः पिता ॥४॥

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ॥७॥

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौधौं अध्याय

ज्ञान-विज्ञानका पार्थ ! जान्नुपर्ने कुराहरू ।
धेरै नै छन् अझै बाँकी ऐले भन्छु म लौ सुन ॥०॥

म त्यस्तो ज्ञान भन्नेछु ज्ञानमा पनि उत्तम ।
जो जानेरै मुनिहरू सिद्धि प्राप्त गरी गए ॥१॥

यो ज्ञानको आश्रय ली मेरै साधर्म्य प्राप्त ती ।
सृष्टिमा पनि जन्मन्नन् न हुन्छ प्रलयव्यथा ॥२॥

मेरो योनि महत् ब्रह्म त्यसमा गर्भ राख्छु म ।
यो चराचरको सृष्टि त्यसैबाट छ सम्भव ॥३॥

सबै योनिहरूमा नै जन्मन्छन् जति मूर्ति ती ।
सबैको ब्रह्म हो योनि बीज रोप्ने पिता म हुँ ॥४॥

जन्म दिन्छे प्रकृतिले सत्त्व औ रज औ तम ।
देहीलाई देहमा नै सदा यी बाँधिराख्तछन् ॥५॥

सत्त्व आफैं निर्मल र निर्विकारी प्रकाशक ।
हुँदा त यसले बाँध्छ सुख वा ज्ञानसङ्गले ॥६॥

रजोगुण छ रागात्म तृष्णा हो जन्मदायक ।
देहीलाई बाँध्छ यल्ले कर्मका सङ्गले सदा ॥७॥

अज्ञानबाट जन्मेको तम हो सर्वमोहक ।
प्रमाद निद्रा आलस्य आदिले सब बाँद्धछ ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ॥९॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

रजसि प्रलयं गत्त्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्त्वले सुखमा लान्छ रजले कर्ममा अनि ।
तमले ज्ञान ढाकेर प्रमादतिर ठेल्दछ ॥९॥

रजस् तमस् दुवैलाई जितेर सत्त्व बढ्दछ ।
तमस् सत्त्व दुवैलाई जितेर रज बढ्दछ ॥

रजस् सत्त्व दुवैलाई जितेर तम बढ्दछ ।
यिनको वृद्धिले पार्थ ! पृथक् बन्छ स्वभाव नै ॥१०॥

शरीरका इन्द्रियमा प्रकाश जब आउँछ ।
ज्ञान हुन्छ भने जान्नू बढ्यो सत्त्व भनीकन ॥११॥

लोभ प्रवृत्ति आरम्भ कामको र अशान्ति औ ।
लालसा बढ्न थालेमा जान्नू रज बढ्यो भनी ॥१२॥

सत्कर्ममा अप्रवृत्ति प्रमाद अनि मोह नै ।
तमोगुण बढेमा ता यी सबै हुन थाल्दछन् ॥१३॥

सत्त्वको वृद्धिका बेला मृत्यु हुन्छ भने यदि ।
त्यस्तो व्यक्ति पुगीहाल्छ प्रभुको दिव्य लोकमा ॥१४॥

रज बढ्दा मृत्यु हुने जन्मला कर्म सङ्गिमा ।
तम बढ्दा मृत्यु हुने जन्मला मूढ योनिमा ॥१५॥

सुकर्मको मिल्छ फल अति निर्मल सात्त्विक ।
रजको फल हो दु:ख अज्ञान तमको फल ॥१६॥

सत्त्वले ज्ञान जन्मन्छ रजले लोभ हो हुने ।
प्रमाद मोह अज्ञान यिनै हुन् तमले हुने ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्यं तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

नान्यं गुणेभ्यः कर्त्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

अर्जुन उवाच :

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्त्तते ॥२१॥

श्रीभगवानुवाच :

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्त्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

समदुःखसुखः स्वस्थः समलोष्ठाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्त्वस्थ जान्छन् स्वर्गैमा बस्छन् राजस मर्त्यमा ।
जघन्य गुणमा बस्ने जान्छन् ती अन्ध नर्कमा ॥१८॥

गुणभन्दा अरू केही कर्ता देख्तैन जो जब ।
मलाई गुणभन्दा ता परै जो देख्छ तर्दछ ॥१९॥

देहबाटै जन्म लिने नाघ्छ जो यी तीनै गुण ।
जन्म-मृत्यु-जरा-दु:ख मुक्त भै चाख्छ अमृत ॥२०॥

सुनी श्रीकृष्णको यस्तो वाणी अमृत तुल्यको ।
केही कुरा फेरि पनि सोध्दछन् अनि अर्जुन ॥०॥

त्रिगुणातीतका कस्ता हुन्छन् आकार लक्षण ।
कसरी त्रिगुणातीत बन्ने त्यो पनि भन्नुहोस् ॥२१॥

सुनी अर्जुनको प्रश्न बेसै सोधे भनीकन ।
श्रीकृष्ण थाल्नुभो भन्न पार्थलाई सबै अनि ॥०॥

प्रकाशको प्रवृत्ति र मोहको नै कुनै स्थिति ।
आउँदा द्वेष गर्दैन खोज्दैन नहुँदा पनि ॥२२॥

उदासीन बनी बस्छ हल्लिन्न गुणले कसै ।
गुण नै गुणमा बस्छन् भन्ने ठानेर बस्तछ ॥२३॥

एकै ठानी दु:ख-सुख माटो र सुनमा पनि ।
राख्तैन केही पार्थक्य सदा धीर रहन्छ जो ॥

प्यारो नप्यारो भन्दैन निन्दा र स्तुतिमा पनि ।
समान भाव राख्नामा मानिइन्छ समर्थ जो ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

इति गुणत्रय-विभावयोगोनाम चतुर्दशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समान जो बस्न सक्छ मानमा अपमानमा ।
शत्रु होस् वा मित्र नै होस् समानै ठान्न सक्तछ ।

सबै आरम्भ छोडेर अकर्ता बन्न सक्छ जो ।
गुणातीत त्यही नै हो भनेर ठान्नुपर्दछ ॥२५॥

मलाई जो भजन पुग्छ एकत्व भक्तियोगले ।
तीनोटै गुण नाघेर ब्रह्मत्व प्राप्त गर्दछ ॥२६॥

ब्रह्माको भन वा त्यस्तै अव्ययामृतको पनि ।
धर्म शाश्वतको त्यस्तै नितान्त सुखको पनि ॥

म हुँ प्रतिष्ठा सबको छैन कोही म भिन्नको ।
जानेर यो ध्यान गर दत्तचित्त बनीकन ॥२७॥

गुणत्रय-विभाग योग नाम भएको चौधौँ अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चदशोऽध्यायः

श्रीभगवानुवाचः

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

अधश्चोर्ध्वं प्रश्रितास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रवालाः ॥
अधश्च मूलान्यनुसन्ततानि कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

न रूपमस्येह तथोपलभ्यते नान्तो न चादिर्न च संप्रतिष्ठा ॥
अश्वत्थमेनं सुविरूढमूलमसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्त्तन्ति भूयः ॥
तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ॥
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञैः गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

न तद् भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्त्तन्ते तद्धाम परमं मम ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्रौं अध्याय

जानून् अरू अझै धेरै भक्त अर्जुनले भनी ।
भगवान् थाल्नुभो भन्न सुन अर्जुन लौ भनी ॥०॥

हाँगा तलै माथि फेद यस्तो अश्वत्थ अव्यय ।
वेद छन् जसका पात यो जान्ने वेद जान्दछ ॥१॥

ऊँभो उधो फैलिने धेर हाँगा सत्त्वादिले ती अति नै बढेका ।
हाँगा तिनैमा अति झ्याङ्गिने गरी पलाउँछन् है विषयादि मञ्जरी ॥

जराहरू छन् तलतर्फ त्यस्तै फैलेर ज्यादै अति जेलिएका ।
तिनै जराले यस लोकलाई कर्मानुसारै सब बाध्न पुग्छन् ॥२॥

न रूप यस्को उपलब्ध हुन्छ, न अन्त आदि स्थिति नै त मिल्छ ॥
फेंदै बलीयो यस वृक्षलाई, असङ्गरूपी दृढ शस्त्रले छिनी ॥

उप्रान्त यस्तो पद खोज्नुपर्छ जहाँ पुगे फर्कन हुन्न बाध्य ।
तिनै पुराना जनमा म पुग्छु, जस्बाट यो सृष्टि चलेर आयो ॥३-४॥

न मान केही छ न मोह नै पनि, जितीसकेका सब सङ्गदोष ।
अध्यात्मको चिन्तनमै छ व्यस्तता, जितीसकेका सब काम भावना ॥

न वा कुनै द्वन्द्व छ दुःखसुखको, ज्ञानी ती पुग्छन् पद अव्ययै त्यो ।
जानेर यो पार्थ ! तिमी पनि अब ज्ञानीहरूको त्यस मार्गमै हिंड ॥५॥

मेरो जो धाम हो पार्थ त्यो धाम उजिल्याउन ।
न सक्छन् सूर्यले नै वा न चन्द्र न त अग्नि नै ॥

जहाँ पुगेर पर्दैन कसैले पनि फर्कन ।
त्यही परम हो धाम मेरो यो जान अर्जुन ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

यदादित्यगतं तेजो जगद् भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वास्सोमो भूत्वा रसात्मकः ॥१३॥

अहं वैश्वानरो भूत्वा प्राणीनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो नै अंश हो जीव बसेको देहमा छ जो ।
उसले नै इन्द्रियादि सबै आकृष्ट गर्दछ ॥७॥

शरीर यौटा छोडेर अर्कोमा जब सर्दछ ।
सँगै इन्द्रिय लैजान्छ वायुले गन्ध झैँ गरी ॥८॥

मनले नै भोग गर्छ सबै विषयको पनि ।
बन्छन् सहारा उसका भोगमा सब इन्द्रिय ॥९॥

शरीर छोड्न लाग्दा होस् खाँदा वा रहँदा पनि ।
मूर्खले देख्न सक्तैनन् ज्ञानी ता सब देख्तछन् ॥१०॥

योगीहरू यत्न गरी आफूभित्रै ती देख्तछन् ।
आत्मशुद्धि छैन जस्को देख्तैनन् यत्नले पनि ॥११॥

सूर्यको तेज जसले जगतै उजिल्याउँछ ।
चन्द्रको अथवा अग्नि मेरो नै तेज हो सबै ॥१२॥

पृथ्वी बनीकन म नै प्राणीको गर्छु पालन ।
चन्द्रका रूपमा फेरि पुस्ट्याउँछु वनस्पति ॥१३॥

म नै वैश्वानर बनी प्राणीका देहमा रही ।
मिली प्राणापानसँग सबै अन्न पचाउँछु ॥१४॥

म ता सबैको मनभित्र बस्छु, मबाट नै हुन्छ स्मृति र ज्ञान ।
म वेद्य हुँ वेदहरू सबैको, वेदान्तकृत् वेदविदै म नै हुँ ॥१५॥

लोकमा छन् नर दुई क्षर-अक्षर नामका ।
क्षर हुन् सब यी प्राणी अन्तर्यामी त अक्षर ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥१७

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान् स्यात्कृतकृत्यश्च भारत ॥२०॥

इति पुरुषोत्तमयोगोनाम पञ्चदशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्के उत्तम व्यक्ति छ परमात्मा भनिन्छ जो ।
पसेर तीन लोकैमा सबको गर्छ पालन ॥१७॥

क्षर अक्षर यी दोटैभन्दा माथि म उत्तम ।
यसैले लोक वा वेद भन्दछन् पुरुषोत्तम ॥१८॥

जो ज्ञानी यसरी चिन्छ पुरुषोत्तम हो भनी ।
त्यही सर्वज्ञ हो त्यल्ले मलाई नित्य भज्दछ ॥१९॥

यो गुह्य शास्त्र हो पार्थ ! मैले ऐले त जो भने ।
यो जाने बुद्धिमान् होला होला त्यो कृतकृत्य नै ॥२०॥

पुरुषोत्तमयोग नाम गरेको पन्ध्रौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षोडशोऽध्यायः

श्रीभगवानुवाच:

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥४॥

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन् दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥६॥

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोह्रौं अध्याय

फेरि थाल्नुभयो भन्न भगवान् कृष्णले अनि ।
बुझून् अर्जुनले तत्त्व यथार्थ सब होस् भनी ॥०॥

चित्तको शुद्धि अभय ज्ञान औ योगधारणा ।
दम दान तथा यज्ञ स्वाध्याय तप आर्जव ॥

अहिंसा सत्य अक्रोध त्याग शान्ति अपैशुन ।
प्राणीमाथि दया त्यस्तै मृदुता स्थिरता अनि ॥

तेज क्षमा धैर्य अनि द्रोहाभाव र शुद्धता ।
ठूलो भन्ने छैन भाव यी हुन् लक्षण सत्त्वका ॥

दैवी सम्पत् सबै हुन् यी अभिजात भने सबै ।
यिनै लक्षणले युक्त हुन्छ त्यो जन्मका सँगै ॥१-३॥

अभिमान तथा दम्भ दर्प क्रोध कठोरता ।
अज्ञान हुन् जातकका आसुरी सम्पदा पनि ॥४॥

मोक्षका लागि हो दैवी बन्धका लागि आसुरी ।
दैवीको नलिए चिन्ता तिमी ता अभिजात ह्वौ ॥५॥

मान्छे दुई थरी हुन्छन् दैव आसुर नै गरी ।
भनी सकें दैवबारे सुन आसुर नै पनि ॥६॥

जान्दैनन् ती आसुर ता प्रवृत्ति र निवृत्ति नै ।
न शौच छ न आचार न ता छ सत्य नै पनि ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतं किमन्यत् कामहैतुकम् ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद् गृहीत्वा सद्ग्राहान् प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदितिनिश्चिताः ॥११॥

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयम् ॥१२॥

इदमद्य मया लब्धमिमं प्राप्से मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान् सुखी ॥१४॥

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असत्य हो सबै लोक छैन ईश्वर नै पनि ।
नारी-पुरुष संयोगले मात्रै चल्छ यो जगत् ॥८॥

यस्तो विचार राखेर नष्टात्मा अल्पबुद्धिका ।
उग्र कर्महरूद्वारा जगतै नाश गर्दछन् ॥९॥

अँगाली काम दुष्पूर दम्भ-मान-मदादिले ।
युक्त भैकन ती हिँड्छन् असत् बाटोतिरै सधैं ॥१०॥

मर्ने बेलासम्म पनि बोकी चिन्ता अनेकन ।
कामोपभोग मात्रै हो सुक्ख भन्ने त ठान्दछन् ॥११॥

सयौँ आशा-पाशले ती बाँधिएका भएर नै ।
काम-क्रोधहरूको नै परेर वशमा सदा ॥

कामको भोगका लागि अति अन्यायपूर्वक ।
अर्थसञ्चय गर्नामै ध्यान दिन्छन् निरन्तर ॥१२॥

पाएँ मैले आज यति यसले यति गर्दछु ।
छँदैछ यो अब पनि यति पैसा कमाउँछु ॥१३॥

यसलाई मारिहालें मार्छू अब अरू पनि ।
म नै ईश्वर हुं भोगी सिद्ध औ बलवान् सुखी ॥१४॥

म धनी छु र सम्भ्रान्त मजस्तो को अरू छ र ।
यज्ञ गर्छु र आनन्द गर्छु दान म बाँड्दछु ॥

यस्तो अज्ञानले ढाक्ता चित्तविभ्रान्त भैकन ।
मोहको जालले ढाकी लागेका कामभोगमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रदूषन्तोऽभ्यसूयकाः ॥१८॥

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

इति दैवासुरसम्पद्विभावयोगोनाम षोडशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता दम्भीहरू सारा एक एक गरीकन ।
गिर्न पुग्छन् नरकमा तिमी यो जान निश्चय ॥१५-१६॥

आफैं ठूलो भनी ठान्ने घमण्डी धनवानले ।
तिनले गर्दछन् यज्ञ दम्भले विधिकै विना ॥१७॥

अहङ्कार लिई दर्प बल औ क्रोध कामले ।
पराइ देहमा बस्ने मेरै नै द्रोह गर्दछन् ॥

संसारभरकै क्रोधी क्रूर त्यस्तै नराधम ।
यस्तालाई फ्याँकिदिन्छु आसुरी योनिमा म ता ॥१८-१९॥

आसुरी योनिमा प्राप्त मूढ ती जन्म जन्ममा ।
मलाई प्राप्त नगरी जान्छन् नित्य अधोगति ॥२०॥

ढोका नरकका तीन आत्माको नाश गर्दछन् ।
काम क्रोध तथा लोभ यी तीनै त्याग्नुपर्दछ ॥२१॥

यी तीनै नर्कका ढोका जसले त्याग्न सक्तछ ।
आत्माको हित त्यो गर्छ अनि पाउँछ सद्गति ॥२२॥

शास्त्रको विधि छोडेर इच्छामाफिक गर्छ जो ।
त्यसले सिद्धि पाउन्न न सुखै न त सद्गति ॥२३॥

कुन गर्ने नगर्नेमा शास्त्र नै छ प्रमाण त ।
जानी सारा शास्त्रविधि गर्नु त्यै सब पर्दछ ॥२४॥

दैवासुरसम्पद्विभाग योग नाम गरेको सोह्रौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ सप्तदशोऽध्यायः

अर्जुन उवाच :

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

श्रीभगवानुवाच :

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणाँश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहङ्कारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तः शरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्रौं अध्याय

शङ्का रही अझै केही मनमा अब अर्जुन ।
सोध्न थाले फेरि पनि कृष्णमा नै दिई मन ॥०॥

जो शास्त्रविधि छोडेर श्रद्धापूर्वक पूज्दछन् ।
कुन हो तिनको निष्ठा सत्त्व वा रज वा तम ॥१॥

बुझी अर्जुनको इच्छा केही जान्ने अरू पनि ।
श्रीकृष्ण थाल्नुभो भन्न जानून् यो पनि लौ भनी ॥

स्वभावले नै देहीको श्रद्धा तीन प्रकारका ।
हुन्छन् ती हुन् सात्त्विकी र राजसी तामसी पनि ॥२॥

अन्त:करण जस्तै नै श्रद्धा यो हुन पुग्दछ ।
जस्तो छ जसको श्रद्धा त्यो त्यही बन्न पुग्दछ ॥३॥

जो छन् सात्त्विक ती गर्छन् देवपूजन, राजस ।
यक्ष-राक्षसको, भूतगणादि पनि तामस ॥४॥

तपस्या घोर जो गर्छन् शास्त्रानुमति बेगर ।
दम्भ एवं अहङ्कार राखेर मनमा सदा ॥

कामना राग भरमा देहमा रहने सबै ।
मेरा साथै भूतग्रामलाई कृश तुल्याउँदै ॥

ती सबै नै असुर हुन् आसुरी वृत्तिका भनी ।
जानिराख तिमी पार्थ ! यो तथ्य पनि राम्ररी ॥५-६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥

आयुःसत्त्वबलारोग्यसुखप्रीतिविवर्द्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहारा सात्त्विकप्रियाः ॥८॥

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत् ।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आहार सबको हुन्छ त्यस्तै तीन प्रकारको ।
तपस्या यज्ञ औ दान भेद यो तिनको सुन ॥७॥

आयु सत्त्व र आरोग्य बल औ सुख नै पनि ।
आह्लादको वृद्धि गर्ने चिल्ला र रसिला पनि ॥

अडिला र मिठा खाना बुझ सात्त्विक हुन् भनी ।
जो छन् सात्त्विक ती व्यक्ति यस्तै खाना रुचाउँछन् ॥८॥

तीतो अमीलो नुनिलो तातो रूखो र पोलने ।
आहार हुन् राजसका शोक कष्ट बढाउने ॥९॥

बासी सुकेको दुर्गन्धी जुठो र अपवित्र नै ।
यस्तो भोजन ता पार्थ ! बन्छ तामसको प्रिय ॥१०॥

यज्ञ गर्ने कर्म ठानी गरिने विधिपूर्वक ।
फलाकांक्षा विना त्यो नै यज्ञ सात्त्विक हो बुझ ॥११॥

राखेर फलको इच्छा दम्भकै लागिमा पनि ।
गरिने यज्ञ ता पार्थ ! जान राजस हो भनी ॥१२॥

विधिले हीन औ त्यस्तै अन्नदान विना पनि ।
दक्षिणाका विना त्यस्तै श्रद्धाले पनि हीन भै ॥

जो यज्ञ गरिने हुन्छ भनिन्छ त्यो त तामस ।
यस्तो कुरा सबै पार्थ ! तिमीले बुझ्नुपर्दछ ॥१३॥

देवब्राह्मणको पूजा पूजा गुरु र प्राज्ञको ।
पवित्रता सरलता अहिंसा ब्रह्मचर्य नै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

श्रद्धया परया तप्तं तपस्तत् त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥१९॥

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिन्छन् यी त हे पार्थ ! शारीरिक तपै भनी ।
यसैले ध्यान द्यौ पार्थ तिमीले यसमा पनि ॥१४॥

मीठो साँचो हितकर सदा बोलिन्छ वाक्य जो ।
स्वाध्यायको पाठ पनि कहिन्छ तप वाङ्मय ॥१५॥

खुसी मन र सौम्यत्व मौन आत्मनियन्त्रण ।
भावसंशुद्धि नै पार्थ ! कहिन्छ तप मानस ॥१६॥

नराखी फलको इच्छा ठूलो श्रद्धा लिईकन ।
गरिने तप ता पार्थ ! कहलाउँछ सात्त्विक ॥१७॥

दम्भले वा त सत्कार मान खातिरमा पनि ।
गरिने तप हो राजस् हुन्छ त्यो त अनित्य नै ॥१८॥

मूढाग्रह लिई किं वा आत्मपीडा दिएर वा ।
अरूको नाशका लागि गरिने तप तामस ॥१९॥

दिनु कर्त्तव्य ठानेर उपकारै विना पनि ।
देश काल तथा योग्य पात्रमा दान सात्त्विक ॥२०॥

राखेर फलको इच्छा तथा प्रत्युपकारको ।
कष्टका साथ दिइने दान मानिन्छ राजस ॥२१॥

अयोग्य देश औ काल कुपात्रजनमा पनि ।
हेलाँ गरेर दिइने दान मानिन्छ तामस ॥२२॥

ॐ तत् र सत् यी तीनोटा ब्रह्मका तीन नाम हुन् ।
तिनैबाट बनेका हुन् वेद यज्ञ र ब्राह्मण ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

तदित्यनभिसन्धाय फलं यज्ञतपः क्रियाः ।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ॥२५॥

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा तच्छब्दः पार्थ युज्यते ॥२६॥

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाविधीयते ॥२७॥

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

इति श्रद्धात्रयविभावयोगोनाम सप्तदशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञ दानादिमा नित्य ब्रह्मवादीहरू सबै ।
विधिपूर्वक ॐकार समुच्चारण गर्दछन् ॥२४॥

मोक्षाकाङ्क्षीहरूले जो काम दानादि गर्दछन् ।
उच्चारण गरी तत्को ती अरू काम गर्दछन् ॥२५॥

सद्भाव वा साधुभाव बुझाउनु पर्‍यो भने ।
प्रयोग हुन्छ सत्को र राम्रो काम भए त तत् ॥२६॥

यज्ञ दान तपस्यामा अथवा देवकार्यमा ।
सत् शब्दको गर्नुपर्छ प्रयोग विधिले सधैं ॥२७॥

श्रद्धाविना होम दान तपस्या जे गरे पनि ।
त्यो असत्कर्म हो त्यस्को फल हुन्न यहाँ वहाँ ॥२८॥

श्रद्धात्रयविभाग योग नाम गरेको सत्रौं अध्याय यहीं समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ अष्टादशोऽध्याय :

अर्जुन उवाच :

सन्न्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

श्रीभगवानुवाच :

काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥

निश्चयं श्रृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ॥४॥

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्त्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

नियतस्य तु सन्न्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अट्ठारौँ अध्याय

यतिको सुनिसक्तामा पनि धोको पुगेन र ।
अझै केही सोध्न थाले वीर अर्जुनले त्यहाँ ॥०॥

सन्न्यासको तत्त्व जान्ने त्यस्तै नै त्यागको पनि ।
इच्छा मेरो छ हे नाथ ! स्पष्ट पारेर भन्नुहोस् ॥१॥

सुनी अर्जुनको प्रश्न बेसै सोधे भनीकन ।
भन्न लाग्नुभयो कृष्ण अर्थ्याईकन राम्ररी ॥०॥

सन्न्यास हो फलाशाले कुनै कर्म नगर्नु नै ।
सबै कर्मफल त्याग गर्नु नै त्याग हो बडो ॥२॥

कोही भन्छन् कर्म जति सबै नै त्याग्नुपर्दछ ।
यज्ञदानादि ता त्याग्नु हुन्न भन्छन् अरू कुनै ॥३॥

मेरो निश्चय ता पार्थ ! त्यागबारे तिमी सुन ।
तीन प्रकारका हुन्छन् त्याग ती यस लोकमा ॥४॥

यज्ञ दान तपस्या त छोड्नुहुन्न कसै पनि ।
मनीषीजनका लागि यी ता ज्यादै पवित्र छन् ॥५॥

फलाशा सङ्ग त्यागेर गर्नैपर्दछ कर्म त ।
मत निश्चित हो मेरो यै नै छ अति उत्तम ॥६॥

नित्यकर्महरूको ता सन्न्यास हुनुहुन्न है ।
मोहले त्यसको त्याग कहिन्छ अति तामस ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दु:खमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्याग: सात्त्विको मत: ॥९॥

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशय: ॥१०॥

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषत: ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मण: फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु सन्न्यासिनां क्वचित् ॥१२॥

पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।
साङ्ख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म हो दुःखको हेतु भनेर अथवा पुनः ।
कायक्लेश हुने देखी कर्मको त्याग गर्नुमा ॥

पार्थ ! यस्तो त्यागलाई ज्ञानी राजस भन्दछन् ।
यस्तो त्याग गरेकोमा छैन क्यै त्यागको फल ॥८॥

गर्नैपर्छ भनी ठानी नित्य कर्म गरिन्छ जो ।
सङ्ग औ फल छोडेर गरिने त्याग सात्त्विक ॥९॥

सत्त्वले युक्त मेधावी छिन्नसंशय जो त छन् ।
तिनले द्रोह गर्दैनन् खराबै कर्मको पनि ॥

न वा ती मुछिनै पुग्छन् गतिलो कर्ममा पनि ।
तटस्थ भै रहन्छन् ती सदा शान्त बनीकन ॥१०॥

सबै कर्म बिसाएर देही सक्तैन बस्न क्वै ।
कर्मको फलको त्यागी सच्चा त्यागी कहिन्छ है ॥११॥

अनिष्ट इष्ट औ मिश्र कर्मका फल तीन यी ।
अत्यागी जनका हुन्छन् परत्रै पाउने फल ॥

सन्न्यासी जनले ता यी भोग्न पर्दैन क्यै पनि ।
अत्यागीको र सन्न्यासीको पार्थक्य यही त हो ॥१२॥

कर्मको सिद्धिका लागि पाँच मात्र उपाय छन् ।
ती सबै अहिले भन्छु जानिराख तिमी अब ॥१३॥

अधिष्ठान तथा कर्ता करणै भिन्न भिन्न ती ।
त्यस्तै चेष्टा विविधका पाँचौं कारण दैव हो ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान् पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं राजसं स्मृतम् ॥२१॥

यत्तु कृत्स्नवदेकस्मिन् कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

यत्तु कामेप्सुना कर्म साहङ्कारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीर मन बोलीले कर्म प्रारम्भ गर्छ जो ।
अनुकूल कि वा उल्टो यिनै हुन् पाँच कारण ॥१५॥

यस्तो हो किन्तु आफैं जो कर्ता ठानेर वस्तछ ।
त्यो मूर्ख हो र त्यसले देख्तैन असली कुरो ॥१६॥

अहङ्कारै छैन जस्मा बुद्धि नै न त लिप्त छ ।
मारेर पनि यो लोक न मार्छ न त मर्दछ ॥१७॥

ज्ञान ज्ञेय र ज्ञाता यी तीन हुन् कर्मप्रेरणा ।
कर्म कर्ता करण यी तीन हुन् कर्म-सङ्ग्रह ॥१८॥

गुणका दृष्टिले हेर्दा कर्ता ज्ञान र कर्म यी ।
तीनै प्रकारका हुन्छन् अब त्यो पनि लौ सुन ॥१९॥

जो सबै वस्तुमा एकै भावले हेर्न सक्तछ ।
त्यही अव्ययको ज्ञान जान मानिन्छ सात्त्विक ॥२०॥

पृथक् पृथक् भावलाई पृथक् नै जान्न सक्छ जो ।
यस्तो ज्ञान त हे पार्थ ! जान्नू राजस हो भनी ॥२१॥

सब थोक यही नै हो भन्ने ठान्ने अकारण ।
तत्त्वार्थहीन औ अल्प ज्ञान हो जान तामस ॥२२॥

रागद्वेष न ली केही कुनै सङ्ग नभैकन ।
विना फलाशा गरिने कर्म हो बुझ सात्त्विक ॥२३॥

मनमा कामना राखी अहङ्कारै गरीकन ।
परिश्रम गरी गर्ने कर्म हो जान राजस ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं श्रृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनञ्जय ॥२९॥

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचारै नगरी हानि हिंसा फल र पौरुष ।
मोहले गरिने कर्म त्यो ता हो जान तामस ॥२५॥

छैन आसक्ति नै केही न अहङ्कार नै पनि ।
धैर्य राखेर मनमा सदा उत्साह लीकन ॥

असिद्धि सिद्धिमा उस्तै निर्विकार रहन्छ जो ।
यस्तो कर्ता जो छ मान्नू त्यो ता सात्त्विक हो भनी ॥२६॥

इच्छा राख्ने त फलको रागी लोभी र हिंसक ।
हर्षशोकादिले युक्त कर्ता हो त्यो त राजस ॥२७॥

घमण्डी मूर्ख औ अल्छी धूर्त प्राकृत अस्थिर ।
विषादले युक्त छ जो कर्ता हो त्यो त तामस ॥२८॥

बुद्धि र धृतिका भेद हुन्छन् ती पनि तीन नै ।
अब ती पनि भन्दैछु सुन विस्तारपूर्वक ॥२९॥

प्रवृत्ति अनि निवृत्ति कार्याकार्य भयाभय ।
बन्ध मोक्ष सबै जान्ने बुद्धि हो पार्थ ! सात्त्विकी ॥३०॥

धर्माधर्म तथा कार्य-अकार्य पनि ता सबै ।
यथावत् जान्न सक्तैन त्यो ता हो बुद्धि राजसी ॥३१॥

तमले ढाकिँदा ठान्छ अधर्मै धर्म हो भनी ।
उल्टो उल्टो देख्छ सबै त्यो ता हो बुद्धि तामसी ॥३२॥

यथार्थ योगको द्वारा मन प्राण र इन्द्रिय ।
सबै क्रिया धान्न सक्ने धृति हो सात्त्विकी बुझ ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यया तु धर्मकामार्थान्धृत्याधारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥३४॥

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
नविमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फलाकाङ्क्षी बनी जस्ले धर्मकामार्थ धान्दछ ।
त्यस्तो त्यो धृतिलाई ता जान्नुपर्दछ राजसी ॥३४॥

जसले शोक र मद विषाद भय आउँछ ।
छोड्न सक्तैन दुर्बुद्धि त्यही हो धृति तामसी ॥३५॥

तीनै किसिमको हुन्छ सुख नै पनि ता सुन ।
अभ्यासले रम्न पुग्छ जसले दु:ख हट्तछ ॥

विष जस्तै लाग्छ पैले अन्तमा अमृतै सरि ।
सुख सात्त्विक त्यै नै हो आत्मा बुद्धि खुसी हुने ॥३६-३७॥

विषयेन्द्रिय संयोगबाट पैले मजा हुने ।
विषझैँ अन्तमा बन्ने सुख राजस हो त्यही ॥३८॥

निद्रालस्य प्रमादैले सुरुमा अन्तमा पनि ।
आत्मसंमोहले प्राप्त हुने सुख त तामस ॥३९॥

धरतीमा र नभमा देवतागणमा पनि ।
छैन प्राकृत यी तीन गुणले मुक्त क्वै पनि ॥४०॥

वैश्य क्षेत्री ब्राह्मणको त्यस्तै नै शूद्रको पनि ।
बाँडिएको छ है कर्म स्वभावअनुरूप नै ॥४१॥

तपस्या शौच र दम क्षमा सरलता शम ।
ज्ञान विज्ञान आस्तिक्य यिनै हुन् ब्रह्मकर्म त ॥४२॥

धृति दाक्ष्य तथा तेज शौर्य युद्धपरायण ।
प्रभुत्वभाव औ दान यी ता क्षत्रिय कर्म हुन् ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥४५॥

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥४७॥

सहजं कर्म कौन्तेय सदोषमपि नत्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ॥४८॥

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां सन्न्यासेनाधिगच्छति ॥४९॥

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृषि गोरक्ष्य वाणिज्य यी सबै वैश्यकर्म हुन् ।
शूद्रका लागि ता सेवा स्वभावप्राप्त कर्म हो ॥४४॥

आफ्नो आफ्नै कर्म गर्दा सिद्धि पाउँछ मानव ।
स्वकर्म गर्दा कसरी सिद्धि पाइन्छ यो सुन ॥४५॥

जसबाट भयो सृष्टि जसले सब व्याप्त छ ।
स्वकर्मले उनैलाई पुज्दामा सिद्धि मिल्दछ ॥४६॥

अरूको धर्म राम्रै नै गरिएको भए पनि ।
त्योभन्दा ता बेश हुन्छ स्वधर्म विगुणै पनि ॥

स्वभावैले तोकिएको आफ्नो जो धर्म हो त्यही ।
गर्दामा पाप लाग्दैन पर्दैन पनि भोगन ॥४७॥

दोषयुक्त भलै होओस् आफ्नो कर्म त तैपनि ।
त्याग्नुहुन्न कसै पार्थ ! जानिराख तिमी पनि ॥

धूवाँले जसरी ढाक्छ आगोलाई सधैं भरी ।
त्यस्तै हाम्रा कर्म पनि ढाकिन्छन् दोषले सबै ॥४८॥

आसक्तिले रहित औ जितात्मा अनि निस्पृह ।
भए सन्न्यासले मिल्छ नैष्कर्म्य सिद्धि उत्तम ॥४९॥

सिद्धि प्राप्त हुँदा जस्तो ब्रह्म नै प्राप्त गर्दछ ।
ज्ञानको हो त्यही निष्ठा अब संक्षेपमा सुन ॥

विशुद्ध बुद्धिले युक्त आत्मसंयम धैर्यले ।
शब्दादि विषयै त्यागी हटाई रागद्वेष नै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयाँस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥

विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥

अहङ्कारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते नरः ॥५४॥

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

चेतसा सर्वकर्माणि मयि सन्न्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥५७॥

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहङ्कारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥५८॥

यदहङ्कारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकान्तमा रमाएर अल्पाहार गरीकन ।
बोली शरीर मनमा राख्तै उत्तम संयम ॥

वैराग्य नै अँगालेर रम्छ जो ध्यानयोगमा ।
अहङ्कार क्रोध दर्प बल काम परिग्रह ॥

त्यागेर ममता छोडी सदा नै शान्त भैकन ।
बस्न सक्ने जन ज्ञानी ब्रह्मभैं बनिहाल्दछ ॥५०-५३॥

बनी ब्रह्म प्रसन्नात्मा न इच्छा न त शोक छ ।
प्राणी सबैमा सम भै ऊ मेरो भक्ति पाउँछ ॥५४॥

म को हुँ अनि कस्तो छु यो कुरा भक्तिले सबै ।
तत्त्वपूर्वक जानेर त्यो ममा मिल्न आउँछ ॥५५॥

गर्दै सबै कर्म पनि ममै आश्रित भैकन ।
मेरै कृपाले भेट्नेछ पद शाश्वत अव्यय ॥५६॥

मनले ती सबै कर्म ममा अर्पेर मै भनी ।
बुद्धियोग अँगालेर मेरै ध्यान सदा गर ॥५७॥

सबै दुर्गहरू पार्थ ! ममा चित्त लगाउँदा ।
मेरो कृपाले तर्नेछौ यो पक्का बुझिराखनू ॥

अहङ्कार लिई भित्र सुन्दैनौ यदि यो भने ।
तिमी आफैं नासिनेछौ के भनूँ म अरू कुरा ॥५८॥

तिमी अहङ्कार लिई म लड्दिन भन्यौ भने ।
खटाउला प्रकृतिले तोडी तिम्रो झुटो भ्रम ॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्त्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥६०॥

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥

तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्षामि ते हितम् ॥६४॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

इदं ते नातपस्काय नाभक्ताय कदाचन ।
नचाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी जे गर्न चाहन्नौ मोहले तैपनि त्यही ।
गर्नैपर्ला बाँधिएर स्वभावयुत कर्मले ॥६०॥

सबै चेतनका भित्र बसेको हुन्छ ईश्वर ।
मायाले नै सबैलाई उसैले नै घुमाउँछ ॥६१॥

उनकै जाऊ शरण सम्पूर्ण भावले गरी ।
प्रसाद उनकै पाई शान्ति औ धाम पाउला ॥६२॥

गुह्यभन्दा अझै गुह्य मैले जो ज्ञान यो भनें ।
राम्ररी यो विचारेर जे चाहन्छौ त्यही गर ॥६३॥

सर्वगुह्य कुरा यौटा आर्को पनि त लौ सुन ।
अतिप्रिय भएकाले तिम्रो हित म भन्दछु ॥६४॥

मलाई मनमा राख मेरै भक्त बनी रहू ।
यज्ञ मेरै गर सदा प्रणाम गर नित्य नै ॥

यसो गरे मात्र तिमी मलाई प्राप्त गर्दछौ ।
तिमी प्यारो भएकाले प्रतिज्ञा सत्य गर्दछु ॥६५॥

सबै धर्म अरू छोडी मेरै शरणमा पर ।
पापबाट तिमीलाई म नै मुक्त गराउँला ॥६६॥

ऐले यो जो भनें मैले तिमीले कहिल्यै पनि ।
तपस्या नै नगर्ने र अभक्तजनमा पनि ॥

सुन्नै नचाहनेलाई पनि भन्नु हुँदैन है ।
त्यस्तै मेरो द्रोह गर्नेलाई पनि नभन्नु नि ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः॥६८॥

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसम्मोहः प्रनष्टस्ते धनञ्जय ॥७२॥

अर्जुन उवाच :

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाऽच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

सञ्जय उवाच :

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरा भक्तहरूमा जो गुह्य यो तत्त्व भन्दछ ।
ममा भक्ति लगाई त्यो ममै पुग्दछ निश्चय ॥६८॥

त्योभन्दा प्रियकर्ता त कोही हुन्न मनुष्यमा ।
मेरो लागि त्यही पार्थ ! सबमा प्रिय हुन्छ है ॥६९॥

धर्म्य संवाद यो हाम्रो जो अध्ययन गर्दछ ।
ज्ञानयज्ञ गरी उस्ले मलाई गर्छ पूजित ॥७०॥

ईर्ष्यारहित श्रद्धावान् जो कोही पनि यो सुनोस् ।
पुण्यात्माको लोकमा ऊ मुक्त भै पुगिहाल्दछ ॥७१॥

सुन्यौ तिमीले के पार्थ ! एकाग्र मनले सबै ? ।
हट्यो त तिम्रो सम्मोह अब राम्रै गरीकन ? ॥७२॥

सुनी श्रीकृष्णको प्रश्न मनै मन प्रसन्न भै ।
राखेर कृष्णमा श्रद्धा भन्दछन् अब अर्जुन ॥०॥

मेरो मोह भयो नष्ट पाएँ स्मृति सबै अब ।
यो हो प्रसाद प्रभुको यही नै म त ठान्दछु ॥

सबै सन्देह त्यागेर खडा छु म प्रभो ! अब ।
आज्ञा पालन गर्नेछु प्रभुको अब निश्चय ॥७३॥

विचित्र यस्तो संवाद सुनेर सब सञ्जय ।
थाले आश्चर्यका साथ राजालाई सुनाउन ॥०॥

श्रीकृष्ण-पार्थको यस्तो संवाद अति अद्‌भुत ।
महाराज सुनें मैले रौं नै ठाडा तुल्याउने ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम् ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

राजन् संस्मृत्य संस्मृत्य संवादमिदमद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च पुनः पुनः ॥७६॥

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान् राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

इति मोक्षसन्न्यासयोगो नामाष्टादशोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासप्रसादले मैले यस्तो गुह्य कुरा पनि ।
कृष्णबाटै सुन्न पाएँ योगबारे सबै कुरा ॥७५॥

यस्तो अद्भुत संवाद केशवार्जुनको सबै ।
सम्झी सम्झी यो मनले खुसी हुन्छु निरन्तर ॥७६॥

अति अद्भुत त्यो रूप कृष्णको सम्झदा पनि ।
ठूलो आश्चर्य पो लाग्छ बारम्बार खुसी पनि ॥७७॥

कृष्ण योगेश्वर जता धनुर्धारी धनञ्जय ।
त्यहीं श्री जीत ऐश्वर्य मेरो यो मन भन्दछ ॥७८॥

मोक्षसन्न्यास योग नाम गरेको अठारौं अध्याय यहीं समाप्त हुन्छ ॥)

अनुवाद समाप्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरकथा

गीतामृत सुनी यस्तो ज्ञान श्रीकृष्णको अनि ।
छोडी वैराग्य अधिको उठे अर्जुन धीर भै ॥१॥

उठाए धनु त्यो आफ्नो लड्नमा दृढनिश्चयी ।
बनेर ती अघि बढे सामु कौरवसैन्यको ॥२॥

थियो कौरवको सेना युद्ध गर्न अगाडि नै ।
सेनापति थिए भीष्म युद्धविद्या-विशारद ॥३॥

पर्ने भयो युद्ध पैले भीष्म-अर्जुनको अब ।
सामनेमा भीष्मलाई देखी अर्जुनले पनि ॥४॥

गरे प्रणाम पहिले अस्त्रले नै त पाउमा ।
थियो सङ्केत यो स्पष्ट बडाका लागि मानको ॥५॥

बाजे-नाति दुवैको नै भयो प्रारम्भ युद्धको ।
नातिले वाण बाजेका बाजेले नातिका सबै ॥६॥

काट्तथे स्फुर्तिले खूब दुवैले नै बराबर ।
भीष्म-अर्जुनको युद्ध थियो लायक हेर्नमा ॥७॥

भीष्म-अर्जुनको युद्ध यता चल्दै थियो भने ।
भिड्दै थिए अरू पनि धेरै वीरहरू उता ॥८॥

थिएन ज्यानको माया कसैलाई पनि त्यहाँ ।
खालि ध्याउन्न यौटै नै कसरी मारुँ दुस्मन ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिते नौ दिन यस्तैमा हार-जीत विना कुनै ।
निराशाले घर गऱ्यो वीर अर्जुनमा पनि ॥१०॥

नवौं दिन सकी युद्ध सन्ध्यामा जब फर्किए ।
आफ्नो आफ्नो शिविरमा अनि अर्जुनले गई ॥११॥

कृष्णलाई भन्न थाले प्रभु ! यो युद्ध ता अब ।
साह्रै कठिन भो जित्न भीष्मका सँगमा लडी ॥१२॥

जबसम्म हुनन् भीष्म लड्दै कौरव पक्षमा ।
जीत हाम्रो देख्तिन म पक्का यो बुझिबक्सियोस् ॥१३॥

भीष्मलाई जित्न केही उपाय छ भने प्रभो ।
मर्जी होस् अब के गर्ने ? नत्र ता हारिने भयो ॥१४॥

सुनी अर्जुनको यस्तो निराशापूर्ण वाक्य यो ।
श्रीकृष्णले भन्नुभयो- सोधौं यो भीष्मका सँगै ॥१५॥

पाँचै पाण्डवलाई नै साथ लीकन कृष्णजी ।
तत्काल नै पाल्नुभयो भीष्मका शिविरैतिर ॥१६॥

पाँचै पाण्डवका साथ देखी श्रीकृष्णजी त्यहाँ ।
श्रद्धा र प्रेमका साथ गरे स्वागत भीष्मले ॥१७॥

पाँचै पाण्डवले श्रद्धा ठूलो राखेर भीष्ममा ।
अभिवादन गर्दामा प्रेमासक्त बनीकन ॥१८॥

दिए आशीष उनले विजयी बन बाबु हो ।
पाई आशीर्वाद यस्तो झट्ट अर्जुनले पनि ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिसाए यसरी बिन्ती मनमा धक क्यै नली ।
प्रभो हजुरलाई ता जित्नु त्यो रणभूमिमा ॥२०॥

असम्भव भनी ठान्छु विजयी कसरी हुने ।
उपाय मर्जी होस् नाथ ! कसरी जित्न सक्तछु ॥२१॥

सुनी अर्जुनको प्रश्न धर्मसङ्कटको त्यहाँ ।
भन्न थाल्नुभयो भीष्म प्रेमले मुस्कुराउँदै ॥२२॥

तिमीले जो भन्यौ पार्थ ! सत्य हो त्यो म जान्दछु ।
मलाई युद्धमा जित्नु असम्भव म मान्दछु ॥२३॥

मलाई जित्नका लागि यौटा जुक्ति म भन्दछु ।
त्यसै गरे मात्र तिमी मलाई जित्न सक्तछौ ॥२४॥

शिखण्डीलाइ नै राख अगाडि रथमा अनि ।
पछाडिबाट तिमी नै प्रहार गर बेसरी ॥२५॥

जति ठूलो वीर होउन् शिखण्डी तर तैपनि ।
मेरा नजरमा पार्थ ! नारी हुन् ती त केवल ॥२६॥

नारीमा वाणले हान्नु क्षात्र-धर्म विरुद्ध हो ।
त्यसैले म चलाउन्न उनमा वाण क्यै गरी ॥२७॥

शिखण्डीले जति हानून् तिनका वाण क्यै गरी ।
सक्वैनन् छेड्न यो छाती हुनेछन् सब निष्फल ॥२८॥

मौका छोपी तिमी गर्नू प्रहार अनि वाणको ।
तिम्रा तीखा वाण मेरो गड्नेछन् मुटुमा गई ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाणको वेदनाले म ढलुँला युद्धभूमिमै ।
यही यौटै हो उपाय अरू क्यै छैन अर्जुन ॥३०॥

यस्तो उपाय जानेर हर्षले गद्‌गदाउँदै ।
लिएर भीष्मको आज्ञा फर्के ती शिविरैतिर ॥३१॥

प्रारम्भ भो जसै युद्ध दसौं दिन प्रभातमा ।
राखी अगाडि रथमा शिखण्डी आफु ता पछि ॥३२॥

बसे लुकेर यसरी वीर अर्जुन ता त्यहाँ ।
अघिल्लो जन्मकी अम्बा पुत्री काशिनरेशकी ॥३३॥

भीष्मलाई मार्न भनी शिखण्डी भई जन्मिइन् ।
उनलाई मिल्यो मौका प्रतिज्ञा पूर्ण गर्नमा ॥३४॥

प्रहार गर्दथे वाण भीष्ममा पूर्ण शक्तिले ।
तर यस्ता वाणले ता आत्थो नै पनि हुन्नथ्यो ॥३५॥

मौका हेरी अर्जुनले प्रहार गर्न वाणले ।
थालिहाले र उनका वाणले मर्मभेदन ॥३६॥

गर्न थाले तरै भीष्म रहे अडिग नै भई ।
थाहा पाए भीष्मले ती वाण अर्जुनका भनी ॥३७॥

त्यसैले नै उनी भन्थे- नेमे वाणाः शिखण्डिनः ।
एकोहोरो वाण लाग्दा बन्यो देह छियाछिया ॥३८॥

कतिञ्जेल सहून् दैव सहनै नसकेपछि ।
रथमा नै पुगे ढल्न बूढा भीष्म कठैबरी ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढलेका भीष्म देखेर कृष्ण अर्जुनका सँगै ।
पुगे उद्धारका लागि भीष्मका रथमा दुवै ॥४०॥

तिर्खाएका थिए भीष्म मागे पानी र पार्थले ।
यौटा वाण लिई हाने त्यहींको रणभूमिमै ॥४१॥

उनको वाणले गर्दा धरती पनि छेडिइन् ।
निस्कियो जलको धारा त्यही नै जल अर्पिए ॥४२॥

उनलाई थियो प्राप्त इच्छामरणको पनि ।
उत्तरायणका लागि ती केही पर्खिने भए ॥४३॥

भने अर्जुनलाई यो मलाई रणभूमिमै ।
शरशय्या बनाएर त्यसमा नै सुताइद्यौ ॥४४॥

इच्छा बुझी अर्जुनले भीष्मको त्यस रूपको ।
शरशय्या बनाएर सुताए त्यसमै लगी ॥४५॥

समाप्त भो भीष्म पर्व अनि ता गुरु द्रोण नै ।
गर्दै नेतृत्व सेनाको युद्धको भूमिमा बढे ॥४६॥

घनघोर चल्यो युद्ध उनका सँगमा पनि ।
उनलाई जित्नु पनि निकै कठिन पो भयो ॥४७॥

उनमा ता थियो श्राप मर्ने नै पुत्रशोकले ।
अश्वत्थामा थिए पुत्र चिरञ्जीवी अजम्बरी ॥४८॥

कसरी मार्नु अव लौ यो ता घाँडो कुरो भयो ।
उपाय केही यसमा अवश्यै गर्नु नै थियो ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसका लागिमा यौटा उपाय पनि सोचियो ।
अश्वत्थामा नाम हात्ती मारियो र प्रचार भो ॥५०॥

अश्वत्थामा मारिए लौ मारिए मारिए भनी ।
यो हल्ला भीमद्वारा नै द्रोणको कानमा पुग्यो ॥५१॥

चिरञ्जीवी पुत्र आफ्नो मारिएको कुरा कसै ।
पत्याएनन् द्रोणले ता सत्य यो कसरी हुने ॥५२॥

पुगे युधिष्ठिरकहाँ सत्य के हो बुझौँ भनी ।
सत्यवादी हुनाले नै भन्नेछन् सत्य नै भनी ॥५३॥

त्यहाँ पनि बडो जाल रचियो सत्य छोपन ।
चारैतिर बजे बाजा ठूलो शब्द गरीकन ॥५४॥

बाजाका ध्वनिका माझ भन्न थाले युधिष्ठिर ।
मान्छे नै हो कि वा हात्ती अश्वत्थामा त मारिए ॥५५॥

सकेनन् सुन्न पूर्वार्द्ध विस्तारै बोलिँदा त्यहाँ ।
यति मात्र सके सुन्न "अश्वत्थामा त मारिए" ॥५६॥

सत्यवादी भनी नाम चलेको जसको थियो ।
उसैले नै भनेकोमा झूटो यो कसरी हुने ॥५७॥

सोचेर यस्तो उनले पत्याए अब क्यै गरी ।
पर्दा ठूलो पुत्रशोक चिन्ता अब हुने भयो ॥५८॥

पुत्रशोक गरी बस्ने वेला तर कहाँ थियो ।
बाँकी काम सकूँ भन्दै युद्धमै फेरि फर्किए ॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिलेको शक्ति अब कहाँ हुन्थ्यो र तैपनि ।
यथाशक्य लडे द्रोण मारे शत्रुहरू निकै ॥६०॥

गल्दै गए पाखुरा ती पुत्रशोक छुँदै थियो ।
हरायो अधिको शक्ति लड्न गाह्रो हुँदै गयो ॥६१॥

जाने समय आएको ठानेर रथमै त्यहीँ ।
छोडेर धनु औ वाण भए ती मग्न ध्यानमा ॥६२॥

लड्दै थिए धृष्टद्युम्न द्रोणका साथमा त्यहीं ।
पुरानो दुश्मनी साध्ने मौका देखी खुसी भए ॥६३॥

लिएर तीखो तर्बार जाइलागे तुरुन्त नै ।
छिनाली द्रोणको घाँटी फाल्दिए रणभूमिमै ॥६४॥

द्रोणाचार्य मारिएको देखी कौरव सैन्यमा ।
भागाभागै मच्चिन गो टिक्न को सक्तथ्यो त्यहाँ ॥६५॥

द्रोणका पछि ता कर्ण सेनापति बनाइए ।
लड्नका लागिमा कर्ण थिए घोर पराक्रमी ॥६६॥

कर्ण-अर्जुनका बीच घोर युद्ध सुरू भयो ।
धेरै मरे वीरहरू दुवैका पक्षका त्यहाँ ॥६७॥

जति ठूलो वीर होउन् युद्ध घोर गरुन् जति ।
आखीरमा सीप केही त्यहाँ लागेन कर्णको ॥६८॥

भास्सियो रथको पाङ्ग्रा युद्धका बीचमै जब ।
उठाउनाकन उनी ओर्ल्हेथे भुईमा जब ॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौका छोपी अर्जुनले टाउको नै छिनाल्दिए ।
मारिँदा यसरी कर्ण हाहाकार निकै भयो ॥७०॥

भागाभाग चल्यो ठूलो सारा कौरव पक्षमा ।
युद्ध मैदानमा कोही सकेनन् टिक्न नै त्यहाँ ॥७१॥

भीष्म द्रोण र ती कर्ण मारिएपछि ता अब ।
रहेन क्वै वीर पनि ज्यूँदो कौरव सैन्यमा ॥७२॥

हरेस मनले खाए पनि फुर्ती जनाउँदै ।
शल्यलाई पुगे भन्न दुर्योधन सरासर ॥७३॥

मामा हजुरले नै लौ हाम्रो कौरव सैन्यको ।
सेनापतित्व नलिए अब हार हुने भयो ॥७४॥

मद्र राजा शल्य त हुन् माद्रीका दाजु तैपनि ।
कार्यकारणले गर्दा थिए कौरव पक्षमा ॥७५॥

महारथीका नाताले हुन्न भन्न मिलेन र ।
स्विकारे पद त्यो उन्ले कस्सिए लड्नमा अब ॥७६॥

शल्यको अब के लाग्थ्यो वीर पाण्डवका सँग ।
निकै साहसका साथ लडे तैपनि वीर ती ॥७७॥

युधिष्ठिरैसँग पऱ्यो घोर युद्ध त्यहाँ जब ।
मारिए उनको प्राण युद्धमैदानमै गयो ॥७८॥

मारिए जब ती शल्य अब कौरव पक्षमा ।
दुर्योधन भए एक्लो रहेनन् शेष क्वै पनि ॥७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्ध मैदानमा टिक्ने रहेन अब साहस ।
प्यारो गदा साथमा ली उनी पनि हिँडे अब ॥८०॥

कहाँ जाने कता जाने दुविधामा परी उनी ।
पोखरीमा लुक्न पुगे नदेखून् क्वै पनि भनी ॥८१॥

थाहा पाए तर पनि यता पाण्डव पक्षले ।
सबै भाइ पुगे खोज्न श्रीकृष्णसँगमा रही ॥८२॥

भयो सम्वाद उनको ती युधिष्ठिरका सँग ।
हामी पाँचै भाइमध्ये जसका साथमा तिमी ॥८३॥

चाहन्छौ लड्न लौ आऊ लड भाइ उसैसँग ।
सुनेर यस्तो वचन लड्न सन्नद्ध ती भए ॥८४॥

पहिले नै पऱ्यो त्यहाँ वाक्युद्ध भीमका सँग ।
लल्कारे झोकमा उन्ले गदा-युद्ध गरौं भनी ॥८५॥

पर्न थाल्यो गदा-युद्ध दुर्योधन र भीमको ।
चिन्ता पऱ्यो भीमलाई जित्ने लौ कसरी अब ॥८६॥

साह्रो थियो बज्रजस्तै दुर्योधन शरीर त ।
जहाँ हाने पनि यसै ट्वाङ्ट्वाङ् आवाज गर्दछ ॥८७॥

गान्धारीको दिव्यदृष्टि परेका जति ठाउँमा ।
बज्रभन्दा पनि कडा बनेको हो शरीर त्यो ॥८८॥

गदा-युद्ध पऱ्यो साह्रो वीर उस्तै दुवै थिए ।
जीत हार हुने कस्को थिएन निश्चयै पनि ॥८९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साह्रै लामो भयो युद्ध भीम थाक्तै गए जब ।
जाँघ ठोकी अर्जुनले गरे सङ्केत भीममा ॥९०॥

गान्धारीको दिव्यदृष्टि नपर्दा असुरक्षित ।
जाँघ मात्रै थियो ठाउँ त्यहीं नै हान्नुपर्दथ्यो ॥९१॥

बुझेर यस्तो सङ्केत भीमले पनि बेसरी ।
प्रहार जाँघमा गर्दा दुर्योधन ढली गए ॥९२॥

जाँघ टुट्न गयो उन्को उठ्न नै नहुने गरी ।
लडे उनी भूमिमा नै पूरै अधमरो भई ॥९३॥

यता खुसी भए सारा पक्ष पाण्डवका पनि ।
सबैलाई लाग्न थाल्यो अब युद्ध समाप्त भो ॥९४॥

तर यो ता थियो यौटा पटाक्षेप भयङ्कर ।
खुल्न बाँकी थियो अर्को क्रूर पर्दा अझै पनि ॥९५॥

अश्वत्थामा कृपाचार्य कृतवर्मा त शेष नै ।
थिए कौरवसेनाका सब नै हुन् महारथी ॥९६॥

तीनै जना पुगे भेट्न दुर्योधन जहाँ थिए ।
मरणासन्न राजाले सेनापति भयौ भनी ॥९७॥

अश्वत्थामाकन दिए अभिषेक कसै गरी ।
तीनै जना हिँडे हामी अब क्यै गर्दछौं भनी ॥९८॥

रात बस्न पुगे ती ता घोर जङ्गलमा कतै ।
झ्याम्मिएको वृक्ष देखी सहारा त्यसकै लिए ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिशोध थियो भित्र पिताको बदला लिने ।
परेन निद्रा त तर मनमा एक योजना ॥१००॥

आयो र उनले त्याहीँ उठाएर दुवैकन ।
गरे सल्लाह के गर्ने अब चाँडो गरी भन ॥१०१॥

योजना त थियो उन्को रातमा शिविरै पुगी ।
निद्रामा नै नाश गर्ने सबै पाण्डव पाँच नै ॥१०२॥

मिलेन राय त जब अश्वत्थामा त एक्लै ।
निस्के शिविरमा जान गरेर दृढ निश्चय ॥१०३॥

एक्लै छोड्नुभन्दा त साथमा जानु बेस हो ।
भन्ने ठानेर ती साथी पछि लागि दुवै गए ॥१०४॥

अश्वत्थामा अघिअघि पछाडि त दुवै जन ।
हुँदै पुगे शिविरमा जहाँ पाण्डव बस्तथे ॥१०५॥

ढोकामा त थियो पाले डरलाग्दो विचित्रको ।
अस्त्र प्रहारले पारी त्यसलाई त्यहीँ थिलो ॥१०६॥

ढोका खुलाए पस्नामा अब बाधा रहेन क्यै ।
ढोकामा नै दुवैलाई राखी भित्र पसे उनी ॥१०७॥

आफ्नो लक्ष्य ठूलो ठानी सिद्धिका लागिमा उनी ।
रुद्रको ध्यानमा लागे एकत्व त्यसमै भई ॥१०८॥

दिए यौटा खड्ग राम्रो खुसी भै रुद्रले पनि ।
हातमा ली त्यही खड्ग बढे अब त ढुक्क भै ॥१०९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो भेटियो उसैलाई छिन्न थाले छ्पाछ्प ।
बूढो बालो र नारीको रहेन भेद क्यै पनि ॥११०॥

अश्वत्थामा भए त्याहाँ साक्षात् कालस्वरूप नै ।
सकेन उम्कनै कोही छलेर खड्ग त्यो कसै ॥१११॥

यदि संयोगले कोही उम्किहाल्यो भने पनि ।
कृतवर्मा कृपाचार्य द्वारमै काटिहाल्दथे ॥११२॥

संयोग नै भन्नुपर्छ त्यहाँ पाण्डव क्वै पनि ।
थिएनन् त्यस रात्रीमा त्यसैले ती सबै बचे ॥११३॥

मच्चाई यो कोतपर्व शिविरै शून्य भो जब ।
अश्वत्थामा क्रूरकर्मा निस्किए बाहिरै तब ॥११४॥

कृतवर्मा कृपाचार्य ढोके पाले त जो थिए ।
अश्वत्थामासँग दुवै अत्यन्तै नै खुसी भए ॥११५॥

बिहानीको प्रभातीमा पुग्यो खबर यो जब ।
पाँचै भाइ पाण्डव ती बने अत्यन्त दःुखित ॥११६॥

थामी सक्नु नभै क्रोध रीसले मुर्मुराउदै ।
अश्वत्थामा मार्छु भनी दौडे भीम तुरुन्त नै ॥११७॥

देखेर भीमको चाला युधिष्ठिर र अर्जुन ।
दुवै भाइ लिई साथ श्रीकृष्ण पनि पाल्नुभो ॥११८॥

अश्वत्थामा खोज गर्दै भीमको रथ दौडियो ।
त्यस्का पछि सँगै लागी दौड्यो श्रीकृष्णको रथ ॥११९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गङ्गाका तीरमा पुग्दा अश्वत्थामा त भेटिए ।
देखी श्रीकृष्णका साथ भीमार्जुन दुबै जन ॥१२०॥

अश्वत्थामा डराएर ब्रह्मास्त्रै छोड्न पो पुगे ।
उकेल्दै अग्निको ज्वाला त्यो ब्रह्मास्त्र बढ्यो जब ॥१२१॥

हेर्दै अर्जुनलाई नै कृष्णले पनि भन्नुभो ।
तिमीले पनि हे पार्थ ! छोड ब्रह्मास्त्र नै अब ॥१२१॥

त्योभन्दा ता अरू केही छैन ऐले उपाय नै ।
आज्ञाले कृष्णको यस्तो छोडे अर्जुनले पनि ॥१२२॥

आकाशमा बल्न थाले दुबै ब्रह्मास्त्र ती जब ।
दुवैको बीचमा त्याहाँ देखिए व्यास-नारद ॥१२३॥

दुवैले नै भन्न थाले गर्छौ यो किन मूर्खता ।
आफ्ना-आफ्ना अस्त्र झट्ट गर फिर्ता दुवै अब ॥१२४॥

पार्थ फिर्ता गर्न सक्थे ब्रह्मास्त्र सजिलैसित ।
सक्तैनथे त्यसो गर्न अश्वत्थामा त क्यै गरी ॥१२५॥

भने उन्ले जान्दिन म फिर्ता गर्न त्यसो हुँदा ।
उत्तराका गर्भमा नै यसलाई म छोड्दछु ॥१२६॥

त्यसो भए तिमी बाबू ! तिम्रो त्यो शिरको मणि ।
देऊ पाण्डवलाई र शान्त पार सबैकन ॥१२७॥

अश्वत्थामाले पनि ता व्यास आज्ञानुसार नै ।
दिए पाण्डवलाई नै आफ्नो त्यो शिरको मणि ॥१२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर ब्रह्मास्त्र ता उन्ले आफ्नो लक्ष्यमुताविक ।
उत्तरा गर्भमै छोड्ने ढीपीमा नै अडीरहे ॥१२९॥

अश्वत्थामा वचन यो सुनी श्री कृष्णले पनि ।
निकै आक्रोशका साथ भन्नुभो 'हुन्छ लौ' भनी ॥१३०॥

भ्रूणलाई तिमी मार त्यस्लाई म बचाउँछु ।
अकालमा मर्न त्यो त पाउँदैन कसै गरी ॥१३१॥

यस्तो भनी उनीलाई दिनुभो घोर श्राप नै ।
कृष्णको श्राप पाएर अश्वत्थामा हिँडीगए ॥१३२॥

फर्के पाण्डव ती सारा आफ्नो त्यो शिविरैतिर ।
दिई मणि द्रौपदीको रीस शान्त मरे अनि ॥१३३॥

द्रौपदीले पनि मणि राजालाई लगाउँदै ।
भनिन् यो ता हजूरैको शिरमा होस् सुशोभित ॥१३४॥

यसै अध्यायका साथ लडाईं त समाप्त भो ।
युद्धमा मारिएकाको अन्त्य कृत्य सबै भयो ॥१३५॥

राज्याभिषेकको लागि तयारी त हुँदै थियो ।
जेठा पाण्डवमा आयो वैराग्य घनघोरको ॥१३६॥

भन्न थाले उनी त्याहाँ कसका लागिमा गरुँ ।
राज्य यो जसका लागि थियो ती सब मारिए ॥१३७॥

आफ्नो नै स्वार्थका लागि मार्ने आफ्ना सबै जन ।
पापी ह्वौं भाइ हो ! हामी प्रायश्चित्त गरौं अब ॥१३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै वैराग्यले गर्दा मानेनन् जब दाजुले ।
सरे अर्जुन ती सामु दाजुलाई मनाउन ॥१३९॥

भीमसेन बढे सामु भाइले नसकेपछि ।
भाइ नै त थिए उस्तै भीमसेन उनी पनि ॥१४०॥

अर्तीले भाइका मान्ने कहाँ हुन्थे युधिष्ठिर ।
भीम थाकेपछि त्याहाँ पालैपालो गरीकन ॥१४१॥

आए नकुल औ कान्छा सहदेव दुवै अनि ।
थाकेपछि सबै भाइ कुन्ती नै सामुमा सरिन् ॥१४२॥

कुन्तीको पनि क्यै सीप नलागेपछि ता स्वयम् ।
कृष्ण नै अघि सर्नुभो सम्झाऊँ अब लौ भनी ॥१४३॥

थाक्नुभो श्री कृष्ण पनि नलागेर कुनै सिप ।
महर्षि व्यास नै आए त्यस्तै देवर्षि नारद ॥१४४॥

सबै थाकेपछि त्याहाँ कृष्णले जुक्ति झिक्नुभो ।
प्रस्ताव गर्नुभो जाने भीष्मकोमा सबै मिली ॥१४५॥

यो प्रस्ताव नमान्ने ता को पो हुन्थ्यो र लौ त्यहाँ ।
खुसीसाथ सबै भाइ भए तैयार जानमा ॥१४६॥

भीष्म ता शरशय्यामा युद्धमैदानमा थिए ।
पुगे त्यहीँ सबै भाइ कृष्णका साथमै भई ॥१४७॥

बसे पाण्डव टाढै नै अगाडि कृष्ण पाल्नुभो ।
कृष्णको त्यो दर्शनले भीष्म ज्यादै खुसी भए ॥१४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचै भाइ पाण्डव ती आएका छन् भनीकन ।
थाहा पाई कृष्णबाटै बोलाएर नजीकमा ॥१४९॥

राखी सबै भाइलाई दिए आशीष हर्षले ।
कृष्णले नै भन्नुभयो हाल पाण्डवको सबै ॥१५०॥

अर्ती दिए त्यसपछि भीष्मले राजधर्मको ।
दिई अनेक दृष्टान्त धेरै शास्त्र-पुराणको ॥१५१॥

ठूलो हो यो राजधर्म योभन्दा ता अरू कुनै ।
छैन यस्तो अरू धर्म लौ यो जान युधिष्ठिर ॥१५२॥

आफ्ना ती मनका शङ्का प्रष्ट पार्ने प्रयासमा ।
एक एक गरी सारा सोद्धथे ती युधिष्ठिर ॥१५३॥

मेटिए मनका शङ्का वैराग्य पनि मेटियो ।
ठानी ठूलो राजधर्म सबै नै घर फर्किए ॥१५४॥

राज्याभिषेकको काम जव सारा समाप्त भो ।
धर्मपूर्वकको राज्य अब पाण्डवको चल्यो ॥१५५॥

धेरै वर्ष गरी राज्य सबै नै पृथिवी जिती ।
यज्ञ-याग गरी नाना कमाएर निकै यश ॥१५६॥

नातिलाई दिई राज्य अन्तमा सब साधु भै ।
स्वर्गयात्रातिरै लागे द्रौपदी साथमा लिई ॥१५७॥

इति शुभम् !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक : श्रीभद्र शर्मा
कोटेश्वर-३५
सेती ओपी मार्ग-५७२ ।
जन्म मिति : वि.सं. १९८३, जेष्ठ २५ गते
शिक्षा : साहित्य शास्त्री, नेपाली एम. ए. ।

साहित्यिक कृतिहरू:

१. जयतु संस्कृतम् आन्दोलन-एक संस्मरण

२. मेरो मनाङ्ग यात्रा (यात्रा संस्मरण)

३. वी.पी. सँगका केही संस्मरण

४. विनोद उत्तरमाला (वुद्धि विनोदका प्रश्नोत्तर

५. दुर्गा शप्तसती चण्डी- नेपाली पद्यानुवाद
(सम्पादन, परिमार्जन र परिपूरण : मूल अनुवादक डिठ्ठा अंशुमाली उपाध्याय)

ISBN 99946-2235-8

Jayatu Sanskritam, Kathmandu, Nepal